चिन्दु श्रीधरण, इनर थोर्सन र निर्जना शर्मा




# विपद् पत्रकारिता

## नेपालमा सञ्चार उत्थानशीलता निर्माण

# विपद् पत्रकारिता

## नेपालमा सञ्चार उत्थानशीलता निर्माण

चिन्दु श्रीधरण, इनर थोर्सन र निर्जना शर्मा

**युनेस्को काठमाडौं**को सहकार्यमा
**वर्नमाउथ युनिभर्सिटी**

Bournemouth University

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu
Office

**विपद् पत्रकारिता :** नेपालमा सञ्चार उत्थानशीलता निर्माण

**चिन्दु श्रीधरण, इनर थोर्सन र निर्जना शर्मा**

**प्रथम पटक प्रकाशित २०१९,** द्वारा
युनेस्को काठमाडौँसँगको सहकार्यमा वर्नमाउथ युनिभर्सिटी

**वर्नमाउथ युनिभर्सिटी**
पोले, बेलायत बीएच१२ ५बीबी

**युनेस्को कार्यालय काठमाडौं**
सानेपा-२, ललितपुर, नेपाल
पोष्ट बक्स नम्बर : १४३९१

**विद्युतीयप्रतिका लागि:** http://aftershocknepal.com

**प्रकाशित प्रति वा अन्य जिज्ञासाको लागि सम्पर्क :**
**डा. चिन्दु श्रीधरण**
टेलिफोन :ं४४ (०) १२०२ ९५८८३८
ईमेल : csreedharan@bournemouth.ac.uk

**निर्जना शर्मा**
टेलिफोन :ं९७७ (१) ५५५४३९६ एक्सटेन्सन नम्बर : २९
ईमेल : ni.sharma@unesco.org

९७८-१-९१००४२-१९-९ (प्रकाशित सफ्टकपी)
९७८-१-९१००४२-२०-५ (ईबुक-पीडीएफ)
९७८-१-९१००४२-२१-२ (ईबुक-ईपब)

**बीआईसी विषय वर्गीकरण :** केएनटी/केएनटीजे/डीएनजे/आरएनआर/१एफकेएन

**विपद् पत्रकारिता :** नेपालमा सञ्चार उत्थानशीलता निर्माण सीसी-द्वारा ४.० चिन्दु श्रीधरण, इनर थोर्सन र निर्जना शर्मा

आवरण डिजाइन : **इनर थोर्सन**
अनुवाद : **विजय तिमल्सिना**

**आवरण तस्बिर :** सामुदायिक रेडियो प्रसारण महासंघ, नेपाल
अन्य तस्बिर सीसी- द्वारा ४.० योगदानकर्ता

**काठमाडौंमा मुद्रित, द्वारा**
अन्वेषण प्रा.लि.
सातदोबाटो

# विषयसूची


| **बिषयवस्तु** | **पेज** |
|---|---|
| प्राक्कथन | |
| परिचय | |
| भूकम्पपछि : विपद्पछिको समाजमा पत्रकारिताका चुनौतीहरु | ९ |
| विपद् व्यवस्थापनमा सञ्चारमाध्यमको भूमिका | ३५ |
| जलवायू परिवर्तन, प्रकोप, र मिडिया | ४७ |
| 'अहिले पनि, मिडियासँग उनीहरुको आपत्कालीन योजना छैन' | ५९ |
| सिफारिस र स्रोतहरु | ६७ |
| लेखकहरुको बारेमा | ७७ |

# प्राक्कथन

प्राकृतिक विपद्‌को उच्च जोखिममा रहेका विश्वका केही राष्ट्रहरु मध्ये नेपाल पनि एक हो किनभने नेपाल उच्च भुकम्पीय क्षेत्रमा पर्दछ । यसका साथै हरेक वर्षा याममा बाढी तथा पहिरो जस्ता विपद्‌हरु बारम्बार आइरहेका हुन्छन् ।

सन् २०१५ को महाविनाशकारी भुकम्पका कारण हजारौं मानिसको ज्यान गएको थियो भने हजारौं मानिस घरबारविहीन बनेका थिए र अरबौंको सम्पति क्षति भएको थियो । सन् २०१७ र २०१८ मा आएको बाढीले पनि देशको दक्षिणी भूभागमा ठूलो विनाश गरेको थियो । सन् २०१९ को मार्चमा अचानक तराइमा आएको आँधीका कारण बारा र पर्सामा २७ जनाको ज्यान गएको थियो भने ठूलो संख्यामा मानिसहरु घरबारविहीन भएका थिए । वर्षाका कारण उत्पन्न विपद् बाट यस वर्ष सन् २०१९ को अगष्ट अन्त्यसम्मका कम्तीमा पनि १३३ जनाले ज्यान गुमाएका छन् ।

विपद् ले सम्पुर्ण समुदायमा असर पार्दछ भने पत्रकार तथा मिडियालाई पनि प्रत्यक्ष तथा अप्रत्यक्ष असर पारेको हुन्छ । सुचना प्रवाह गर्नमा पत्रकार र मिडियाको महत्वपुर्ण भुमिका रहने भएको हुनाले उनीहरुलाई विपद् जोखिमको सामना गर्न सक्ने गरी उत्थानशील (resilient) बनाउन आवश्यक छ । विपद् का बारेमा मानवीय पक्षलाई ध्यानमा राख्दै सही समाचार संकलन गर्ने अभ्यास कलेज तथा विश्वविद्यालयको पत्रकारिता पाठ्यक्रममा समावेश गर्नु अति आवश्यक छ ।

विपद् का बारेमा राम्रोसँग बुझेका मिडियाले विपद् जोखिम न्युनीकरणका नीति साथै विपद् रोकथाम, न्यूनीकरण र प्रतिकार्यका रणनीति तयार पार्ने कार्यमा जनताको सहभागिता वृद्धि गर्दछन् । साथै, मिडियाहरुले पत्रकारहरुलाई विपद् का बेला कसरी समाचार संकलन गर्ने, कसरी आफू सुरक्षित रहने र कसरी आफ्ना सामानहरुको सुरक्षा गर्ने भन्ने सम्बन्धमा नियमित रुपमा तालिम दिनु पनि अत्यावश्यक छ ।

नेपाल जलवायु परिवर्तनका कारण उत्पन्न विपद् बाट अत्यन्त प्रभावित हुने राष्ट्रहरुमध्ये पनि एक हो । सम्भावित विपद् का असरहरुको सामना गर्नका लागि समुदायहरुलाई सुसूचित गर्नु पनि नेपाली मिडियाको जिम्मेवारी हो । युनस्कोले हालसालै निकालेको *“Getting the Message Across*" नामक पुस्तिकाले जलवायु परिवर्तनबारे बुझ्न तथा जलवायु परिवर्तनबारेका समाचार संकलन गर्ने प्रक्रियामा सहयोग पुर्‍याउन सक्छ ।

त्यस्तै गरी अहिले प्रकाशनमा आएको पुस्तक "*Building Media Resilience in Nepal*" मा विपद्‌का बेला कसरी समाचार संकलन गर्ने, यस सम्बन्धमा हालसम्म के के पाठहरु सिकिएका छन् र आगामी दिनमा आउनसक्ने विपद् का लागि मिडियाले आफूलाई कसरी तयारी अवस्थामा राख्न सक्छन् भन्ने विषयहरु समावेश गरिएका छन् । बर्नमाउथ विश्वविद्यालय र युनेस्को काठमाडौंले नेपालमा पत्रकारिता शिक्षालाई सहयोग पुर्‍याउन प्रकाशित गरेको यो दोस्रो पुस्तक हो । शिक्षा क्षेत्रमा काम गर्ने प्राज्ञ, पत्रकार, पत्रकारिताका विद्यार्थी तथा विपद् जोखिम न्युनीकरणका क्षेत्रमा चासो राख्ने र यस बारेमा लेख्न चाहने सबैका लागि यो पुस्तक उपयोगी सावित् हुनेछ भन्ने मलाई विश्वास छ ।

**क्रिश्चियन म्यानहार्ट**
नेपालका लागि युनेस्को प्रतिनिधि



# परिचय

जब विपद् हुन्छ, पत्रकारिताले जीवन बचाउन सक्छ ।

विपद्को बेला प्रभावित समुदायलाई जानकारी आवश्यक पर्छ । के भयो ? अब के आशा गर्ने ? सुरक्षित स्थान कहाँ छ ? कसलाई सम्पर्क गर्ने ? के गर्ने ? के नगर्ने ?

धेरै प्रश्नहरु हुन्छन्, जसको उत्तर मानिसहरूलाई आवश्यक हुन्छ, समयमै प्रवाह गरिएको जानकारी जीवन बचाउन, आघात कम गर्न, सहज रूपमा राहत वितरण गर्न तथा पुनर्बासको काम गर्न महत्वपूर्ण हुन्छन् । विपद् अघि, हुँदा र पछि पनि सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था र नागरिक समाजबीच सम्बन्ध बढाउन पनि राम्रो सञ्चार आवश्यक हुन्छ । यी सबैका लागि सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेल्छन् ।

यसैकारण नेपालमा विपद् पत्रकारिताको महत्वलाई कम आँक्न मिल्दैन । विश्वकै सबैभन्दा बढी प्रकोप-प्रवण क्षेत्रमा अवस्थित मुलुक विशेषगरी प्रकोपका हिसाबले संवेदनशील छ । सन् २०१५ को भूकम्पले देखाएजस्तो यो कमजोर तयारीको अवस्थामा पनि छ ।

भविष्यका घटनाबाट हुने प्रभाव कम गर्न पनि सञ्चारकर्मीको विपद् पूर्वतयारी बढाउनु एकदमै महत्वपूर्ण छ ।

युनेस्को काठमाडौं र बेलायतस्थित वर्नमाउथ युनिभर्सिटीको सहकार्यमा प्रकाशित यो पुस्तक सोही उद्देश्यलाई आत्मसात गरी लेखिएको हो । नेपालमा विपद् सञ्चार परिदृश्य सुदृढीकरण गर्ने बृहद् परियोजनाबाट आएको यो कामले पत्रकार, सञ्चार शिक्षक र सञ्चार गृहलाई लागू गर्न सकिने ज्ञान र व्यावहारिक समाधान प्रस्तुत गर्न खोजेको छ । नेपाली पत्रकार र सञ्चारकका अन्तर क्षेत्रमा पुग्ने उद्देश्यसहित यो पुस्तक द्विभाषिक छ ।

पहिलो अध्याय, भूकम्पपछि : *विपद्पछिको समाजमा पत्रकारिताका चुनौतीहरु,* भूकम्पलगत्तै हामीले गरेको अध्ययनबाट ल्याइएको हो । पत्रकार र मिडियाकर्मीसँगको अर्ध-संरचनात्मक अन्तर्वार्तामा आधारित यो अध्यायले नेपालमा विपद्पछिको पत्रकारिताको आवश्यकता बुझ्न राष्ट्रिय र स्थानीय समाचार संस्थाले सन् २०१५ को भूकम्पको सन्दर्भमा सामना गरेको मुख्य मुद्दाहरु समावेश गरिएका छन् ।

दोस्रो अध्याय, *समाचार माध्यम : अघि, त्यो बेला र पछि* विपद् पूर्वतयारीमा केन्द्रित छ । प्राथमिक रूपमा पत्रकारिताको दिशामा रहेका (भविष्यका पत्रकारहरु) लक्षित यसले विपद्को विभिन्न चरणमा पत्रकारले खेल्ने भूमिकाको रूपरेखाका साथै संवाददाता तथा सम्पादकले जोखिम न्यूनीकरण र सुदृढ सञ्चारका लागि गर्न सक्ने अनुकूलनको लागि 'कार्य बुँदा' सूचीकृत गरेको छ ।

तेस्रो अध्यायमा, बढी रणनीतिक जलवायु परिवर्तनमा ध्यान केन्द्रित गराइएको छ । युनेस्कोको पछिल्लो हातेपुस्तक, गेटिङ दि म्यासेज एक्रोस' (*Getting the Message Across*) बाट अंगीकार गरिएको यो अध्यायले अपरिचितहरूलाई किन जलवायु परिवर्तनमा चासो हुनुपर्छ र यसको प्रभाव न्यूनीकरणका लागि पत्रकारिताले के गर्न सक्छ भन्ने महत्वपूर्ण विषयको जानकारी दिन्छ ।

चौथो अध्यायले तीन प्रमुख सरोकारवालाको अन्तर्वार्तामार्फत वर्तमान नेपालको विपद् पूर्वतयारीको अवस्था झल्काउँछ । भूकम्पको चार वर्षपछि एक पत्रकार, पत्रकारिताका एक शिक्षक र नेपाल पत्रकार महासंघका अध्यक्षले आफ्नो सम्बन्धित क्षेत्रमा भएको परिवर्तनबारे बोल्नुका साथै थप के गर्नुपर्छ भनेर मूल्यांकन गरेका छन् ।

अन्तिम अध्यायमा विपद् उत्थानशीलता सुधारका लागि सुझावको रूपरेखा कोरिएको छ । पत्रकारको भौतिक सुरक्षाको सुनिश्चितता गर्नेबाहेक सञ्चार संस्थाले विपद्पछिको प्रभावकारी समाचार रणनीति पहिल्यै तयारी अवस्थामा राख्नुपर्नेमा हामीले जोड दिएका छौं । यसका लागि यो अध्यायमा विपद् पत्रकारितामा प्रयोग गर्न सकिने प्रमुख स्रोतहरु पनि उपलब्ध गराइएको छ ।

**चिन्दु श्रीधरण, इनर थोर्सन र निर्जना शर्मा**

सेप्टेम्बर २०१९

अध्याय १

# भूकम्पपछि : विपद्पछिको समाजमा पत्रकारिताका चुनौतीहरू

सन् २०१५ को भूकम्पपछि नेपालको विपद् पूर्वतयारी माथिको उठाइने प्रश्न पुनर्जीवित भएको छ । उक्त भूकम्पले पुऱ्याएको चोट अहिले पनि निको हुने क्रममा छ । नेपालमा आगलागी, पहिरो, बाढी र महामारी गरी बर्सेनि करिब पाँच सयवटा विपद् भइरहन्छन् ।[1] ठूलो संख्यामा विपद् भइरहने भए पनि यस्ता विपद्हरू परम्परागत रूपमा मात्रै व्यवस्थापन भइरहेका छन्, जब हुन्छ तब मात्रै उपस्थिति जनाइन्छ । (१) प्राकृतिक विपद् (राहत) ऐन (१९८२), विपद् पूर्वतयारी सञ्जाल नेपाल (१९९६) को स्थापना, र विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति (२००९) जारी र राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा (२०१३) देशमा नीति निर्माणको माध्यमबाट संकट व्यवस्थापन गर्ने चरणहरू थिए । तर, सन् २०१५ को भूकम्पको सन्दर्भमा नेपालको विपद् प्रतिकार्य कमजोर देखियो । संकट व्यवस्थापनका लागि नीतिहरू तयारी अवस्थामा भए तापनि 'कार्यढाँचाले जे प्रतिबद्धता उल्लेख गरेको थियो, त्यो पूरा हुन सकेन', यो 'संरचना' र 'प्रतिकार्य क्षमता' का हिसाबले सीमित थियो ।[2]

## नेपालमा भूकम्प

नेपाल भूकम्प जोखिमका हिसाबले विश्वकै ११ औं स्थानमा पर्छ ।[3] नेपालमा शताब्दीऔंदेखि भूकम्पले अवरोध सिर्जना गरेका इतिहास छ । यो क्षेत्रमा पहिलो प्रमुख भूकम्प सन् १२५५ मा गएको थियो । त्यसयता नेपालमा ८.२ रेक्टर स्केलभन्दा ठूला १२ वटा भूकम्पहरू गएको देखिन्छ, जसका कारण दसौं हजार मानिस मारिएका छन् भने लाखौं मानिस विस्थापित भएका छन् । सन् १९३४ मा नेपाल र भारतमा गएको भूकम्पमा मात्रै ८ हजार मानिस मारिएका थिए ।[4] तुलनात्मक रूपमा कम शक्तिशाली मानिएका सन् १९८०, १९८८ र २०११ को भूकम्प गरी ८ सय ४९ जनाको मृत्यु भएको थियो भने ६ हजार ९ सय ६५ मानिस घाइते भएका थिए तथा ९२ हजार ४ सय १४ भन्दा बढी भवनमा क्षति पुगेको अनुमान छ ।[5]

1 UNDP Global Assessment of Risk: Nepal Country Report,http://www.undp.org/content/dam/nepal/docs/reports/UNDP_NP_Nepal%20Country%20Report.pdf

2 Sapkota, S N, Bollinger, L and Perrier F (2016), Fatality rates of the M w ~8.2, 1934, Bihar–Nepal earthquake and comparison with the April 2015 Gorkha earthquake. Earth, Planets and Space (2016) 68:40

3 See EERI Earthquake Reconnaissance Team Report: M7.8 Gorkha, Nepal Earthquake on April 25, 2015 and its Aftershock for a breakdown

4 Post-Disaster Needs Assessment, https://www.nepalhousingreconstruction.org/sites/nuh/files/2017-03/PDNA%20Volume%20A%20Final.pdf

5 UNDP report Rapid earthquake recovery in Nepal, http://www.np.undp.org/content/dam/nepal/docs/reports/2017_reports/Rapid%20Earthquake%20Recovery%20in%20Nepal%20-%20Final%20Report.pdf

२५ अप्रिल २०१५ को दिन १२ बज्न ४ मिनेटअघि आएको ७.८ रेक्टर स्केलको भूकम्प यो क्षेत्रमा आउने विपद्को पछिल्लो शृंखला थियो । यसले नेपालका ७५ मध्ये ३१ जिल्लाका ८१ लाख मानिसलाई प्रभावित बनायो । भूकम्पको १७ दिनपछि आएको अर्को परकम्पनको कारणले भूकम्पमा ८ हजार ७ सय ९४ मानिसको ज्यान गयो भने २२ हजार ३ सय मानिस घाइते भए ।[६] भूकम्पले करिब ५ लाख घरहरु भत्किए र अन्य २ लाख ८८ हजार २ सय ५५ घरमा आंशिक रुपमा क्षतिपुग्यो[७], जसका कारण सयौं हजार मानिसहरु घरबारविहीन बने र हिउँदमा समेत अस्थायी टहरामा बस्न बाध्य भए । भूकम्पका कारण करिब ७ अर्ब डलरको आर्थिक क्षति भएको अनुमान छ, जुन नेपालको कुल अर्थतन्त्रको एक तिहाइभन्दा बढी हो ।

सन् २०१५ यता नेपालको राष्ट्रिय विपद् पूर्वतयारीमा विभिन्न अर्थपूर्ण परिवर्तन भएका छन् । नयाँ रणनीति र नीतिहरु आएका छन्, जसमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन (२०१७) कानुनी कोसेढुंगा हो । यो ऐनले दशकौं पुरानो राष्ट्रिय विपद् (राहत) ऐन १९८२ लाई विस्थापित गरेको छ । तर, उत्थानशीलताको सुधार, सुदृढ रणनीति र सञ्चालन प्रक्रिया स्थापना तथा विपद् पूर्वतयारी र प्रभाव न्यूनीकरण दुवैका लागि संरचना भने सीमित छन् र विपद्पछि नेपाली सञ्चार माध्यमका पत्रकारले सामना गरेका चुनौतिहरु, भविष्यका लागि समाचार माध्यमको सुदृढ पूर्वतयारी निर्माणको लागि ध्यान दिइएको छ ।

## नेपालमा समाचार संस्था

नेपालको सञ्चार परिदृश्य धेरै संख्यामा रहेका रेडियो स्टेसनहरुले प्रतिविम्बित गर्छ । देशैभरि छरिएका र विशेगारी ग्रामीण जनसंख्यालाई सेवा दिइरहेका यी स्टेसनहरुले विविध भाषामा प्रसारण गर्छन् र रेडियोले प्रसारण गर्ने भाषा अन्य सबै माध्यमको भन्दा बढी हो । सन् २०११ को जनगणनाअनुसार नेपालमा १ सय २३ भाषाहरु बोलिन्छन् । सञ्चार माध्यमहरु विशेषतः काठमाडौंमा केन्द्रित छन् र 'कठिन भौगोलिक परिस्थिति, पाठक र प्रकाशक दुवैका लागि महँगो लागत र जनसंख्याको ६० प्रतिशत मात्रै प्रौढ साक्षरता रहेकाले'[८] छापा माध्यमको वितरण कम छ । पछिल्ला वर्षमा टेलिभिजन, डिजिटल तथा सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यममा नाटकीय वृद्धि भएको छ तर देशैभरि ग्रामीण क्षेत्रमा रेडियोको पहुँच निकै बढी छ । दैनिक रुपमा प्रकाशित हुने १ सय ९ दैनिक पत्रिका र १ सय १७ वटा टेलिभिजन च्यानलको तुलनामा बहुसंख्यक ग्रामीण स्रोतालाई लक्षित गरिएका ७ सय ३६ वटा एफएम रेडियो प्रसारक छन्, जसमध्ये ३ सय १४ वटा सामुदायिक हुन् । यो संख्याका आधारमा कुल जनसंख्याको करिब ९८ प्रतिशत जनसंख्याको रेडियोमा पहुँच छ (जसमध्ये धेरैले मोबाइल फोनमार्फत रेडियो सुन्ने गर्छन्) ।

6 See Media landscapes: Nepal, https://medialandscapes.org/country/nepal
7 Media landscapes: Nepal, https://medialandscapes.org/country/nepal
8 See UNESCO report, Assessment of Media Development in Nepal,http://unesdoc.unesco.org/images/0022/002254/225486e.pdf

फरकफरक माध्यमका मिडियाले नेपालमा सञ्चार प्रणालीको व्यापकताको संकेत दिन्छ (यहाँ बुझ्नुपर्ने कुरा, दक्षिण एसियाका अन्य देशहरूको अभ्यास विपरीत नेपालका रेडियो स्टेसनहरूले समाचार र समाचारमा आधारित कार्यक्रमहरू प्रसारण गर्न पाउँछन्), तर देशमा रहेका व्यावसायिक सञ्चारगृहको आयु भने छोटा रहे । सन् १९९९ मा प्रजातन्त्र स्थापना नहुन्जेल र त्यसपछि व्यावसायिक सञ्चारगृह फस्टाउँदा पनि पत्रकारिता नेपालमा 'जोखिमययुक्त' पेसा[९] मानिन्थ्यो । विभिन्न तालिम, स्रोत र अन्य विकास चुनौतीहरूको सामना गर्दै यो पेसा अहिले पनि नेपालमा विकासोन्मुख नै छ[१०] ।

यो सन्दर्भमा हामी नेपाली पत्रकारहरूको विपद् प्रतिकार्य र अनुभव खोजिरहेका छौं । यसका लागि हामी समाचार संस्थामा प्राकृतिक विपद्को प्रभाव संकलन गर्ने एक छात्रवृत्तिबाट निर्देशित भएका थियौं । यसले विनाशकारी घटनाले कसरी समाचार अभ्यासको तालिका प्रभावित पार्छ[११] र पीडित तथा पत्रकारको दुई थरी भूमिकामा उनीहरूले भोग्ने चुनौतीको विवरण राख्छ[१२] । हाम्रो प्रमुख उद्देश्य नेपालमा भूकम्पपछि र भूकम्पपछिको पुनरूत्थान अवधिमा पत्रकारहरूले भोगेको चुनौतीको नक्सांकन गर्नु हो न कि भूकम्पलगत्तैको । पत्रकारहरूले आफ्नो चुनौतीहरू कसरी पन्छाए ? भूकम्पपछि रिपोर्टिङ गर्दा उनीहरूले कत्तिको सुरक्षित महसुल गरे ? नेपालमा विपद्पछिको पत्रकारिताका लागि कस्तो सुधारको खाँचो छ ?

## अध्ययनको क्षेत्र

४६ जना पत्रकार, सम्पादक र भूकम्पपछि समाचार संकलनमा भूमिका निभाएका राजनीतिज्ञ, सरकारी कर्मचारी गरी अन्य अधिकारी, गैरसरकारी संस्थाका कर्मचारी र समुदायका अगुवाहरूसँग गरिएको अर्ध-संरचनात्मक गहन अन्तर्वार्तामा यो अध्ययन आधारित छ । अन्तर्वार्ता दिनेहरू काठमाडौं र पाटनजस्ता सहरी क्षेत्रका साथै भूकम्पबाट प्रभावित सिन्धुपाल्चोक, नुवाकोट र गोर्खा जिल्लाका हुन् । अन्तर्वार्ता गरिएकामध्ये तीन चौथाइ पत्रकार र सम्पादकहरू रेडियो वा पत्रिकामा कार्यरत हुन् भने बाँकी टेलिभिजन, समाचार वेबसाइट वा समाचार सेवा दिने संस्था (वायर सर्भिस) मा कार्यरत हुन् । हामीले म्याक्सक्विडिए प्रयोगबाट आगमनात्मक (कन्टक्टिभ) विधिमार्फत अन्तर्वार्ताको पाण्डुलिपि विश्लेषण गरेका थियौं । यो अध्ययनमा १ सय ५० जना भूकम्प अनुभव गरेका व्यक्तिहरू (पत्रकारसहित) को जानकारी पनि समावेश गरिएको छ, जुन विपद्पछिको पत्रकारिता परियोजना (Aftershock Nepal: www.aftershocknepal.com) का लागि लिइएको थियो । हामी हाम्रो विश्लेषणमा परियोजनामा सहभागीले प्रतिविम्बित गरेका विषय पनि समावेश गर्छौं ।

9 Mathews, J (2017), The role of a local newspaper after disaster: an intrinsic case study of Ishinomaki, Japan. Asian Journal of Communication, 27 (5), 464-479

10 Usher, N (2009), Recovery from disaster: How journalists at the New Orleans Times-Picayune understand the role of a post-Katrina newspaper. Journalism Practice, 3, 216–232

11 Mathews, J (2017), The role of a local newspaper after disaster: an intrinsic case study of Ishinomaki, Japan. Asian Journal of Communication, 27 (5), 464-479

12 Usher, N (2009), Recovery from disaster: How journalists at the New Orleans Times-Picayune understand the role of a post-Katrina newspaper. Journalism Practice, 3, 216–232

## प्रमुख तथ्यहरू

नेपाल समाचार गृहहरू- प्रिन्ट, टेलिभिजन र रेडियो च्यानलहरू उस्तैगरी- भूकम्पको पूर्वतारीमा कमजोर थिए । पत्रकारहरूले आफैं प्रभावित भएको विपद्को सामुन्ने ठूलो उत्थानशीलता देखाए, उनीहरूको समाचार संकलन विभिन्न चुनौतीबाट प्रभावित बनेको थियो विशेषगरी प्रतिकार्यको अवस्थामा । नेपाली पत्रकारहरूले भोगेको मुख्य चुनौतीहरूलाई हामीले तीन भागमा विभाजित गरेका छौं : पत्रकारिता अभ्यास, पत्रकारिता रणनीति र पत्रकारिताको पहिचान ।

## पत्रकारिता अभ्यासका मुद्दाहरू

सञ्चार पूर्वाधारमा भूकम्पले पुऱ्याएको क्षति ठूलो थियो । पूर्वाधार र सार्वजनिक सुविधामा पुगेको क्षतिले समाचार संकलन तथा प्रकाशन, संश्लेषण गर्ने काम त्यो बेलामा असम्भवजस्तै थियो । विशेषगरी भूकम्पलगत्तैका दिनमा यस्तो अवस्था देखिएको थियो । सम्पादक र पत्रकारहरूले समाचार कक्षमा पुगेको क्षति, सञ्चार पूर्वाधारमा भएको अवरोध साथै सडकमा भएको अवरोध तथा इन्धन अभावको कारण समाचार संकलनमा भएको अवरोधका विषयमा अनुभव राखेका छन् ।

### समाचार कक्षमा क्षति

अन्तर्वार्ता दिनेमध्ये केहीले उनीहरूको समाचार कक्षमा पूर्ण वा आंशिक रूपमा क्षति पुगेको बताएका छन् ।

काठमाडौंको एक पत्रिकामा कार्यरत पत्रकारले भने :

> 'हामीसँग कार्यालय थिएन । हाम्रो भवनमा क्षति पुगेको थियो र अस्थायी कार्यकक्ष बनाएका थियौं । हामीसँग पर्याप्त कम्प्युटर र इन्टरनेट पनि थिएन । धेरै प्राविधिक समस्या भोग्यौं । धेरै वर्षदेखि काठमाडौंमा ठूलो भूकम्प आउने अड्कलबाजी थियो तर जुन खालको भूकम्प आयो त्यसले हामी सबैलाई चकित पाऱ्यो ।'

पत्रिकामा काम गर्ने गोरखाका अर्का पत्रकारले बरोबर आएको परकम्प र आफ्नो कार्यालयमा पुगेको क्षतिका कारण कसरी उनले काममा असुरक्षित महसुल गरे भन्ने बारेमा बताए । यो अनुभव काठमाडौंको पत्रिकामा काम गर्ने पत्रकारको अनुभव जस्तै थियो, जसले भनेका थिए, 'हाम्रो समाचार कक्ष रहेको भवन भत्कियो र हामीलाई कहाँ काम गर्ने थाहा थिएन ।'

यहाँ पत्रकारहरू काम गर्ने ठाउँ खोज्न बाध्य भएका थिए । काठमाडौंका एक पत्रकारले कसरी उनी र उनको साथीले प्रिन्टिङ प्रेसमा बसेर समाचार लेखेका थिए भनेर बताएका छन् :

'हाम्रो प्रकाशक र सम्पादक काठमाडौं बाहिर थिए, हाम्रा दोस्रो वरीयताका सम्पादकले कार्यालयका सामान प्रिन्टिङ प्रेस भएको स्थानमा लैजाने व्यवस्था मिलाए । हामीले त्यहीं बसेर क्षतिबारे प्रारम्भिक समाचार लेख्यौं ।'

गोरखाका पत्रकार जस्तै अरूले पनि घुमन्ते जसरी काम गरे :
'मैले अधिकांश समय होटललगायत सार्वजनिक स्थानमा काम गरें । धेरैजसो समय गोरखा होटलको बगैंचामा बसें, जहाँ खचाखच भीड हुन्थ्यो । तर, मलाई खुला ठाउँबाहेक अन्यत्र सुरक्षित अनुभूति हुँदैनथ्यो ।'

काठमाडौंका एकजना रेडियो पत्रकारले समाचार कक्षमा क्षति पुग्दा उनी र उनका सहकर्मीहरु कसरी कयौं दिनसम्म प्रसारण गर्नबाट वञ्चित भए भनेर अनुभव सुनाएका छन् :

'भूकम्पको करिब एक हप्तापछि भत्किएको कार्यालयबाट हामीले आफ्ना उपकरणहरु लियौं । हामीले टेन्ट किन्यौं र त्यहीँबाट रेडियो प्रसारण गर्‍यौं ।'

## सञ्चार पूर्वाधारमा आंशिक क्षति

हामीले अन्तर्वार्ता लिएकामध्ये अधिकांश सम्पादकले सञ्चार पूर्वाधारमा पुगेको क्षतिका कारण भोग्नुपरेको समस्याका बारेमा बताए । पूर्वाधारमा क्षति पुग्दा उनीहरूले फोनबाट आफ्ना सहकर्मी वा स्रोतसँग कुरा गर्न पाएनन् र सञ्चार गर्न वा प्रकाशन गर्न इन्टरनेटको प्रयोग गर्न पाएनन् । जोसँग फोन थियो उनीहरूले पनि फोन नेटवर्क व्यस्त भएका कारण विविध समस्या भोगेका थिए र भन्छन् उनीहरु ढिला पुग्ने म्यासेजमा भर पर्नुपरेको थियो ।

क्षेत्रीय तहमा सञ्चार समस्या अझ भयावह थियो, जहाँ अन्तर्वार्तामा सहभागी केहीले भूकम्पको ७ दिनसम्म विद्युत् र रेडियो नभएको बताए । राजधानीमा कार्यरतहरूले भने भूकम्पको केही घण्टामै मोबाइल सेवा सुचारू भए पनि विद्युत् भने तीन दिनसम्म अवरूद्ध भएको अनुभव सुनाए ।

यो अवस्थामा रेडियो नेपालसहित केही रेडियो च्यानल सञ्चारका महत्वपूर्ण स्रोत थिए । पाटनस्थित एक म्यागेजिनका सम्पादकका अनुसार भूकम्पको एक साता जतिपछि सामाजिक सञ्जाल पनि आधिकारिक जानकारीको लागि भरपर्दो स्रोत बनेका थिए :

'नेपाल प्रहरी र नेपाली सेनासहित केही सरकारी निकायको ट्वीटर र फेसबुक एकाउन्ट थियो । तर भूकम्पको गएको एक सातासम्म सरकार, सञ्चारमाध्यम सबै अव्यवस्थित बनेका थिए ।'

जेनेरेटर र ब्याट्री ब्याकअपको अभावमा सञ्चारकर्मीले भोगेको सञ्चार समस्यालाई झन् बढावा दियो । विद्युत् अभाव हुँदा पत्रकारले मोबाइल फोन, कम्प्युटर र अन्य डिजिटल उपकरणहरु चार्ज गर्न पाएका थिएनन् । केही पत्रकारले घरमा ब्याकअप जेनेरेटर भएका साथीहरूबाट विद्युत् र इन्टरनेट 'सापटी' लिएको बारेमा बताएका थिए । काठमाडौंस्थित एक म्यागेजिनका सहायक सम्पादकले भने :

> 'पहिलो दिनदेखि नै म साथीको घरमा गएँ । जेनेरेटर र इन्टरनेटले काम गरिरहेकाले मैले आफ्नो सामान लगेर त्यहीँ राखेको थिएँ ।'

## यातायात सञ्जालमा क्षति र अवरोध

सडकमा पुगेको क्षति र अवरोध, सार्वजनिक यातायातको अभाव र इन्धन अभावले पत्रकारहरूलाई प्रभावित क्षेत्रमा जान वा कार्यालय जान पनि समस्या परेको थियो । अन्तर्वार्तामा सहभागी धेरैले सवारीका रूपमा मोटरसाइकल वा स्कुटर प्रयोग गर्ने बताए पनि प्रभावित क्षेत्रमा जान र कार्यालय जानका लागि समस्या परेको विषयमा भने सबैको एकमत थियो । काठमाडौंस्थित एक रेडियो सम्पादकले कसरी आफ्नो 'छिमेकरीको घर भत्कियो र सडक पूर्ण रूपमा बन्द भयो' भन्ने विषयमा बताए, 'मैले असहायजस्तो अनुभूति गरें ।'

यातायात पूर्वाधारमा भएको क्षतिले पत्रकारलाई बढी प्रभावित क्षेत्र ग्रामीण क्षेत्रमा जान पनि ढिलो गरायो । भूकम्पपछि विभिन्न जिल्लामा भ्रमण गरेका काठमाडौंका पत्रकारहरूले भूकम्पको केही दिन वा सातापछि मात्रै अन्य ठाउँको भ्रमणमा जान सकेको बारेमा बताए । काठमाडौंमा बसेर पत्रिकाका लागि काम गर्ने एक पत्रकारले प्रभावित जिल्लामा पुग्ने पहुँच नहुँदा व्यावहारिक समस्याका कारण काठमाडौंस्थित पत्रिकाले प्रभावित जिल्लाको आवाज बाहिर ल्याउन नसकेको बारे बताए :

'विभिन्न जिल्लामा पुग्न निकै गाह्रो थियो । हो, हामी काठमाडौंमा बस्छौं र मलाई लाग्छ हामीले वास्तविक स्थानमा पुगेर गरिने रिपोर्टिङमा न्याय गर्न सकेनौं ।'

पाटनस्थित म्यागेजिनका सम्पादकले यसलाई यसरी वर्णन गरे :
'भूकम्पको पहिलो सातामा सबै पत्रकार र सञ्चारगृहले भूकम्पका कारण काठमाडौंमा पुगेको क्षतिबारे केन्द्रित भएर रिपोर्टिङ गरे । तीन-चार दिनसम्म त हामीलाई सिन्धुपाल्चोक भूकम्पका कारण सबैभन्दा बढी प्रभावित जिल्ला हो भन्ने पनि थाहा थिएन । मलाई लाग्छ, भूकम्पको तेस्रो सातामा हामीले सिन्धुपाल्चोकको स्टोरीलाई पहिलो पृष्ठमा स्थान दियौं ।'

## भौतिक जोखिम र विपद्-रिपोर्टिङबारे पूर्वतयारीको अभाव

धेरै पत्रकारहरूले भवन ढल्ने र परकम्पनको कारण भय पैदा भएको बताए । उक्त बेलामा विशेषगरी फेरि ठूलो भूकम्प आउने हल्ला फैलिएको थियो, जसका कारण उनीहरू भूकम्पबाट अति प्रभावित दुर्गम स्थानमा जान अनिच्छुक थिए । अन्तर्वार्तामा सहभागी केहीले लुटपाटजस्ता सुरक्षाको जोखिमको विषय पनि उठाए । नुवाकोट क्षेत्रका एक एनजीओकर्मीले आफ्नो अनुभव यसरी बताए :

> 'के भइरहेको हो भन्नेबारे हामीलाई जानकारी थिएन । अब झन् ठूलो भूकम्प आउँछ भनेर धेरै मानिसले भनिरहेका थिए र यसको कारण हल्ला फैलिएको थियो । मानिसहरू भूकम्पका कारण भयभीत, तनावग्रस्त र दिक्दार देखिन्थे तर पनि धेरै लुटपाटका घटनाहरू भए । सुरक्षाका धेरै विषयहरू थिए ।'

अन्तर्वार्तामा सहभागीहरूले उनीहरू अस्थायी बासस्थान, खाना र अन्य सरसफाइसम्बन्धी सामानको विषयमा थप चिन्तित बनेको पनि बताए । काठमाडौंस्थित एक म्यागेजिनका सम्पादकले आफूलाई दुर्गम गाउँमा जान लागेको डर बारेमा बताए :

> 'बस्नका लागि ठाउँ नहुन सक्छ, जाडो हुन्छ, पानी पर्न सक्छ र विद्युत् पनि नहुन सक्छ । इन्धन र अनि शौचालयको विषयमा पनि सोच्नुपर्छ । दैनिक जीवनमा चाहिने यी आवश्यकताहरू विपद्को बेलामा अभाव हुन्छन् र रातको समयमा झन् गाह्रो अनुभूति हुन्छ ।'

रिपोर्टिङका लागि काठमाडौं बाहिर गएका पत्रकारहरूले अभावको अनुभूति गरेको बताए । अन्तर्वार्तामा सहभागी केही पत्रकारले रिपोर्टिङका लागि जाँदा के पूर्वतयारी गर्नुपर्ने हो भन्ने विषयमा पनि थाहा नपाएको बताए । समाचारको क्षेत्र परिवर्तन हुँदा कमजोर पूर्वतयारीको तथ्यबाट यो अनुभव आएको हो । काठमाडौंस्थित एक अंग्रेजी म्यागेजिनका सम्पादकले यसबारे कुरा गरे :

> 'म सिन्धुपाल्चोक गएको थिएँ र म योजनाबद्ध थिइनँ । म त्यहाँ केही दिन बसेर विपद् बारे रिपोर्टिङ गर्न चाहन्थे तर त्यहाँ पानीसमेत नभएको कुरा मलाई महसुस भएन । साँझ ६ बजेतिर हामीले खानेपानी खोज्न थाल्यौं । मानिसहरू खोलाको किनारमा टेन्टमा बसेका थिए र त्यहाँ आवश्यक केही चिज थिएन । हामीसँग स्लिपिङ ब्याग पनि थिएन । सोहीकारण म मध्यरातमै काठमाडौं फर्किएँ । सडकको अवस्था ज्यादै खराब थियो, फर्किंदा म धेरै ठाउँमा लडे । सडकभरि पहिरो गएको थियो । धन्न त्यो दिन पानी परेको थिएन ।'

काठमाडौंका अर्का एक स्वतन्त्र पत्रकारले कसरी पत्रकारमा सम्पादकीय मार्गदर्शनको अभाव छ भन्नेबारे बताए :

'अधिकांश पत्रकारले त्यो समयमा योजनाबद्ध ढंगले काम गरेनन् । हामी दुर्गमको कुन ठाउँसम्म पुग्न सक्छौं भन्ने कुनै भेउ थिएन । हामी दुर्गम स्थानतिर गएका थियौं तर हामीसँग ठोस योजना र रिपोर्टिङको विषय थिएन ।'

## पत्रकारिता अभ्यासमा प्रभाव

माथि उठान गरिएको विषयले पत्रकारहरूलाई तनावको अवस्था सिर्जना गर्दै समाचार उत्पादन र संकलनमा अवरोध सिर्जना गऱ्यो । भूकम्पपछि नेपाली सञ्चार माध्यमले उत्पादन गर्ने समाचार कभरेजलाई प्रभावित पाऱ्यो ।

समाचार कक्षमा क्षति, स्थापित प्रक्रिया र सञ्चारको साधनमा अवरोधसहित माथि उठान गरिएको समस्याहरूले सबैभन्दा महत्वपूर्ण समयमा नै समाचार उत्पादन तथा पत्रकारको उत्साहमा प्रभाव पाऱ्यो । काठमाडौंस्थित एक पत्रिकाका पत्रकारले त्यो समयलाई यसरी सम्झिए :

'समाचार कक्षबाट अस्थायी संरचनामा सरेको कारण हामीसँग सीमित कम्प्युटर मात्रै थिए । त्यसैले केहीले समाचार लेख्न पालो कुर्दै बस्नुपर्थ्यो । पत्रकारले समाचार लेखेर सकेपछि समाचार सम्पादक बस्थे र त्यसपछि डिजाइनरको पालो आउँथ्यो । साह्रै गाह्रो अवस्था थियो ।'

अन्य पत्रकारहरूजस्तै उनले पनि त्यो अवस्थामा काम गर्दाको तनावबारे पनि बताए :

'त्यस्तो अवस्थामा तपाईं कसरी लेख्न सक्नुहुन्छ ? पालो कुर्दाकुर्दै तपाईंको समय बितेको हुन्छ, त्यतिबेलै तपाईंलाई घर जाने चिन्ता हुन्छ किनकि गाडी पाउने अवस्था थिएन ।'

सीमित फोन सुविधा, यातायात पूर्वाधारमा पुगेको व्यापक क्षति, अपर्याप्त स्रोत साधन तथा विपद् रिपोर्टिङ र विपद्को बेलामा सुरक्षित रहने तालिमको अभावमा धेरै पत्रकारहरूले रिपोर्टिङ जिम्मेवारी लिनसमेत अवरोध पुगेको अनुभूति गरे । भूकम्पबाट सबैभन्दा बढी प्रभावित जिल्ला सिन्धुपाल्चोकका एक स्वतन्त्र पत्रकारले त्यो अवस्थालाई यसरी सम्झिए :

'सबै घरहरू भत्किएका थिए । खानेकुरा थिएन, सबैतिर मानिसहरू समस्यामा थिए । त्यस्तो अवस्थामा यातायात र केही सूचनाहरू थिएन, फोनले काम गरेको थिएन । समाचार संकलनमा धेरै समस्या परेको थियो ।'

हामीले अन्तर्वार्ता लिएका अधिकांश पत्रकारको लागि यो यथार्थ थियो, केही भने नेपाली सेनाको हेलिकप्टरमार्फत रिपोर्टिङका लागि दुर्गम स्थानहरु पुगेका थिए । यो अभ्यासप्रति केही पत्रकारले ईर्ष्या गरे भने केहीले यसप्रति प्रश्न पनि गरे । किनकि जो हेलिकप्टरमार्फत दुर्गम स्थान पुगेका थिए, उनीहरूले त्यहाँ सीमित समय मात्रै बिताउन पाए । उदाहरणका लागि, उनीहरु एक वा दुई दिनसम्म हिंडेर सबैभन्दा दुर्गम स्थानमा पुग्ने थिएनन् । विदेशी पत्रकारको हेलिकप्टरलगायत स्रोत साधनमा पहुँच भएकोप्रति केही पत्रकारले गुनासो पनि गरे, जुन सुविधा अधिकांश नेपाली पत्रकारलाई थिएन । एकजना स्वतन्त्र पत्रकारले भने :

> 'केही विदेशी पत्रकारले हेलिकप्टर भाडामा लिएर गोर्खा र भूकम्पले बढी प्रभावित क्षेत्रमा पुग्ने व्यवस्था गरे । तर हामीले हेलिकप्टर सोचेनौं र सडक मार्ग हुँदै गयौं । त्यसैले केही ढिला पुग्यौं तर हामी नै त्यहाँ पुग्ने पहिला थियौं किनकि जसले हेलिकप्टर लिएर त्यहाँ पुगे । ती एकैछिनमा फर्किहाले ।'

स्रोतसाधनमा पहुँच भएका पत्रकारले पनि रिपोर्टरका रुपमा आफ्नो व्यावसायिक भूमिकासँग भएको द्वन्द्व र हेलिकप्टरमा आश्रय माग्नेलाई छाड्नुपरेको विषयमा असन्तुष्टि व्यक्त गरे । काठमाडौं पोष्ट र रोयटर्सका एक पत्रकारले गोरखामा एक पर्यटकका पथप्रदर्शकले हेलिकप्टरमा चढाउन अनुरोध गरेको विषय सम्झिए :

> 'म अधिकारप्राप्त व्यक्ति त थिइनँ तर मैले हुन्न भने । हेलिकप्टर उडिहाल्यो । त्यसपछि देखें त्यो मान्छेले हिंडेर जानुपर्ने सडक भत्किएको थियो । त्यसैले हेलिकप्टरमा फर्किंदा पश्चाताप महसुस भयो ।'

ती पत्रकारले आफूले पाएको अवसर अस्वीकार गर्दाको अर्को रोचक अनुभव पनि सुनाए ः

> 'म रोयटर्सकै समूहसँग काठमाडौंमा बस्न सक्थें तर मैले बस्न चाहिनँ । तर म म बिहान खाजाको खोजीमा हुँदा उनीहरु होटलमा ब्रेकफास्ट खाइरहेको हुन्थें । तर हरेक दिन उनीहरूले अनुरोध गर्न भने छाडेनन् ।'

कामको बेलामा भोगिएको व्यावहारिक विषयले नेपाली सञ्चारमाध्यमको भूकम्पपछिको समाचार कभरेजमा पनि नकारात्मक प्रभाव पाऱ्यो । हामीले अन्तर्वार्ता लिएका विभिन्न पत्रकारहरूले आफूले दिने नतिजा सीमित भएको बताए । उनीहरूले भूकम्पपछिको अवस्थामा टिप्पणी गरेका थिए, जुन बेला संरचना र सञ्चार नेटवर्क बिग्रिएको थियो र सोही कारणले भूकम्पपछिको समाचार कभरेजमा पनि प्रभाव पारेको अनुमान गर्न सकिन्छ ।

## पत्रकारिताको रणनीतिको मुद्दा

नेपाल विशेषगरी भूकम्पीय जोखिमको क्षेत्र भए पनि पत्रकारहरू यसका लागि पूर्वतयारी व्यक्तिगत रूपमा पनि र संरचनात्मक रूपमा पनि नभएको बताउँछन् । हामीले के भेट्यौं भने पूर्वतयारीको कमीलाई संरचनात्मक जानकारी प्रणालीको कमी, संकट व्यवस्थापनका लागि ब्याकअप संयन्त्र र कार्यविधि तथा राहत वितरणमा सरकारबाट भइरहेको ढिलाइले पनि बढावा दिएको छ । काठमाडौंका एकजना पत्रकारले हामीलाई भने :

> 'मैले एउटा बालक अर्को दुई जनालाई लिएर आएको देखें । उसले ती दुईजनाको बुवा भूकम्पका बितेकाले उनीहरूको हेरचार गरिदिन प्रहरीलाई आग्रह गर्‍यो । अवस्था निकै अस्तव्यस्त थियो । यस्तो हुन्छ भनेर कसैले सोचेको थिएन... केही तयारी थिएन ।'

## सम्पादकीय तयारीको कमी

पूर्वतयारीको कमी सञ्चारगृह र पत्रकार आफैंमा पनि छ । संरचनात्मक रूपमा र व्यक्तिगत रूपमा कसरी प्रत्युत्तर गर्ने भनेर परिपूर्ति योजना छैन । अर्को महत्वपूर्ण पक्ष के हो भने नेपाल भूकम्पसहित अन्य जोखिम (बाढी, पहिरो, आगलागी) को क्षेत्र भए पनि विपद् रिपोर्टिङको लागि कुनै छुट्टै बिट विकास भएको छैन ।अन्तर्वार्तामा सहभागी केहीले के औंल्याए भने समाचार कक्षमा त्यस्तो विशेषता नहुँदा थप अस्तव्यस्ततालाई बढावा दियो र केही पत्रकारबाट ढिला प्रतिक्रिया आयो : कसरी प्रतिक्रिया जनाउने भन्ने विषयमा धेरै अस्पष्टता रह्यो ।

राष्ट्रिय भूकम्प मापन केन्द्रका एक अधिकारीले यो विषयमा दृष्टान्त दिंदै समाचारगृह जिम्मेवारीबाट पन्छिने गरेको बताए :

> 'जब भूकम्पको विषयमा अनुमान गरिन्छ तब सञ्चार माध्यमले यसलाई प्रसारण गर्छन् नत्र सबै चुपचाप । कसैले पनि यसको विषयमा कुरा गरेको वा पूर्वसावधानी अपनाए जस्तो देखिन्न ।'

यो मूल्यांकनप्रति काठमाडौंबाट प्रकाशित हुने एक म्यागेजिनका सम्पादक सहमति जनाउँछन्, केही मिडियाले भूकम्प जति बेला पनि आउन सक्छ भन्दै जनचेतना जगाउने प्रयास गरेका भए पनि यसलाई आफ्नै पूर्वतयारीमा परावर्तित गर्न भने सकिएको छैन ।

> 'कस्तो अचम्म, हामी अरूलाई सचेत बनाउन चाहन्छौं, हामी अरूलाई ठूलो विपद्का लागि पूर्वतयारी गर्नुपर्छ भनेर भन्छौं तर हाम्रै कार्यालयहरू त्यसका लागि तयार छैनन् ।'

नतिजास्वरूप अन्तर्वार्तामा सहभागी सबैजसो पत्रकारले भूकम्पलगत्तै द्विविधा र अन्योलग्रस्त अवस्थामा भएको अनुभव सुनाए । उनीहरूले आफ्नो दैनिकी काममा धेरै संघर्षहरूसँग सामना

गर्नुपर्‍यो किनकि उनीहरूले निर्देशनका लागि आफूहरूभन्दा माथिल्लो तहकासँग सम्पर्क गर्न पाएनन् र धेरै सम्पादक र समाचार व्यवस्थापक आफैं पनि अब के गर्ने भनेर अन्योलग्रस्त अवस्थामा थिए । दि काठमाडौं पोष्टमा पहिला काम गरेका एकजना स्वतन्त्र पत्रकारले आफ्नो अनुभव यसरी सुनाए :

'सम्पादकहरू समेत के गर्ने भनेर निर्देशन दिन सक्ने अवस्थामा थिएनन् । हामीले जे देख्यौं र सरकारी निकायबाट जे पायौं त्यही रिपोर्टिङ गर्‍यौं । हामी विपद् रिपोर्टिङका लागि तयार थिएनौं ।'

समाचार दैनिकीमा आएको परिवर्तनबारे काठमाडौंको छापामा काम गर्ने एकजना पत्रकारले यसरी सुनाए :

'सामान्यतया हामी दिनमा दुईपटक बैठक गर्छौं- एउटा बिहान र अर्को साँझ । तर भूकम्पछि हामी बैठक बस्न सकेनौं... हामी उपयुक्त योजनाहरू बनाउन पनि असफल भयौं । हामीले त्यो दिन कसरी रिपोर्टिङ गर्ने ? कस्तो समाचार बनाउने ? कसरी व्यस्थित गर्ने ?'

## विपद्पछिको अवस्थाबारे तालिमको आवश्यकता

भूकम्प आउँदा पत्रकारहरू डरलाग्दो अवस्थामा थिए । हामीले अन्तर्वार्ता लिएका अधिकांशले विपद् रिपोर्टिङका लागि उनीहरूमा तालिमको अभाव रहेको बताए । एक रेडियो र छापाका सम्पादकले भने :

'विपद् वा संकटको बेलामा कस्ता खालका समाचारहरू दिने, हामीले त्यस्ता खालका तालिम लिएका थिएनौं । हामीसँग त्यस्ताखालका केही उपाय पनि थिएन । अहिले पनि हामीसँग त्यस्तो विषयमा तालिम दिने वा अभिमुखीकरण गर्ने संस्था छैन । मानिसहरू चाहिँ पत्रकारले सबै कुरा थाहा पाउनुपर्छ भन्ने ठान्छन्, यो ठीक भएन ।'

हामीले अन्तर्वार्ता लिएकामध्ये केही (जो अन्तर्राष्ट्रिय सञ्चारगृह वा समाचार सेवा संस्थामा काम गर्थे) ले आफूले भूकम्पसम्बन्धी तालिम लिएको वा आफ्नो सञ्चारगृहसँग विपद्को बेलामा भौतिक सुरक्षाका लागि आपतकालीन योजना रहेको बताए । तर, अन्तर्वार्तामा सहभागी कसैले पनि भूकम्पको बेलामा भएको सम्पादकीय रणनीतिबारे बताएनन् । एकजनाले भने भूकम्पको अवस्थितिलाई ख्याल गर्दै दैनिक १० घण्टाका दरले २-३ दिने तालिम लिएको बताए । कार्यालयमा 'भूकम्प अस्तित्व कीट' नभएको वा अनावश्यक वस्तुका रूपमा बुझ्ने गरिएको छ ।

केही पत्रकारले भूकम्पको बेलामा रिपोर्टिङले धेरै अनुभव गराएको बताए पनि भविष्यमा आइपर्ने यस्तैखालको विपद्को लागि भने थप तालिमको आवश्यकता पर्नेमा धेरैको एकमत थियो । अन्तर्वार्ता र समूह छलफलबाट आएको निष्कर्ष र भूकम्पपछिको समाचार कभरेजको अनुभवलाई आधार मान्दा दुई क्षेत्रमा सहायता आवश्यक पर्ने देखिन्छ : विपद्पछिको अवस्थामा समाचारको प्रकारबारे प्रस्टता र समाचार संकलन शैलीबारे तालिम, यसका साथै विपद्ले ल्याउने जोखिमपूर्ण अवस्थामा सुरक्षित रहेर समाचार संकलनबारे तालिम । यो पछिल्लो विषयमा काठमाडौंका एकजना पत्रकाले पछिल्लो बुँदाको सन्दर्भमा विपद्को प्रतिक्रिया र पुनरूत्थानको अवस्थामा समाचारको आवश्यकता बुझ्नुपर्ने विषयमा यस्तो बोले :

> 'भूकम्पअघि हामीले कसरी रिपोर्टिङ गर्नुपर्छ भन्ने विषयमा थाहा पाएका थिएनौं । तर, अब भने सोच्ने बेला भएको छ, यस्तै खालको अर्को विपद् आइपरे त्यस्तो बेलामा हामीले कसरी समाचार संकलन गर्ने ?'

## अवधारणामा आधारित समाचार संकलन र "निर्दोष पत्रकारिता"

विभिन्न पत्रकारले भूकम्पपछि उनीहरूको समाचार संकलन शैली बदलिएको विषयमा बोले । उनीहरूको समाचारमा विशेषगरी अवधारणामा आधारित विवरण तथा व्यक्ति वा प्रत्यक्षदर्शीले देखेको क्षतिको विषय मात्रै समावेश भयो । तत्कालै सञ्चार गर्नुपर्ने अवस्था थियो तर माथि उल्लेख गरिएको विभिन्न पक्षका कारण बृहत् रूपमा गर्न सकिने अवस्था थिएन ।

गोरखाका एकजना छापामा काम गर्ने पत्रकारले 'विपद् रिपोर्टिङको तालिम र ज्ञान' नहुँदा कसरी उनीहरूले 'निर्दोष पत्रकारिता' गरे भन्नेबारे बताए । तालिम भएको भए उनीहरूको पत्रकारिता बढी औपचारिक र परम्परागत हुने उनको धारणा थियो । काठमाडौंस्थित एक रेडियामा काम गर्ने पत्रकारले कसरी उनीहरूले आफ्नो अवलोकनलाई शब्दमा उतारे भन्नेबारे बताए ।

> 'त्यो बेला हामीसँग क्यामेरा थिए, चार्ज पनि सकिएको थियो, विद्युत् थिएन, मोबाइल स्विच अफ भएको थियो । हामीले भएका घटनाहरूको अवलोकन गऱ्यौं र लेख्यौं ।'

प्रारम्भिक रूपमा रिपोर्टिङ तत्कालको प्रभावबारे केन्द्रित थियो– कति मानिसहरू मरे, कति घाइते भए, कुन भवन भत्कियो । त्यसपछि भने खाना, औषधि, सरसफाइ र अत्यावश्यक सामग्रीको वितरणको विषयमा चासो भयो ।

अवधारणागत र क्षतिको संख्यामा आधारित यो शैलीको पत्रकारिता भूकम्प गएपछि लगत्तैको अवस्थामा भएको थियो, केही पत्रकारका अनुसार उनीहरूले ६ महिनापछि मात्रै गुणस्तरीय र गहन पत्रकारिता सुरू गरे ।

### जानकारीको अभाव, आधिकारिक पहुँच र राजनीतिक दबाबसँग सामना

सरकारी निकायको पूर्वतयारीको कमीले पनि पत्रकारले भोग्नुपरेको द्विविधालाई थपेको जस्तो देखियो । भूकम्प गएपछि प्रस्ट जानकारी आदानप्रदान गर्ने कुनै रणनीति थिएन र पत्रकारले पनि आधिकारिक स्रोतसम्म पहुँचको अभाव भोगे भने जानकारीको सत्यता जाँच गर्ने कुनै प्रक्रिया थिएन । त्यसकारण समाचार संवाददाताहरु सधैं सही भएनन् । भूकम्पलगत्तै यो अवस्था भए पनि अप्रस्ट जानकारी बाँड्ने क्रम पुनर्निर्माणको चरणमा पनि भइरह्यो । काठमाडौंस्थित एक गैरसरकारी संस्थामा कार्यरत एकजनाले भने :

> 'विशेषगरी निर्देशिका र कभरेजको विषयमा जानकारीको अभाव, जानकारी द्वन्द्वात्मक भएको अवस्था थियो । मेरो विचारमा त्यो बेलामा समन्वयको अभाव थियो, अहिले पुनर्निर्माणको अवधिमा पनि कसले के काम गरिरहेको छ र तल्लो तहमा सरकारी निकायबीच समन्वयको अभाव छ ।'

अर्धसंरचनात्मक अन्तर्वार्ता र समूह छलफलबाट आएको तथ्यांक विश्लेषण गर्दा सरकारी स्रोतमा पहुँचको कमी उजागर हुन्छ । उनीहरूका अनुसार राजधानीमा भएका पत्रकारहरूलाई आधिकारिक स्रोतसँग र अनुसन्धानका लागि स्रोतसँग बढी पहुँच थियो । क्षेत्रीय तहका पत्रकारहरूले भने आफूले विशेषगरी काठमाडौं केन्द्रित सरकारी स्रोतसँग पहुँच नहुँदा 'गुणस्तरीय' समाचार उत्पादन गर्न नसकेको महसुस गरे । यो खालको विपद्को रिपोर्टिङ गर्न क्षेत्रीय तहका पत्रकारहरूले अपर्याप्तताको महसुस गरेका थिए– स्रोतसँगको पहुँचको कारणले मात्रै नभई उनीहरूमा यसका लागि तालिम र अनुभव पनि थिएन ।

काठमाडौंमा रहेका पत्रकारहरूले समेत जानकारीको कमी भएको विषयमा बताए । उनीहरूले बारम्बार आफूहरूले अन्तर्राष्ट्रिय समाचार संस्था (प्यारासुट पत्रकार वा अनलाइन प्रकाशन), वा विदेशी स्रोत (जस्तै– राजदूतावास, सेना) बाट जानकारी उद्धृत गर्नुपरेको बताए । पाटनस्थित एक म्यागेजिनका सम्पादकले त्यो बेलाको द्विविधाको विषयमा यस्तो बताए :

> 'मैले भूकम्पपछिको पुनर्निर्माणको विषयमा निरन्तर लेखिरहेको छु, अहिले पनि म के भइरहेको छ भनेर भन्न सक्दिनँ । सुरूवाती केही महिनासम्म संयुक्त राष्ट्रसंघीय निकायसँग भर पर्थें, मलाई लाग्छ– उनीहरूले अहिले तथ्यांकहरु अपडेट गर्न छाडेका छन् । अहिले म तथ्यांकका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भर पर्नुपर्छ जुन नियमित छैन । म झनै द्विविधामा पर्छु । उदाहरणका लागि उनीहरु २ लाख घर भत्किएको भन्छन् तर हामीले पहिल्यै ६ लाख घर भत्किएको लेखेका हुन्छौं । तथ्यांकमा एकरूपता नहुँदा साँच्चिकै द्विविधा उत्पन्न हुन्छ । के भइरहेको छ भन्ने थाहा पाउन सजिलो छैन ।'

केही उत्तरदाताले पत्रकारमाथिको राजनीतिक दबाबको विषयबारे पनि औंल्याए । यस्तो अवस्था क्षेत्रीयस्तरमा बढी व्यापक रहेको देखियो, जसका कारण कुनै समयमा कमजोर तथ्य जाँच -फ्याक्ट चेकिङ) र आरोपप्रत्यारोप पनि भए । उदाहरणका लागि सरकारको कमजोरीलाई ढाकछोप गर्न एनजीओले मनलाग्दी पैसा खर्च गरे भन्ने आरोप । काठमाडौंस्थित एक एनजीओकर्मीले यसबारे बोले :

> 'स्थानीय सञ्चारमाध्यमले अवश्य पनि बढी तथ्य जाँच गर्न आवश्यक छ । सञ्चारगृहहरु राजनीतिक पार्टीप्रति अनगृहित छन् र अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सरकारले काम गर्न सकेन भनी गरेको आलोचनाको विरोध गर्छन् । उनीहरु भन्छन्, 'हेर एनजीओले कति पैसा खेर फालिरहेका छन् ।' उनीहरु यसो भनेर विरोधी भावना फैलाउँछन् र सबैजना रक्षात्मक हुन्छन्, हामीले झन् बढी प्रेस विज्ञप्ति जारी गर्दै कतिलाई सहयोग गऱ्यौं भनेर भन्थ्यौं । म यस्तो खालको छलफल चाहन्न ।'

## "सामान्य पत्रकारिता" मा फर्कन समस्या

भूकम्पले कसरी सबै समाचारहरु सिध्यायो भन्नेबारे पत्रकारहरूले बताए । भूकम्पको प्रभाव जहाँतहीँ थियो, जसले नेपालमा भएका अन्य घटनाहरूलाई ओझेलमा पाऱ्यो । पत्रकारहरूले भूकम्पले सबै क्षेत्रलाई मात्रै नभई पत्रकार र पत्रकारितालाई कसरी प्रभाव पारेको थियो भन्ने विषय बुझाउँदै आफूहरूले कसरी भूकम्पबाहेकका पनि समाचारहरु खोजेका थियौं भन्नेबारे बताए । तर्कसंगत रुपमा यो परम्परागत समाचार तर्कको नतिजा थियो, जहाँ भूकम्प सम्बन्धित समाचारहरु अन्य विषयमा पनि जोडिएको थियो (जस्तै : कुन खेलकुद टिम भूकम्पबाट प्रभावित भयो) ।

तर, पत्रकारहरूले समय बित्दै जाँदा भूकम्पको प्रभावको समाचारको दबदबाबाट उम्कन समस्या भएको बताए, जसले परम्परागत र सामान्य अवस्थाको रिपोर्टिङमा फर्किन समस्या पारेको थियो । काठमाडौंका एकजना स्वतन्त्र पत्रकारले यसबारे बताए :

> 'सबैथोकमा भूकम्पले प्रभाव पारेको थियो– राजनीतिक परिवर्तन, सरकार परिवर्तन । वर्षौंसम्म ढिला भएको संविधान लेखनको प्रक्रिया पनि भूकम्पलगत्तै सकियो । त्यसैले हामीले के भूकम्पलाई मात्रै कभर गऱ्यौं । हामीले अर्थतन्त्र वा राजनीतिक विषयवस्तु लेख्दा पनि भूकम्प आइहाल्थ्यो ।'

कुनै विशेष क्षेत्र जस्तै खेलकुद क्रियाकलापसम्बन्धी समाचार लेख्ने संवाददाताले पनि आफ्नो समाचारमा भूकम्पलाई जोड्ने उपाय खोजे । काठमाडौंको पत्रिकामा काम गर्ने एकजना पत्रकारले भने :

> 'मानिसहरूले दुःख पाइरहेको संकटको बेलामा कसैले पनि खेलकुदजस्ता विषयमा कुरा गर्न चाहन्नथे । त्यसैले हामीले केही सरकारी अधिकारीहरूलाई भूकम्पले क्षति पुगेको वा प्रभावित भएको खेलकुदसम्बन्धी विषयहरु उपलब्ध गराउन आग्रह गर्‍यौं । त्यस्तो बेलामा सामान्य मानिससँग खेलकुदको विषयमा परामर्श गर्ने अवस्था थिएन ।'

## विशेषज्ञ पत्रकारिता सीपको कमी

पत्रकार र सम्पादकहरूले उस्तै गरी उनीहरूसँग खोज पत्रकारिता गर्ने क्षमता र स्रोतसाधनको कमी भएकामा पछुतो माने । न त उनीहरूसँग वित्तीय तथ्यांक विश्लेषण गर्ने आत्मविश्वास थियो । उत्तरदाताहरूले आघात पुगेर बाँचेकाहरूसँग र पीडितसँग सामना गर्ने विषयमा अनिश्चय रहेको भन्दै विशेष अन्तर्वार्ता सीप पनि आवश्यक पर्ने विषयको संकेत गरे :

खोज पत्रकारिता सीपको अपर्याप्ताको विषयमा बोल्दै एक म्यागेजिनमा कार्यरत पत्रकारले भने :

> 'भूकम्पपछि थुप्रै पैसा भित्रिए । र, मलाई त्यसको एकदमै राम्रोसँग तथ्यांक राख्न मन थियो । (तर) मलाई तयारी नपुगेको जस्तो अनुभूति भएको छ, मलाई कति पैसा आउँदै छ, कसले पैसा उठायोजस्ता विषयको तथ्यांक संकलन गर्न मन थियो ।'

पुग्नुपर्ने ठाउँमा नपुगेर सरकारी निकायको खातामा पैसा लामो समयसम्म बसेको र सहायता वितरणमा भएको सुस्तता तत्कालको चासो थियो । योसँग सम्बन्धित भ्रष्टाचारको विषय पनि उठेको थियो र केही पत्रकारहरूले पुनर्निर्माण चरणमा बाह्य दाताबाट प्राप्त भएको रकमको विषयमा गहिरो खोजी गर्ने इच्छा पनि व्यक्त गरे । तर, काठमाडौंबाट प्रकाशित हुने एक म्यागेजिनका सहायक सम्पादकले भने नेपाली पत्रकारमा त्यस्तो खालको अनुसन्धान गर्ने सीपको कमी भएको बताए :

> 'नेपाली वा स्थानीय पत्रकारहरु पुनर्निर्माणको महत्वपूर्ण पाटो पैसाको विषयमा तालिमप्राप्त थिएनन् र छैनन् पनि । पैसा कहाँबाट आइरहेको छ ? कहाँ गइरहेको छ ? कति मानिसको मृत्यु भयो भन्ने तथ्यांक सजिलै उपलब्ध छ, कति मानिस मरेका थिए भन्ने विषयमा सरकारले भनिहाल्छ तर नेपालजस्तो देशमा आएको पैसाको तथ्यांक राख्न गाह्रो छ । धेरैथरी स्रोतबाट धेरैथरी संस्थामा पैसा आइरहेको छ । तर, तिनीहरूले के गरिरहेका छन् ? मुख्य निकाय भएकाले सरकारले यसलाई छानबिन गर्नुपर्ने आवश्यकता छ । एनजीओ, आईएनजीओले कति पैसा भित्र्याए ? कति प्रतिशत कर्मचारीको तलबमा खर्च हुन्छ र जुन देशबाट आएको हो त्यति देशमा कति पैसा फर्किन्छ ? यो चुनौतीपूर्ण छ ।'

विभिन्न उत्तरदाताले विपद् र पुनर्निर्माणको दृष्टिकोणभन्दा फरक तरिकाले पीडितको दैनिकी र वास्तविकतासम्बन्धी खोज गर्न चाहेको बताए । भूकम्पलगत्तै पीडितहरूको दुःखका आवाज र तस्बिरले प्राथमिकता पाए पनि यसलाई तत्कालै पुनःस्थापना चरणमा सहायता पुगेको (वा नपुगेको) र पुनर्निर्माणको विषयले विस्थापित गऱ्यो । पत्रकारहरु भूकम्पमा बाँचेकाहरूको पुनरूत्थानको भनाइलाई परावर्तिन र सहयोग गर्ने दुवै विषयमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउँछन् । तर, यस्ता विषयमा समाचार लेख्न सजिलो भने छैन । काठमाडौंस्थित एक रेडियोका सम्पादकले कसरी मानवीय रूचिका समाचारहरु महत्वपूर्ण हुन्छन् तर किन ओझेलमा परे भन्ने विषयमा बोले :

> 'भवनमा नभई मानिसको मन र समवेनदनाको पुनर्निर्माणमा केन्द्रित भएर गर्न मिल्ने कथाका शृंखलाहरु छन् किनकि मानिसहरूले आफ्नो परिवारका सदस्यहरु गुमाएका छन् । उनीहरु अहिले पनि आघातमा छन् । बालबालिका छन्....जसले अभिभावक गुमाए । उनीहरु कस्तो अवस्थाबाट गुज्रिरहेका छन् ? सरकारले निर्माण गर्ने विषयमा मात्रै योजना बनाएको छ । त्यो मात्रै पर्याप्त छैन । र, यस्ता कथाहरु मिडियाले भन्न सक्छन् ।'

काठमाडौंस्थित एक पत्रिकाका पत्रकारले पीडितसँग कुरा गर्दाको व्यावहारिक कठिनाइबारे थप प्रस्ट पारे :

> 'बिरामीसँग कुरा गर्नु अर्को चुनौतीपूर्ण काम हो । तपाईंले सुरूमा परिवारसँग कुरा गर्नुपर्छ र उनीहरूलाई विश्वस्त बनाउनुपर्छ । कुनै पनि खालको विपद्मा यस्तो काम गर्नु साह्रै गाह्रो काम हो ।'

काठमाडौंका अर्का एक स्वतन्त्र पत्रकारले कसरी विपद् रिपोर्टिङले उच्चवर्ग केन्द्रित सोचलाई परावर्तित गर्दै सीमान्तकृत आवाजलाई बेवास्ता गऱ्यो भन्ने विषयमा बोले :

> 'हामी अहिले पनि दुर्गम क्षेत्रमा भूकम्पबाट सबैभन्दा बढी पीडित भएका मानिसकहाँ पुग्न सकेका छैनौं, विशेषगरी वञ्चित समुदायमा । उनीहरूले सञ्चारमाध्यममा उपयुक्त स्थान पाइरहेका छैनन् । हामीले हाम्रो रिपोर्टिङमा उनीहरूको आवाज उठाउन सकेका छैनौं । मलाई लाग्छ, उनीहरूलाई स्थान दिने मामिलामा हामीले त्रुटि गरेका छौं ।'

माथि भनिएको २०१५ को भूकम्पले सम्पादकीय पूर्वतयारीको विषयमा धेरै विषय उजागर गरेको छ । पत्रकारहरूले अस्थायी समाधान पाएको अवस्थामै विपद् रिपोर्टिङको योजनालाई महत्व दिनुपर्ने आवश्यकता छ, जसमा कार्यविभाजन प्रक्रियाको स्थापना र तालिम समावेश हुन्छ । यो नेपालको लागि अत्यावश्यक छ । केही सम्भावित समाधान तल प्रस्तुत गरिएको छ ।

## पत्रकारिता परिचयको मुद्दा

पत्रकारको व्यवसायिक पहिचान र भूकम्प भोगेको पीडितको रूपमा उनीहरूको अनुभवबीचको द्वन्द्व बरोबर दोहोरियो । उत्तरदाताले आफ्नो (र आफ्नो परिवारको आघात) र तिनको समाचार संकलन गर्नुपर्ने तोकिएको व्यावसायिक जिम्मेवारी सामना गर्दाको द्वन्द्व पनि खुलाए ।

### *व्यक्तिगतविरुद्ध व्यावसायिक*

कतिपय पत्रकारले आफ्नो घर भत्किएको र त्यसले कसरी आफ्नो पत्रकारितामा असर पारेको थियो भन्ने संघर्षको बारेमा बताए । यसबारेमा भन्ने कतिपय पत्रकारमध्ये काठमाडौंका एक रेडियो पत्रकारले यसो भने :

> 'एक महिनासम्म टेन्टमा बसे । मेरो घर चर्किएको थियो । बच्चाहरु एकदमै तर्सिएका थिए र तिनीहरु घर जान डराइरहेका थिए । परकम्प आएको आयै थियो र मलाई (उनीहरूलाई पनि) अब हामी बाँच्दैनौं भन्ने लागेको थियो । त्यो बेलामा मैले आफू पत्रकार हुँ भन्ने नै बिर्सिएँ ।'

काठमाडौंका एकजना अनलाइन पत्रकारले स्तब्ध भएको अनुभव गरेको अनुभूति बताए :

> 'पाँच-पाँच मिनेटमा परकम्प गएकाले निद्रा पनि पुगेको थिएन । र, अनिश्चितताको भयले सबैजना स्तब्धजस्तो भएका थिए । नेपालीमा एउटा भनाइ छ– सात्तो गयो । यसको अर्थ जबकोही शोक वा आघातमा हुन्छ त्यो बेलामा ऊ स्तब्ध हुन्छ । सबैतिर यस्तो अनुभूति थियो । के गर्ने हो हामीलाई थाहा थिएन ।'

भूकम्पपछि काम गर्न पनि पत्रकारहरु निकै डराइरहेका थिए । विपद्ले केहीलाई फरक दृष्टिकोण पनि थियो । काठमाडौंस्थित एक पत्रिकाका पत्रकारले यसबारेमा बताए :

> 'त्यो दिन हामी मारिन सक्थ्यौं । त्यसैले त्यसले हामीलाई नयाँ दृष्टिकोण दियो । अहिलेसम्म पनि त्यो दिन कति भाग्यमानी भएर बाँचेको थिएँ भन्ने कुराको याद आउँछ । हामीले देखेको विनाश बिर्सन गाह्रो छ । त्यसपछि हामीले राम्ररी बस्न र काम गर्न सकेनौं । म लेख्नका लागि कार्यालय आउन सकिनँ ।'

आफू व्यक्तिगत रूपमा प्रभावित भएको विपद्को समाचार लेख्न कत्तिको गाह्रो हुन्छ भन्ने विषयमा पनि पत्रकारहरूले अनुभव व्यक्त गरे । सर्वप्रथम उनीहरु पीडित थिए र त्यसपछि पत्रकार र सोहीअनुसार उनीहरूले विपद्को अवलोकन र समाचार बनाउँदा मानसिक रूपमै समस्या संघर्ष गर्नुपर्‍यो । काठमाडौंका एकजना स्वतन्त्र पत्रकारले यसलाई निम्न शब्दमा व्यक्त गरे :

> 'गुणस्तर कायम राख्न निकै गाह्रो थियो, हामीले जानकारी संकलनको प्रयास मात्रै गऱ्यौं । हामीले राम्ररी काम गर्न सकिरहेका थिएनौं । मानसिक समस्या र परिवारिक बाध्यता थियो । अरू कामभन्दा पहिला जीवन नै प्राथमिकता हो... केही कुरा लेख्नुअघि आफू सुरक्षित हुन पनि आवश्यक छ ।'

सिन्धुपाल्चोककी एकजना रेडियो पत्रकारले आफू कसरी पीडितसँगै रोएकी थिएँ र आफ्नो लेखनमा कसरी पीडितको संवेदना मिसियो भन्नेबारे बताइन् । पाटनस्थित एक म्यागेजिन सम्पादकले आफू मानसिक रूपमा ठीक अवस्थामा नभएको र यसले कसरी आफ्नो कामको गुणस्तरमा प्रभाव पारेको थियो भन्ने विषयमा बताए :

> 'जानकारी लिन सजिलो थिएन... यदि मैले केही बढी प्रयास गरेको भए बढी जानकारी पाउने थिएँ होला तर म भावनात्मक रूपमा विक्षिप्त थिएँ, मैले समाचारमा ध्यान दिन सकिनँ ।'

व्यक्तिगत आघातका बाबजुद पनि केही पत्रकारले भने कसरी उनीहरूमा व्यावसायिक दायित्वको भावना पैदा भयो भन्ने विषयमा बताए । काठमाडौंका एक पत्रिकाका पत्रकारले यसबारे बताए :

> 'मैले साँझ मेरा प्रबन्धकलाई फोन गर्दा उनले भने– यदि तपाईं कार्यालय आउन चाहनुहुन्छ भने आउनुस् तर हामी तपाईंलाई दबाब दिन चाहन्नौं । तर, एक पत्रकारका रूपमा मलाई अनुभूति भयो म जानुपर्छ, यो मेरो काम हो । त्यसकारण म आफ्नो कार्यालय पुगें । हाम्रो कार्यालय अस्थायी टहरामा सारिइसकेको रहेछ ।'

व्यक्तिगत बाध्यताहरू पन्छाउँदा केही अप्ठ्यारो अवस्था आइपरेको भए पनि केही पत्रकारहरूले भने त्यो अवस्थामा पनि काम जारी राख्ने निर्णय गरेकोमा गौरवको अनुभूति व्यक्त गरे । काठमाडौंका एक पत्रिकाका पत्रकारले भने :

> 'खुलस्त रूपमा भन्दा मैले आफ्नो व्यक्तिगत सबै बाध्यतासँग सम्झौता गरें । म रिपोर्टिङका लागि निस्किएँ । दुई दिनपछि भूकम्पको इपीसेन्टर गोरखाको सोरपानी पुग्ने म पहिलो व्यक्ति थिएँ ।'

यस्तै कथा अर्का पत्रकारको पनि थियो, जसले भूकम्पलगत्तै आफ्नो पत्रिका प्रकाशन गर्न नसक्दा अरूका लागि स्वतन्त्र पत्रकारका रूपमा काम गर्न थाले ।

> 'मेरो परिवारले पीडा भोगेको थियो र मैले पनि धेरै चिज गुमाएको थिएँ । त्यस्तो अवस्थामा मैले मेरो परिवारको परवाह गरिनँ... कामको मात्रै गरें । मैले काम गरिरहें ।

> भूकम्पले पुऱ्याएको क्षतिका कारण मैले मेरो आफ्नै पत्रिका प्रकाशन गर्न सकिनँ । त्यसैले अरूको प्रकाशनको लागि काम गर्न थालें ।'

काठमाडौंस्थित एक म्यागेजिनका सम्पादकले उनी रिपोर्टिङबाट केही 'राम्रो काम' गर्न प्रोत्साहित भएको र आफ्ना अभिभावकलाई हेरचाह गर्ने कामलाई पनि महत्व दिएको बताए ।

> 'पत्रकारका रूपमा, संवाददाताका रूपमा तपाईंको काम कथा भन्ने हो.... तपाईंलाई विश्वले ध्यान दिइरहेको हुन्छ, त्यस्तो बेलामा तपाईं केही राम्रो काम गर्न चाहनुहुन्छ । तर, तपाईंले केही बेवास्ता पनि गर्नुपर्ने हुन्छ । मैले क्षणक्षणमा कार्यालय र घर दुवैमा सम्पर्क गर्नुपर्ने हुन्थ्यो । केही घण्टा घरमा पनि बिताउनुपर्थ्यो किनकि मेरा अभिभावक पनि टेन्टमा बसिरहनुभएको थियो । उहाँहरू युवा हुनुहुन्न, चिन्ता गर्नुहुन्छ, वृद्धवृद्धा हुनुहुन्छ, उनीहरूको अभिभावकलाई पनि हेर्नुपऱ्यो झन् वृद्ध हुनुहुन्थ्यो । त्यो गाह्रो अवस्था थियो तर केहीका लागि झन् गाह्रो थियो ।'

भूकम्पको तत्कालको खतरा टरे पनि पत्रकारको व्यक्तिगत र मानसिक तनाव भने गएन । काममा जाँदा समस्याबाट पर गएको जस्तो अनुभूति हुने उत्तरदाताले संकेत गरे । पाटनका एकजना वायर सेवाका पत्रकारले निम्नानुसार विचार राख्दा यो मनोभाव व्यक्त गरे :

> 'केही रात म विद्यालयमा सुतें । जब म घर गएँ तब म निकै थकित र डराउने खालको भएको थिएँ । अहिले पनि छु । अहिले पनि म घरमाथि छानो छ कि छैन भनेर याद गर्छु । जब खुला चौरमा हुन्छु तब फेरि भूकम्प आइहाल्यो भने पनि मलाई केही हुन्न जस्तो अनुभूति हुन्छ ।'

## सांस्कृतिक विशेषता

नेपाल सामूहिक संस्कृति भएको देश हो, जहाँ सामाजिम मूल्य, सामुदायिक र पारिवारिक (संयुक्त परिवार पनि) जिम्मेवारीलाई महत्व दिइन्छ । यहाँ भएको 'आफ्नो मान्छे' पारिवारिक सहायता प्रणालीमा अन्य जिम्मेवारीभन्दा 'भित्री वृत्त' ले बढी प्राथमिकता पाउँछ । यसले के भन्न खोजिएको हो भने धेरै पत्रकारहरू काममा फर्किन ढिलाइ भयो ।

भूकम्पका कारण काठमाडौं नराम्ररी प्रभावित बन्यो । यसकारणले पनि राजधानी केन्द्रित रिपोर्टिङले बढावा पायो किनकी यहाँ रहेका धेरै संवाददाताहरूले इपिसेन्टर नजिकैको क्षेत्रमा रिपोर्टिङको लागि जान सकेनन् । एक पत्रकारले भने, 'पत्रकारका रूपमा समाजप्रति मेरो उत्तरदायित्व छ तर एउटा छोराको नाताले मेरो अभिभावकप्रति पनि उत्तरदायित्व छ ।'

पाटनस्थित एकजना पत्रकार महिलाका अनुसार त्यो बेलामा परम्परागत लैंगिक भूमिका पनि देखियो :

> 'जागिर छाडिदेऊ, जागिर छाडिदेऊ भनेर मेरो परिवारले मलाई दबाब दियो । यो जागिर छाडिदेऊ र अर्को जागिर खाऊ । यो तिम्रा लागि होइन । महिलाको लागि यो परिवार र समाज खुला छैन ।'

केही पत्रकारले भने पीडितसँगको अन्तर्वार्तामा भोग्नुपरेको समस्याबारे बताए । काठमाडौंका एक छापा पत्रकारले भने :

> 'पीडितहरु पहिल्यै तनावमा हुन्थे र उनीहरूलाई के गुमायौ, के समस्या भयो भनेर सोध्दा झिँजो मान्थे, यसले गर्दा द्विविधाको स्थिति पैदा भयो । सरकारले समयमै राहत पुऱ्याउन नसक्दा उनीहरु तनावमा थिए । उद्धार भइरहेको मानिसहरूको फोटो खिच्दा मेरा फोटोपत्रकार साथीको क्यामेरा फुट्यो । उनीहरूले मानिसलाई उद्धारमा सहयोग गर्नुको साटो किन फोटो खिचेको भनेर उनलाई सोधे ।'

## वकालतको प्रतिबद्धता र प्रत्यक्ष हस्तक्षेप

यसअघिको अनुसन्धान[१३] प्रतिध्वनित गर्दा हामीले हाम्रो उत्तरदातामा राष्ट्रिय पहिचान र उत्थानशीलताको प्रतिबद्धता पायौं । धेरै उत्तरदाताले आफ्नो मुलुक कसरी भूकम्पबाट तंग्रियो भन्नेबारे बताउनुको साथै कार्यालय समय बाहेकको समयमा पनि कसरी राहत वितरणमा गएको विषयमा बताए । विपद् अवस्थामा रिपोर्टिङ गरिरहेका पत्रकारका लागि यो परिचित चलन हो, जहाँ उनीहरूले निष्पक्ष अवलोकनकर्ताका रूपमा आफ्नो सीमा उल्लंघन गर्न सक्छन् र आफैं समाचारको पक्ष बन्छन् (जुन सधैं उल्लेख गरिन्न) ।

काठमाडौंका एक टिभी पत्रकारले भने, 'हामीले केही संघसंस्थासँग कुरा गऱ्यौं र खानेकुरा र लत्ताकपडाको बन्दोबस्त मिलायौं र वितरण गर्ने बेलामा पनि म आफैं गएको थिएँ ।' सोही पत्रकारले सहायता वितरणमा गएकाहरूलाई भिडियो खिच्ने भन्दै धम्क्याएर थप सहायता वितरण गर्न लगाएको बताए जुन हस्तक्षेप थियो । 'हामीलाई लाग्यो, केही भए पनि गऱ्यौं । सायद क्यामेराका कारणले सम्भव भएको होला,' उनले भने ।

उत्तरदाताहरूले आफूहरु कसरी विभिन्न स्थानमा पत्रकारको रूपमा पहिलो व्यक्ति भएको थियौं भन्नेबारे बताए र त्यसैकारण उनीहरूले अधिकारीहरूलाई जानकारी उपलब्ध गराएर सहायता वितरणमा सघाएका थिए । गोरखाका एक छापा पत्रकारले भने :

13 Usher, N (2009), Recovery from disaster: How journalists at the New Orleans Times-Picayune understand the role of a post-Katrina newspaper. Journalism Practice, 3, 216–232

'हामीले आफूसँग भएको जानकारी आफ्नो सञ्चार गृहका साथै विपद् जोखिम न्यूनीकरण पोर्टललाई पनि दियौं । सरकारको आफ्नै सूचना प्रणाली छ तर सरकारलाई जानकारी लिन र सहायता पुऱ्याउन लामो समय लाग्छ । पत्रकारको रूपमा हामीसँग पनि राम्रो सूचना आउँछ र उक्त बेलामा हामीले समाचार ब्रेक गर्ने बारेमा सोचेनौं बरू आवश्यक परेकालाई सहायता पुगोस् भनेर विपद् जोखिम न्यूनीकरण पोर्टललाई समय दियौं ।'

काठमाडौंका एक रेडियो सम्पादकले बताएअनुसार अन्यले अस्थायी जानकारी केन्द्र पनि स्थापना गरे :

'हामीले जम्मा एउटा टेबल र दुई वटा कुर्सी राखेर जानकारी केन्द्र स्थापना गऱ्यौं । मानिसहरु आउँछन् भन्ने हामीलाई लागेको थिएन । अरु धेरै कुर्सी पनि चाहिन्छ भन्ने पछि महसुस भयो । मानिसहरु गाउँबाट आए... हामीले पानी पनि राख्नुपऱ्यो ।'

अर्कोतर्फ केही पत्रकारले भने सहायता वितरणका लागि जाने भनेर सोचे पनि पत्रकारिताबाटै बढी प्रभावकारी सहायता गर्न सकिन्छ भनेर निर्णय गरेको बताए । आफूले रोजेको विकल्पबारे एक म्यागेजिन सम्पादकले भने :

'मानिसहरूलाई भग्नावशेषबाट निकाल्नुपरेको अवस्थामा मैले मेरो ऊर्जा समाचार खोज्नमा खर्च गर्ने वा मेरो ऊर्जा खाद्यान्न संकलनमा खर्च गर्ने ? किनकि सुरूको चरणमा धेरै मानिसहरूको प्रतिक्रिया : एक ठाउँमा राख र सहायता पठाऊ भन्ने थियो । त्यसलाई सन्तुलन मिलाउनु चुनौती थियो । म आफ्नो सहकर्मी समूहप्रति अनुग्रहित छु कि उनीहरूले हामीलाई सहयोग गर्ने सबैभन्दा राम्रो तरिका समाचार लेखेर हो भनेर भने । त्यसपछि हो म समाचार संकलनमा जान थालेको ।'

तर, उनले पत्रकारले समाचार लेखेर मात्रै भन्दा पनि देखिने गरी सहायता गरेर सद्भाव प्रदर्शन गर्नुपर्ने पनि बताए :

'यदि तपाईं कुनै गाउँतिर रिपोर्टिङमा जानु हुन्छ भने केही लिएर जानुहोस् । किनकि त्यस्तो अवस्थामा मानिसहरु पत्रकारसँग कुरा गर्न चाहन्नन् । उनीहरूले तीन दिनसम्म खान पाएका हुन्नन् । तपाईंले म काठमाडौंबाट आएको भन्दा उनीहरूले सुरूमै टेन्ट ल्याउनुभाको छ ? खानेकुरा ल्याउनुभाको छ ? औषधि ल्याउनुभाको छ ? भनेर सोध्छन् । तर, तपाईंले 'छैन म तपाईंको अवस्था बुझ्न आएको हो' भन्दा उनीहरूले कुट्न सक्छन् ।

## प्यारासुट पत्रकार र अन्तर्राष्ट्रिय सञ्चार माध्यमको आलोचना

हामीले अन्तर्वार्ता गरेकामध्ये धेरैले अन्तर्राष्ट्रिय सञ्चार माध्यमको आलोचना गरे । उनीहरूले आफू केन्द्रित रिपोर्टिङ मात्रै गर्ने, स्थानीय सन्दर्भको बुझाइमा कमी, स्थानको पर्याप्त जानकारी नराख्ने र दशकौं पुरानो गरिबी रिपोर्टिङ लाद्न खोज्ने भन्ने बुझाइ रहेको पाइयो ।

काठमाडौंकी एक एनजीओकर्मी र अन्तर्राष्ट्रिय पत्रकारको अनुवादकले कसरी एक अन्तर्राष्ट्रिय पत्रकारको समूहले पीडितलाई अझै बढी वेदना देखाउन दबाब दिएको थियो भन्नेबारे बताइन् ।

> 'भूकम्पलगत्तै दोस्रो वा तेस्रो दिनमा मैले एउटा न्युज च्यानलमा काम सुरू गरें । भूकम्पले क्षतिग्रस्त भएको काठमाडौंमा सेलिब्रेटी मानिने ब्रिटिस पत्रकारको एक समूह आउँदै थियो । उनीहरूसँग मलाई अलिकति नैतिक संकट र विचाराधारामा विवाद पर्‍यो किनकि उनीहरु यहाँ आउनासाथ यहाँ अवार्ड जित्नेखालको केही चिज नभएको कुरा गरे । जब उनीहरूलाई मैले मानिसहरु जलाइरहेको क्षेत्रमा लगें.. एकजना ब्रिटिसले मलाई पीडित परिवारका सदस्यलाई अझ बढी वेदना देखाउनका लागि भनिदिन अह्राए... उनीहरु पीडित परिवारलाई पीडाबारे प्रश्न सोध्दा उनीहरु भावशून्य नदेखिऊन् भन्ने चाहन्थे । यहाँ सबै ठाउँ भत्किएको छ, मानिसहरु भूकम्पको आघात र संकट लिएर बाँचिरहेका छन्... अनि एउटा पत्रकार आउँछन् र तिनलाई अवार्ड जित्ने समाचार चाहिने ।'

हाम्रा उत्तरदाताले विदेशी पत्रकारलाई आफ्नो रूढवादी भूमिका निर्वाह गरेको ठान्दा रहेछन्– छोटो अवधिका लागि आयो, सबैतिर हेर्‍यो र गयो । एक उत्तरदाताले एकजना अन्तर्राष्ट्रिय मिडियाका पत्रकारले 'आफ्नो राजकुमारीले बच्चा जन्माएको र उक्त समाचार कभर गर्नु आफ्ना लागि महत्वपूर्ण भएको' भन्दै फर्किएको बताए । उत्तरदाताले यो पनि बताए कि अन्तर्राष्ट्रिय पत्रकारहरु आफ्नो रूचिको क्षेत्र (जस्तै सगरमाथा भएको खुम्बु क्षेत्र) र उनीहरूमा गतल धारणा छ, बनावटी समाचार बनाएर पीडितको दुर्दशाको दुरूपयोग गरेका थिए ।

केही अन्तर्राष्ट्रिय समाचार संस्था जस्तै एनबीसी[१४], ले भूकम्पपछि क्षतिग्रस्त क्षेत्रको माथिबाट भिडियो लिन ड्रोनको प्रयोग गरी नयाँ शैलीको प्रयोगात्मक रिपोर्टिङ अपनाएका थिए । नागरिकहरु ड्रोन नजिकै उड्दा सुरक्षाप्रति चिन्तित भएका थिए भने नेपाल सरकारले मूल्यवान् ऐतिहासिक सम्पदाको कलात्मक तथ्य खिच्दा 'पछि दुरूपयोग'[१५] हुनेप्रति चिन्तित थियो । भूकम्पको लगत्तै नेपाल सरकारले अनुमतिबिना ड्रोन प्रयोगमा प्रतिबन्ध लगायो ।

14 NBC News crew briefly detained in Nepal for using a drone, https://www.politico.com/blogs/media/2015/05/nbc-news-crew-briefly-detained-in-nepal-for-using-a-drone-

15 Nepal bans use of drone, https://in.news.yahoo.com/nepal-bans-drones-060217482.html

केही उत्तरतालो भने अन्तर्राष्ट्रिय सञ्चार माध्यमले भूकम्पअघिको नेपालको समस्याको विषय (जस्तै : गरिबी, नियमनको कमी, पूर्वाधारमा लगानीको कमी, कर्मचारीतन्त्र, भर्खरै सकिएको गृहयुद्ध) र यसैले भूकम्पको प्रभावलाई जटिल बनाएको विषय बुझ्न नसकेको अनुभव सुनाए ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमप्रति उठेको अर्को आलोचना के हो भने उनीहरु खाली नकारात्मक : क्षति, दुःख, राहत वितरणमा असफलताजस्ता विषयमा मात्रै केन्द्रित हुन्थे । अन्तर्राष्ट्रिय सञ्चार माध्यमले सकारात्मक समाचारहरु जस्तै मानव उत्थानशीलता र पर्यटन उद्योग पुनः फस्टाएको जस्तो विषयलाई बेवास्ता गरेको अनुभूति गरेका थिए ।

विभिन्न उत्तरदाताले नेपालको पुनरूत्थान चरण र विशेषगरी इन्धनमा नाकाबन्दी, जुन नेपाल सरकारले भारतले गरेको आरोप लगाउँछ, जस्तो विषयमा ध्यान नदिएकोप्रति आलोचना गरे । नेपालका स्थानीय स्रोतलाई नबुझी दिल्लीस्थित सम्पर्कबाट जानकारी लिएर 'नेपाललाई भारतीय नजर' मार्फत हेरेको विषयमा पनि अन्तर्राष्ट्रिय सञ्चार माध्यमको आलोचना भयो । विभिन्न उत्तरदाताले भूकम्प गएको एक वर्ष पूरा भएको दिन ध्यान दिए पनि त्यसभन्दा अघि वा त्यसपछि कुनै ध्यान नदिइएको विषयमा पनि टिप्पणी गरे ।

## निष्कर्ष

अध्ययनले नेपाली पत्रकारले भोगेका विपद्पछिका धेरै चुनौतिहरु पहिचान गरेको छ । भूकम्प सम्बन्धी समाचारको दैनिक रिपोर्टिङ प्रभावित पारेको पत्रकारिता अभ्यासको बिषय जसले पत्रकार र सञ्चार गृह दुवैको भौतिक सुरक्षा पक्ष सुदृढीकरण गर्नुपर्ने आवश्यकता औंल्याएको छ । पत्रकारिता रणनीतिको मुद्दा र पत्रकारिय पहिचान भनी बृहत् रूपमा वर्गीकरण गरिएको अन्य चुनौतिले भौतिक सुरक्षा भन्दा पर उत्थानशीलता निर्माणमा जानुपर्ने आवश्यकता पहिचान गरेको छ । विपद् अघि र पछिको लागि बलियो समाचार रणनीति बनाउन आवश्यक छ, र नेपाली समाचार माध्यमको सुदृढीकरणको लागि सान्दर्भिक सम्पादकीय सीप तालिम प्रदान गर्न पनि (सुझावको लागि अध्याय ५ हेर्नुहोला) ।

राष्ट्रिय र क्षेत्रिय तहका पत्रकारले ग्रहण गर्न सक्ने साँस्कृतिक रूपमा सान्दर्भिक निर्देशिका निर्माणमा स्रोधसाधनको लगानी पनि उत्तिकै महत्वपूर्ण छ । अर्को महत्वपूर्ण, संवाददाता वा सम्पादक मात्रै नभएर पीडित पनि रहेका पत्रकारको भावनात्मक भलाई सुनिश्चितताका लागि एउटा सहायता प्रणाली पनि आवश्यक छ ।



सिन्धुपाल्चोक जिल्लाको साँगाचोकका बासिन्दा । दुर्गम गाउँका बासिन्दाहरू भूकम्पपछि आफूहरूले गरेको संघर्ष मिडियामा कम आएको गुनासो गर्छन् ।

*तस्विर : प्याट्रिक वार्ड*

अध्याय २

# विपद् व्यवस्थापनमा सञ्चारमाध्यमको भूमिका

विपद् व्यवस्थापन, पूर्वतयारी र विपद् जोखिम न्यूनीकरणमा छापा तथा विद्युतीय सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि समुदायमा आधारित सामुदायिक सञ्चारमाध्यमहरूले तत्काल समुदायसम्म पुगेर यथार्थ र वास्तविक जानकारी लिन सक्छन् ।

विपद्को समयमा सही सूचना र सञ्चारको अभावले समस्या अझ बढ्ने र जनधनको व्यापक क्षति हुने सम्भावना रहन्छ । त्यस्तोबेला प्रभावित समुदायलाई केही आधारभूत प्रश्नहरूको जवाफ चाहिन्छ । जस्तै के भएको हो ? हामीले के खाने ? बस्ने ठाउँ र खानेपानी कहाँ पाउन सक्छौं ? परिवारको कुनै सदस्य हराइरहेको छ भने हामी के गर्न सक्छौं? रोगजन्य महामारी फैलिन नदिन हामी के गर्न सक्छौं ?

मानवीय जीवन बचाउने, अस्तव्यस्त भइरहेको जनजीवनलाई सहजतर्फ लैजाने र विपद् पछि पुर्नस्थापनको कार्यलाई सहज र प्रभावकारी गराउनका लागिसकेसम्म धेरै मानिसहरूबीच विपद्सम्बन्धी सूचनाहरू पुग्नु पर्छ । यसले गर्दा प्रभावित समुदायहरु के भइरहेको हो र अब कसरी सुरक्षित हुने भन्ने विषयमा बुझ्न सक्छन् । यी त भए विपद्को समयमा सञ्चारमाध्यको भूमिका । तर, विपद् पूर्व र विपद्पछिको समयमा पनि सञ्चारमाध्यमहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

विपद्सम्बन्धी शिक्षा दिन, खतराको सङ्केत दिन, प्रभावित क्षेत्रको जानकारी सङ्कलन, विश्लेषण र प्रचार–प्रसार गर्न र सरोकारवालाहरूबीच सम्बन्ध र कार्यगत साझेदारी कायम गर्न सूचना तथा सञ्चार अनिवार्य छ । सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाजबीचको सम्बन्धलाई प्रगाढ बनाउन पनि सञ्चारको आवश्यकता पर्दछ । त्यसैगरी विपद् जोखिम न्यूनीकरण तथा रोकथाममा सामुदायिक सहभागिता प्रवर्द्धन गर्न र व्यत्तिगत उत्तरदायित्वको बोध गराउने कार्यमा सञ्चारमाध्यमहरूले नीतिगत तथा व्यवहारिक पैरवी गर्न सक्छन् ।

## विपद् पूर्व सञ्चारमाध्यमहरूको भूमिकाः

विपद् पूर्वतयारीले विपद्पछिको जोखिम न्यूनीकरणमा ठूलो योगदान पुऱ्याउन सक्छ । विपद् पूर्वको समयमा मिडियाले विपद् जोखिम न्यूनीकरणका उपायहरु जस्तैः सुरक्षाका लागि अपनाउनुपर्ने उपायहरु, जोखिम न्यूनीकरणका लागि समुदायका असल अभ्यास, जोखिम न्यूनीकरणका उपायसम्बन्धी जनचेता, विपद्सम्बन्धी नीतिगत सुधारका लागि बहस र विपद् जोखिम व्यवस्थापनमा सामाजिक समावेशीकरणका लागि पैरवी गर्न सक्छन् । विपद् पूर्व विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणका लागि मिडियाले मुख्य रूपमा निम्न विषयवस्तुसँग सम्बन्धित शन्देसहरु प्रवाह गर्नु आवश्यक हुन्छः–

- विपद् प्राकृतिक प्रक्रिया होइन तर प्रकोप प्राकृतिक प्रक्रिया हो । विपद्को प्रभाव रोकथाम तथा न्यूनीकरण गर्न सकिन्छ ।
- विपद् रोकथामका कार्यले तत्काल प्रतिफल दिन्छ । विपद् रोकथाममा गरिएको खर्च एक किसिमको लगानी हो ।
- विपद्का कारण तत्काल मानवीय प्रभाव र संरचनाको नोक्सानमात्र हुँदैन कि यसले दीर्घकालीन रूपमा दिगो विकासमा प्रभाव पार्नुका साथै आम जनतालाई गरिबीको दुश्चक्रतर्फ धकेल्छ ।
- विपद् जोखिम न्यूनीकरण मानवीय धारणको परिवर्तनद्वारा जीवन र जीविकोपार्जनको रक्षासँग सम्बन्ध राख्दछ । यो विपद् उद्धार तथा राहतभन्दा विपद् रोकथाममार्फत् समुदायको सङ्कटासन्नता न्यूनीकरणसँग सम्बन्ध राख्दछ ।
- मानिसलाई सुरक्षित र मर्यादापूर्ण जीवन बाँच्ने अधिकार छ । आफ्ना नागरिकको रक्षा गर्नु राज्यको दायित्व हो । यसका लागि स्थानीय देखि राष्ट्रिय तहमा दिगो विकासका रणनीतिहरुमा विपद् जोखीम न्यूनीकरणलाई एकीकृत गरिनु आवश्यक छ ।
- समुदायको सङ्कटासन्नता न्यूनीकरणका लागि अस्पताल, विद्यालयजस्ता अन्य सबै संवेदनशील संरचनाहरु सुरक्षित हुनु आवश्यक छ । समुदायको उत्थानशीलता प्रवर्द्धनका लागि विद्यालय र अस्पतालजस्ता संवेदनशील संरचनाहरुको सुरक्षा गर्नु राज्यको दायित्व हो ।
- पूर्वचेतावनी प्रणालीको व्यवस्थाले मानवीय जीवन जोगाउन सकिन्छ । यदि विपद् आउनुपूर्व विपद्को खतरासम्बन्धी साइरन बजेमा विपद्को समयमा मानवीय क्षति कम हुन्छ ।
- सुरक्षित संस्कृतिको निर्माणका लागि आम समुदायलाई सुसूचित गराउनु आवश्यक छ । मानिसहरुलाई स्वास्थ्य वा यातायातसम्बन्धी जानकारी वा सूचना दिएजस्तै विपद् को जोखिमबाट सुरक्षित रहनका लागि ज्ञान, सिप र स्रोतसाधन प्रदान गरिनुपर्छ ।
- हामी सबैका लागि सुरक्षित र स्वस्च्छ वातावरण आवश्यक छ । प्राकृतिक विपद्को प्रभाव न्यूनीकरणका लागि वातावरण संरक्षण गर्नु सबैको दायित्व हो ।
- विपद् जोखिम व्यवस्थापनसँगै जलवायु परिवर्तन अनुकूलनका कार्य प्रारम्भ गर्नुहोस् ।

जलवायु परिवर्तनका कारण आँधिवेशरी, बाढी र भोकमरीको आवृत्ति र तीव्रता वृद्धिहुने सम्भावना रहन्छ । जलवायुसँगसम्बन्धित विपद्को प्रभावसँग जुझ्नका लागि समुदायलाई सक्षम बनाइनुपर्छ ।

## विपद्को समयमा मिडियाको भूमिका :

विपद्को समयमा मानिसहरु आफूले आँखा अगाडि जे देख्न सकेका छन् त्यत्ति मात्र थाहा पाउँछन् । यस्तो बेलामा विशेष गरी रेडियो वा "अम्याचर रेडिया" मार्फत् विपद्को व्यापकता र प्रभावका बारेमा तथ्यगत अवस्था बताउन सक्छन् । प्राप्त सूचनाका आधारमा मानिसले आफू यथास्थानमा रहने कि भाग्ने वा भागेर कुन दिशातिर लाग्ने निर्णय गर्न सक्छन् । विपद्को तत्कालीन समयमा मिडियाहरूले राहत र उद्दार, सहयोग र पुनर्निर्माणका कामका बारेमा सूचना दिने र समुदायका आवाजहरु सम्बन्धित निकायसम्म पऱ्याउन सक्छन् । यसका अलवा विपद् को समयमा मिडियाले निम्नानुसार भूमिका निर्वाह गर्न सक्छन् :–

- आम समुदायलाई समयमै तथ्यगत सूचना दिने ।
- आम समुदायलाई तत्काल चालिनुपर्ने कदमबारे सल्लाह दिने ।
- सरकार र सहयोगी निकायका कार्यबारे सुसूचित गर्ने ।
- सीकान्तीकृत तथा पछाडि परेका समुदायका सवाल र उनीहरूको कल्याणका लागि सन्देशहरु दिने ।
- प्रभावित समुदाय, तिनका आफन्त, साथी र परिवारहरूबीच सञ्चारका लागि सहजीकरण गर्ने ।
- प्रभावितहरूको आवश्यकतालाई मूल मुद्दाको रूपमा उठाउने ।
- विपद्पछि हुनसक्ने थप जोखिम र क्षतिका सम्भावनाबारे सञ्चार गर्ने ।
- अन्तर्राष्ट्रिय मान्यता अनुरूप राहत तथा उद्दारका कार्य भएको वा नभएको अनुगमन गर्ने ।
- राहत तथा उद्धारमा सक्रिय संघ संस्थाहरूलाई प्रभावितहरूको आवश्यकताबारे सुसूचित गर्ने ।

## विपद् पश्चात् मिडियाको भूमिका :

- विपद् आइलाग्नु भन्दा पहिले अथवा विपद् आइसकेपछि, सञ्चार माध्यमले मानिसलाई कस्तो विपद् आउँदैछ, यसबाट बच्न के कुरा थाहा पाउनुपर्छ र यस्ता बेलामा कसले सहायता गर्न सक्छ भन्नेबारेमा बताइदिन सक्छन् ।
- स्थानीय सञ्चार माध्यम (सामुदायिक रेडियो)ले विश्वसनीय सूचना दिंदा उद्धार गर्ने सरकारी संस्था र मानवीय सहायता प्रदान गर्ने संस्थाले धेरै मानिसलाई चाँडै उद्धार गर्न र सहायता पुऱ्याउन सक्छन् ।

- ④ स्थानीय सञ्चार माध्यमले स्थानीय समुदायलाई विपद् सम्बन्धी आफूसँग भएका जानकारी, अनुभव र आफ्नो चासोका कुरा बताउने अवसर दिन्छन् ।
- ④ मानवीय सहायता प्रदान गर्ने समुदाय र स्थानीय मानिसका बीचमा प्रभावकारी सञ्चार स्थापित गर्नका लागि प्रचार अभियानले उति राम्रो काम गर्दैन । यस्तो अवस्थामा स्थानीय समुदायले स्थानीय सञ्चार माध्यममार्फत् प्रभावकारी सञ्चार गर्न सकिन्छ ।
- ④ स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा मानवीय सहायता प्रदान गर्ने संस्था बीचमा रचनात्मक सम्बन्ध गाँसिन्छ । स्थानीय रिपोर्टरले समुदायलाई सहायता प्राप्त गर्नका लागि सहजीकरण गर्न सक्छन् । सञ्चारकर्मीले सहायतासम्बन्धी समस्याका बारेमा आलोचनात्मक रिपोर्टिङ मात्र होइन रचनात्मक सार्वजनिक बहस चलाउन पाउँछन् ।

## विपद् सञ्चारको प्रभाव:

सञ्चार प्रविधिमा भएको विकास, नागरिकको शैक्षिकस्तरमा सुधार र पूर्वचेतावनी प्रणालीको विकासका कारण विपद्को जोखिम न्यूनीकरणमा यथेष्ट योगदान पुगेको छ । सञ्चारमाध्यको प्रयोगले विपद्को समयमा हजारौँ मानिसको जीवनरक्षा भएको उदाहरण छन् । तर, सञ्चारमाध्यमबाट दिइने गलत सूचनाले भने उल्टै मानिसको जीवन जोखिममा पनि पर्न सक्छ ।

सन् १९७० मा बङ्गलादेशको दक्षिणपूर्वी क्षेत्रमा आएको समुद्री आँधीले तीनलाख मानिसको ज्यान लिनुका साथै १३ लाख मानिसलाई घरबारविहीन बनाएको थियो । सन् १९८५ मा त्यसै क्षेत्रमा आएको उस्तै क्षमताको आँधीमा परेर मात्र एक हजार मानिसको मृत्यु भयो । तर, मानवीय मृत्युको सङ्ख्या भने निकै कम रह्यो । बङ्गलादेशमा सन् १९७० र १९८५ बीचको १५ वर्षमा सञ्चारक्षेत्रले विपद् पूर्वतयारी गर्न र समुदायको विपद्सँग लड्ने क्षमताको विकास गर्न ठूलो सहयोग गरेको थियो ।

अमेरिकामा सन् १९५० देखि १९५९ बीचमा समुद्री आँधीबाट एकहजार चारसय मानिसले ज्यान गुमाएका थिए । त्यसपछि सञ्चारमाध्यममा आधुनिक प्रविधिको विकास र चेतना अभिवृद्धिमा भएको विस्तारसँगै सन् १९८३ देखि १९९२ बीचको अवधिमा मानवीय क्षतिको मात्रामा कमी आएको थियो । त्यसबेला पाँचसय एक्काइस मानिसको ज्यान गएको थियो । त्यस्तै भारतको आन्ध्रप्रदेशमा सन् १९७७ मा आएको आँधीमा परी १० हजार मानिसको ज्यान गएको थियो । तेह्र वर्षपछि त्यही ठाउँमा आएको उत्तिकै शत्तिशाली आँधीबाट ९ सय १० मानिस मारिएका थिए ।

नेपालमा पनि वि.सं. २०७२ साउनमा सिन्धुपाल्चोक जिल्लाको राम्चे र माङखाको सीमानामा पर्ने जुरेटार बजारमा भीषण पहिरो गएको थियो । पहिरोका कारण भोटेकोसी नदी थुनिँदा एक लिोमिटर लामो ड्याम बनेको थियो भने बाह्राबिसे बजार समेत डुबानमा परेको थियो ।

तर तत्काल प्रहरीको सहयोगमा स्थानीय सञ्चारमाध्यमहरूले निरन्तर पहिरोबाट बच्नका लागि सुरक्षित स्थानतर्फ लाग्न सबैलाई अनुरोध गरेका कारण धेरैजना सम्भावित जोखिम बाट बचेका थिए ।

वि.सं. २०६९ सालमा कास्कीको सेती नदीमा आएको बेमौसमी बाढीका कारण खारापानी, हेम्जा लगायतका क्षेत्रमा ठूलो जनधनको क्षतिभएको थियो । बाढीको बारेमा एक प्रत्यक्षदर्शीले स्थानीय अन्नपूर्ण एफएमलाई फोन गरेर खबर गरिदिए । एफएमले बाढी आउँदै गरेको खबर प्रसारण गर्नुका सार्थ स्थानीय समुदायलाई सुरक्षितस्थानतर्फ लाग्न अनुरोध गर्‍यो, फलस्वरूप धेरैले ज्यान बचाउन सफल भएका थिए ।

## विपद्को समयमा सञ्चारमाध्यमहरूको दायित्व :

सूचना तथा जानकारीमार्फत् सुरक्षित समुदायको निर्माणमा मद्दत पुर्‍याउनु सञ्चारमाध्यमको दायित्व हो । सञ्चारमाध्यमहरूले विभिन्न भौगोलिक क्षेत्रमा रहेका समुदायका अनुभव, स्थानीय ज्ञान, सीप तथा प्रविधिसम्बन्धी जानकारी प्राप्त गर्न सक्छन् । यस्ता जानकारीहरूले सञ्चारमाध्यमहरूलाई विपद्न्यूनीकरणमा कार्यरत कर्मचारी, संघसंस्था र समुदायहरूको काम गर्ने तरिका बुझ्न, एकसाथ काम गर्न र कार्यप्रणालीलाई अझ प्रभावकारी बनाउन मद्दत पुर्‍याउँछ । विपद् व्यवस्थापनमा संलग्न सामुदायिक संस्थाले सञ्चारमाध्यम तथा सर्वसाधारणलाई उपलब्ध गराउने जानकारी तथ्यपरक हुनुपर्दछ । कुन विषयमा बहस चलाउँदा स्थानीय समुदायका अतिरिक्त फरक भौगोलिक क्षेत्रमा बसोवास गर्ने समुदायले लाभ प्राप्त गर्न सक्दछन् भन्ने विषयको पहिचान सबैभन्दा महत्वपूर्ण हुन्छ । तथ्यपरक सन्देशले नै समुदायलाई विपद्बाट बच्न अपनाउनुपर्ने सुरक्षा उपाय उपलब्ध गराउँनुका साथै विपद्को सामना क्षमता अभिवृद्धि गरी सामुदायिक सशक्तीकरणमा सहयोग पुर्‍याउँछ । त्यस्तै सरकार, अनुसन्धाता तथा विशेषज्ञ वा वैज्ञानिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबीचको सम्बन्धले विपद्सम्बन्धी कार्यका फरक उद्देश्य र आवश्यकताको पहिचान गराउँदछ । यस्ता परक आवश्यकता र उद्देश्यको आपसी पहिचान गर्दै सहकार्य र सहयोग विस्तार गर्ने अवसर प्राप्त हुन्छ ।

विपद्को समयमा सबैभन्दा जोखिममा रहेका र पछाडि पारिएका समुदायको मुद्दालाई प्राथमिकताका साथ उठाउनुपर्छ । त्यसैगरी विपद्मा उपलब्ध हुने राहत कोषमा प्राप्त भइरहेका सहयोग र त्यसबाट भएका खर्चको जानकारी पाउने ।

### विपद् रिपोर्टिङ :

अधिकार पनि विपद्सँग सम्बन्ध रहने हरेक पक्षसँग रहेको हुन्छ । यसले विपद् जोखिम न्यूनीकरणका लागि जानकारीमूलक सन्देश प्रसारण गरेर समुदायलाई विपद् जोखिम न्यूनीकरण गर्नसक्ने क्षमता अभिवृद्धि गराउने र विपद् व्यवस्थापनमा सुशासन कायम गर्न मद्दत पुग्छ ।

## विपद् जोखिम न्यूनीकरणका लागि संचार रणनीति :

नेपालमा छापा, प्रसारण तथा इन्टरनेट माध्यमको विकाससँगै विद्यालय, कलेज तथा विश्वविद्यालयतहमा पत्रकारिता विषयको अध्ययन अध्यापन गराउने होड छ । विभिन्न तालिम इन्स्टिच्युटहरूमा छोटा वा लामा अवधिका तालिम उपलब्ध छन् । जनशक्तिको संख्या एवं दक्षतामा आएको सकारात्मक परिवर्तनका कारण नेपाली मिडिया व्यवसायिक बन्दै गएको छ । यद्यपि, नेपालको सन्दर्भमा विपद् रिपोर्टिङ नौलो विषय हो । अधिकांश मिडियाहरूले बाढी, पहिरो, आगालागी, भूकम्प, महामारीजस्ता विपद्जन्य घटनाहरु भएको समयमामात्र घटनाको रिपोर्टिङ गर्ने गरेका छन् । मिडिया हाउसहरूमा विपद् रिपोटिङका लागि योजना छैनन् । विपद् रिपोर्टिङका लागि पत्रकारहरूको सीप, क्षमता तथा दक्षता अभिवृद्धिका लागि खासै पहल हुन सकेको छैन । विपद्लाई विशेषगरी दैवीय कारणको रूपमा लिने नेपाली समाजको प्रतिविम्ब नेपाली मिडियाको विषयवस्तूमा पनि देखिन्छ ।

विपद्को समयमा समाचार प्रकाशन, प्रसारण गर्ने गरिएता पनि विपद् पूर्वको समयमा पूर्वतयारी र विपद्पश्चात् पुनर्निर्माण तथा पुनर्लाभको सवालमा नेपाली मिडियाको भूमिका आवश्यकताअनुरू हुन सशक्त हुन सकेको छैन । संचार गृहहरूसँग विपद्पूर्प, विपतको बेला र विपदपछिको अवस्थामा कस्ता सूचना नागरिकलाई दिने र आपतकालीन अवस्थामा मिडियको भूमिका अझैं सशक्त हुन सकेको छैन । संचारगृहमा विपत्तसम्बन्धी समाचार सङकलन र सम्प्रेषणका लागि विशेष योजना र निर्देशिकाहरु बनाएका छैनन् । यसतर्फ सञ्चारमाध्यमहरूले ध्यान दिनु आवश्यक हुन्छ । विपद् रिपोर्टिङमार्फत् समुदायको विपद् उत्थानशीलता प्रवर्द्धनका लागि सञ्चारमाध्यमहरूले देहायबमोजिम रणनीतिहरु अपनाउन सक्छन्ः–

## विपद् रिपोर्टिङका लागि सञ्चारमाध्यमहरुले गर्नुपर्ने रणनीतिक क्रियाकलापहरु :

- ④ विपद् र विपद् रिपोर्टिङका लागि सञ्चार गृहको आन्तरिक आपत्कालीन योजना तयार गर्ने ।
- ④ विपद् रिपोर्टिङका लागि निर्देशिका तय गर्ने । पूर्व चेतावनीसम्बन्धी सन्देशका लागि सन्देश प्राप्त गर्ने र प्रसारण वा प्रकाशन गर्न योजना बनाउने ।
- ④ विपद्का कारणहरूको अध्ययनका लागि समय र बजेट छुट्याउने ।
- ④ संवाददाताहरूको विपद् जोखिम न्यूनीकरणसम्बन्धी ज्ञान तथा सिप अभिवृद्धिका लागि विपद् पूर्वतयारी वा विपद् सञ्चारसम्बन्धी मिडिया तालिममा पठाउने ।
- ④ विपद् व्यवस्थापनमा मिडियाको भूमिकाको बुझाइले नीतिगत परिवतर्न तथा सुधारमा मद्दत पुग्छ । त्यसैले बाढी, पहरिो, आगलागी, हुरीबतास, जलवायु परिवर्तन, भूकम्पलगायतका विपद्जन्य घटनाहरूका बारेमा जनचेतनामूलक कार्यक्रमहरु उत्पादन, प्रकाशन र प्रसारण गर्ने ।
- ④ विपद् जोखिम न्यूनीकरणमा समुदायका ज्ञान र सिपलाई प्रवर्द्धन गर्ने ।
- ④ विपद्पूर्व विपद् व्यवस्थापनसँग सम्बद्ध विज्ञहरूको सूचि र उनीहरूको विज्ञताको क्षेत्रसम्बन्धी सम्पर्क डायरी तयार गर्ने ।

- विपद्को गहन रिपोर्टिङका लागि सहरी जोखिम, पूर्वचेतावनी प्रणाली, जलवायु परिवर्तन, वातावरण, स्वास्थ्य, सविकास, लैङ्गिक समावेशीकरणसँग सम्बन्धित विज्ञहरूको सम्पर्क सूचि र सन्दर्भ सामग्रीहरु तयार गर्ने ।
- जल तथा मौसम विज्ञान विभाग, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग, गृहमन्त्रालय विपद् व्यवस्थापन शाखा, विपद् व्यवस्थापन प्राधिकरण, विभिन्न संघसंस्था र सुरक्षा निकायका सम्पर्क व्यक्ति र संस्थाहरूको सम्पर्क सूची तय गर्ने । विपद्सम्बन्धी तथ्य र तथ्याङ्कहरु नियमित अपडेट गर्ने तथा संभावित जोखिमसँग सम्बन्धित विज्ञहरूसँग नियमित छलफल तथा सम्पर्कमा रहने ।
- विपद् सङ्कटासन्न क्षेत्रहरूको पहिचान गर्ने र आपत्कालीन अवस्थाका लागि आवश्यक स्रोतसाधनहरूको जोहो गर्ने ।
- विपद् जोखिम न्यूनीकरणमा सरकारी पहल, योजना र रणनीतिबारे सञ्चारसंस्थाभित्र आन्तरिक प्रशिक्षण तथा छलफल लगायतका कार्यक्रम गर्ने ।

## विपद्बारेको समाचार संकलनसम्बन्धी व्यावहारिक ज्ञान

विपद्सँग सम्बन्धित समाचार संकलन र लेखन शैली अन्य समाचार लेखनभन्दा भिन्न हुनुपर्दछ । विपद्सँग सम्बन्धित समाचार सामग्रीहरूमा विपद्बाट प्रभावित समुदायको जीवन सुरक्षाका विषयहरु समावेश हुनुपर्दछ । यस प्रकारका समाचार सामग्रीहरु दैनिक जीवनमा उपयोगी र व्यावहारिक हुनुपर्दछ । विपद् सम्बन्धी समाचारहरु विपद्बाट प्रभावित समुदायका बारेमा नभएर उनीहरूका लागि तयार पारिनु पर्दछ । यस्तो बेला संकलन गरिने समाचारमा खाद्यान्न, सुरक्षित बसोबास, आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधी उपचार, सरसफाई, पोषण, शिक्षा तथा मानसिक स्वास्थ्यसँग सम्बन्धित विषयहरु समावेश गरिनु पर्दछ । त्यसै गरी विपद् सम्बन्धी समाचारहरु सत्य र तथ्यमा आधारित हुनुपर्छ साथै निष्पक्षता, सन्तुलन, विश्वसनीयता, सम्पादकीय पेशाधर्मिता र स्वतन्त्रता विपद् सम्बन्धी समाचार संकलनका आधारभुत सिद्धान्तहरु हुन् ।

अन्य विषयमा गरिने समाचार संकलनका सामान्य आधारभूत पक्षहरु विपद्बारेका समाचार संकलनमा पनि लागु हुन्छन् । विपद् सम्बन्धी हरेक समाचार संकलकले विपद् कहिले भयो ? कहाँ भयो ? विपद् ले सबैभन्दा धेरै असर कसलाई गऱ्यो ? विपद् बाट को को प्रभावित भए ? कसरी विपद् निम्तियो ? मानिसहरु कसरी सुरक्षित रहन सक्छन् ? उनीहरूले आवश्यक सहयोग कसरी प्राप्त गर्न सक्छन् ? जस्ता प्रश्नहरूको उत्तर दिनै पर्दछ ।

विपद्का बारेमा समाचार संकलन गर्ने पत्रकारले पहिले नै यस सम्बन्धमा आवश्यक अध्ययन गरी धेरथोर जानकारी लिएर जानु पर्दछ । विपद्का बेला प्रभावकारी रूपमा समाचार संकलन गर्न निम्न चरणहरू अनुसरण गर्नु आवश्यक हुन्छ :

④ **सामग्री समिक्षा :** विपद्सँग सम्बन्धित अध्ययन सामग्रीहरू (समाचार/लेख) को अध्ययनले समाचार संकलनका लागि कसरी काम गर्ने भन्ने दृष्टिकोण प्रदान गर्दछ ।

④ **सम्पर्क :** उद्धार तथा राहत संलग्न व्यक्ति तथा संस्थाहरूको सम्पर्क सुची तयार पारेर लगेमा मा उपयोगी हुन सक्छ ।

④ **सूचना प्रमाणीकरण :** विपद्को बेलामा अनावश्यक हल्ला फैलनु सामान्य घटना हो । त्यसैले, आफूले संकलन गरेका सूचना तथा जानकारीहरू सत्य भएको प्रमाणित गर्नु आवश्यक हुन्छ ।

④ **प्रभावित तथा प्रत्यक्षदर्शीबाट संकलन गरिएका सूचना :** सञ्चारका सम्भावित माध्यमको प्रयोग गरी आफै संलग्न भई प्रत्यक्ष रूपमा सूचना तथा जानकारी संकलन गर्ने । सम्भव भएसम्म अधिकतम व्यक्तिहरूसँग कुराकानी गर्ने प्रयास गर्ने र प्राप्त जानकारीलाई प्रशासन, अस्पताल र मानवीय क्षेत्रमा कार्य गर्ने निकायहरूको विवरणसँग तुलना गर्ने ।

④ **सूचना व्यवस्थापन :** प्राप्त सम्पूर्ण सूचनाहरू समाचार बन्न योग्य हुँदैनन् । त्यसैले जानकारीहरूलाई अलग अलग गरेर छुट्याउनुपर्दछ ।

④ **सूचना विश्लेषण :** समाचार सम्प्रेषण गर्दा यसले विपद्बाट प्रभावित मानिसहरूलाई प्रमुख रूपमा लक्षित गर्नुपर्छ भन्ने कुरालाई मध्येनजर गर्नुपर्दछ । त्यसैले सूचना उचित छ या छैन भनेर समाचार सम्प्रेषण गर्नु अघि विश्लेषण गर्नु आवश्यक छ ।

④ **सूचना तथा जानकारीको प्राथमिकीकरण :** कुन सूचना पहिला सम्प्रेषण गर्ने भन्ने कुरा अगाडि नै निर्णय गर्नु पर्दछ ।

विपद्का विभिन्न चरण अनुसार विपद्बाट प्रभावित व्यक्तिका आवश्यकता पनि फरक फरक हुन्छन् र त्यस्तै भिन्नता समाचार संकलनमा पनि हुन्छ । वास्तवमा, विपद् सम्बन्धी समाचारका तीन चरणहरू छन् र सूचना संकलन त्यसै अनुसार फरक पर्न जान्छन् ।

④ **प्रथम चरण (विपद्को समय) :** विपद् का बेला विपद्बाट प्रभावित मानिसहरूलाई सुरक्षाको जानकारी आवश्यक हुन्छ । विपद् लगत्तै मानवीय सहायता उपलब्ध हुनु सम्भव छैन । उद्धारका लागि सहयोग प्राप्त नहुन्जेलसम्म सहयोग र सहकार्य अत्यन्त महत्वपुर्ण हुन्छ । तसर्थ, सञ्चार माध्यमले यी तथ्यहरू मध्येनजर गर्दै विपद्बाट प्रभावित मानिसहरूलाई आवश्यक पर्ने सामग्रीहरूलाई प्राथमिकता दिनु पर्दछ ।

④ **दोस्रो चरण (विपद् को केही दिनपछि) :** उद्धार चरण सकिएपछि उपलब्ध सहयोगको प्रंकार, विपद् को पुनरावृत्ति र सुरक्षाका विषयमा बुझेर आफ्नो आवासमा फर्कन मानिसहरू उत्सुक हुन्छन् । यस बखतमा विनासका बारेमा मात्रै प्रसारण गर्नु उचित

हुँदैन । सामान्य अवस्थामा फर्काउन सहयोग पुग्ने गरी समाचार सम्प्रेषण गर्ने लक्ष्य राख्नु पर्दछ ।

④ **तेश्रो चरण (पुनर्लाभ तथा पुनर्निर्माण) :** विपद्को असर सकिएपछि मानिसहरु जीवनलाई सामान्य अवस्थामा फर्काउन चाहन्छन् । यस अवधिमा मिडियाले विपद् बाट प्रभावित मानिसहरूलाई आफ्ना घर कसरी फर्कने तथा कसरी बालबालिकालाई विद्यालयमा पठाउने र आफ्नो कार्य पुनः सञ्चालन गर्ने भन्ने बारेका प्रश्नहरूको जवाफ दिने लक्ष्य राख्नुपर्दछ । बासस्थान गुमाएकाहरूका लागि मिडियाले सरकारद्वारा पुनर्निर्माणका लागि के सहयोग दिएको छ साथै उक्त सहयोग प्राप्त गर्न कति समय कुर्नुपर्ने हो त्यसबारे पनि जानकारी दिनुपर्दछ ।

विपद् का समाचार संकलन गर्ने पत्रकारहरूका लागि महत्वपुर्ण सुझावहरु :

**पीडीतसँगको कुराकानी गर्दा :**

- ✓ सधैं प्रभावित समुदायको मर्यादा र आत्मसम्मानको आदर गर्ने,
- ✓ आफू कोसँग र किन कुरा गर्दैछु भन्ने निश्चित गर्ने
- ✓ आफूलाई धेरै कुराको जानकारी भए पनि अन्तवार्ताको समयमा उल्लेख नगर्ने
- ✓ प्रभावित व्यक्तिलाई निरूत्साहित गर्ने किसिमका प्रश्नहरु नसोध्ने,
- ✓ विपद् का कारण निधन भएका वा हराएका व्यक्तिका सम्बन्धमा प्रश्न सोध्दा संवेदनशील हुने
- ✓ हराएका व्यक्तिहरूका बारेमा लेख्न र उनीहरूको तस्वीर छाप्नु छ भने परिवार वा नातेदारको अनुमति लिने,

**प्रभावित व्यक्तिका बारेमा लेख्दा :**

- ✓ व्यक्तिहरूको जीवनलाई उचित प्राथमिकता दिने
- ✓ संकलन गरेको जानकारी तथ्यपरक तथा विश्वासनीय भएको प्रमाणित गर्ने
- ✓ पीडीत तथा सम्बन्धित व्यक्तिको तस्वीरका बारेमा अधिकतम जानकारी दिने प्रयास गर्ने
- ✓ पीडीतलाई थप पीडा हुने सामग्री तथा तस्वीर नराख्ने

**मानसिक आघात (Trauma) सम्बन्धी समाचार संकलन गर्दा :**

- ✓ कसैलाई भेट्नु वा अन्तवार्ता लिनुभन्दा पहिले आफुलाई चाहिएको सूचना के हो स्पष्ट हुने,
- ✓ आफूमा कस्तो भावना पैदा हुन्छ त्यसमा एकदम सतर्क हुनुपर्छ,
- ✓ गाह्रा प्रंश्न सोध्नु उचित होला कि नहोला निर्क्योल गर्ने
- ✓ सक्रिय सुनाइ सीप प्रयोग गर्ने – उचित तरिकाले आँखामा हेरेर कुरा गर्ने, कुराकानीमा रूचि भइराखेको छ तथा यसमा ध्यान दिइरहेको छु भन्ने संकेत गर्ने खालका शारीरिक हाउभाउ प्रकट गर्ने, अन्तर्वार्ता दिने व्यक्ति कसरी यताउता चल्ने चलमलाउने गरेका छन् त्यसको अर्थ बुझ्ने,
- ✓ **छलफलको ढाँचा तय गर्ने :** यसले तपाईं र अन्तवार्ता दिने व्यक्ति दुवैलाई सापेक्षिक सुरक्षाको अनुभूति प्रदान गर्छ,
- ✓ **विश्वस्त र स्पष्ट हुने :** के भएको हो भन्ने तथ्यमा टेकेर नै अन्तर्वार्ता सुरूवात गर्ने,
- ✓ सरल तथा खुला प्रश्नहरु सबैभन्दा उचित हुन्छन ।

- ✓ जिज्ञासु बन्ने
- ✓ पुनरावलोकन गर्ने ।

(स्रोत : पत्रकारिता तथा मानसिक आघातका लागि डार्ट सेन्टर)

पत्रकारको प्रमुख दायित्व जानकारी संकलन गरेर तीनलाई कथामा बुनेर प्रकाशनका लागि योग्य बनाउनु हो । तापनि पत्रकारहरूले विभिन्न परिस्थिति अनुसार विभिन्न रणनीति अपनाउनुपर्ने हुन्छ । सामान्य अवस्थामा लागू हुने तरिका आपत्कालीन अवस्थामा लागु नहुन सक्छन् । विपद् बारे समाचार संकलन गर्ने पत्रकारले गर्न हुने तथा गर्न नहुने केही कुराहरु यस प्रकार छन् :

**गर्न हुने :**

- ✓ आफू सुरक्षित रहने
- ✓ योजनाबद्ध रूपमा काम गर्ने
- ✓ विपद् बाट प्रभावित समुदायको वास्तविक अवस्था देखाउने प्रयास गर्ने
- ✓ समाचारको पृष्ठभूमि तयार पार्ने
- ✓ समाचार लेख्दा वा प्रसारण गर्दा धैर्य हुने (शान्त रहने)
- ✓ स्रोत उल्लेख गर्ने
- ✓ सन्दर्भ उल्लेख गर्ने

**गर्न नहुने :**

- × हल्लाको पछाडि नलाग्ने
- × समाचार संकलन गर्दा प्रस्तुत विषयवस्तुमाथिका सबै जिज्ञासा मेटाउने प्रयास गर्ने
- × अन्तवार्ताका लागि हतार नगर्ने
- × पीडितलाई सहयोगको आश्वासन नदिने
- × कसैको प्रभावमा नपर्ने ।

विपद् रिर्पोटिङ https://unesdoc.unesco.org/ark:/48223/pf0000244830?posInSet=5&queryId=58f0e75d-c2e6-4bcc-a4d4-1cef176a0e3b

अध्याय ३

# जलवायू परिवर्तन, प्रकोप र मिडिया

विपद्ले जलवायू परिवर्तनको सन्दर्भलाई सतहमा ल्याउँछ र प्रायजसो विश्वव्यापी तापमान बृद्धि, वन विनाश वा वन क्षयीकरणसँग सम्बन्धित हुन्छ । नेपालसहित विश्वभरका धेरै मानिसहरूका लागि यो अन्तरसम्बन्धबारे जानकारी नहुन सक्छ । जलवायू परिवर्तन र यसले कसरी विपद् निम्त्याउँछ भनी बुझ्नु नेपालजस्तो विपद्पछिको समाजको लागि महत्वपूर्ण छ । पत्रकारको लागि जलवायू परिवर्तन सम्बन्धी हातेपुस्तिकाबाट अंगीकार गरिएको यो अध्यायले यो हाम्रो समयको महत्वपूर्ण 'कथा' किन हो र कसरी पत्रकारले यसको प्रभाव न्यूनीकरणको लागि सहयोग गर्न सक्छन् भनेर वर्णन गर्छ ।

पृथ्वीको तापमान सधैं परिवर्तन हुन्छ तर मानवीय क्रियाकलापका कारण अहिले यो हजारौं वर्षदेखिको भन्दा तीव्र रूपमा बढिरहेको छ । यसले खाद्य र पानी सुरक्षा, राजनीतिक र आर्थिक स्थायित्वदेखि जीविकोपार्जन र समग्र परिदृश्यमा चुनौति थपेको छ । तर, यसले राजनीतिज्ञ, व्यवसायिक नेतृत्व तथा समुदायलाई सबैको लाभ हुने गरी काम गर्न अवसर पनि दिएको छ । यसले स्थानीय स्तरमा वा बृहत् विश्वमा नयाँ व्यापार मोडल र अन्वेषण, दीगो विकासको लागि नयाँ मार्ग र परम्परागत सीपको लागि अवसर सिर्जना गर्न सक्छ ।

## जलवायु परिवर्तन हरेक पत्रकार र सञ्चार गृहका लागि किन चासो हुनुपर्छ ?

### के जोखिममा छ ?

पृथ्वीको जलवायु सधैं परिवर्तन भइरहन्छ । अहिले भने जलवायु परिवर्तनको गतिमा तीव्रता आएको छ किनभने एक हजार वर्षअघिभन्दा अहिले मानिसको क्रियाकलाप चरम रूपमा बढेको छ । आज वैज्ञानिक तथा राजनीतिज्ञले जलवायु परिवर्तनका बारेमा भन्न खोजेको पनि यही हो । परिवर्तन भएको जलवायुलाई पूर्ववत् अवस्थामा लान सकिँदैन । यसले हामी सबैको जीवन र समाजको हरेक तहलाई असर गर्छ । हाम्रो स्वास्थ्यदेखि खानासम्म र व्यापारदेखि राष्ट्रिय अर्थतन्त्र सबै यसको चपेटामा पर्ने निश्चित छ ।

अफ्रिकामा जलवायु परिवर्तन गाइडबुक २ को मूल संस्करणमा जलवायु परिवर्तनका कारण अफ्रिकन राष्ट्रहरूले हासिल गरेका धेरै विकासका संरचनाहरु पूर्ववत् अवस्थामा नै फर्किने

खतरा रहेको उल्लेख थियो । उक्त कुरा एसिया र प्यासिफिक क्षेत्रमा रहेका देशहरूमा पनि लागु हुन्छ । यसले खाद्य सामग्री र खानेपानीदेखि राजनीतिक र आर्थिक स्थायित्व तथा जीविकोपार्जनदेखि प्रकृतिसम्म सबैलाई जोखिम सिर्जना गरेको छ । तर, यसले राजनीतिज्ञ, व्यापारी नेता तथा एसिया र प्यासिफिक क्षेत्रका समुदायलाई अवसर पनि प्रदान गरेको छ । जसका कारण सबैलाई फाइदा पनि हुन सक्छ । यसले घर तथा संसारलाई नै सकारात्मक प्रभाव पार्ने नयाँ आविष्कार, व्यापारको नयाँ तरिका, दिगो विकासका लागि नयाँ मार्ग र पुरातन ज्ञानलाई प्रयोग गर्ने नयाँ तरिकाको विकासका लागि अवसर दिएको छ ।

## जलवायु परिवर्तको अन्याय

जलवायु परिवर्तन स्वाभाविक रूपमा अन्याय नै हो । यसको सबैभन्दा ठूलो मारमा पर्ने भनेका तिनै देश हुन्, जसले यसले निम्त्याउने जोखिमका लागि सम्पूर्ण तयारी गर्न पनि सक्दैनन् र उनीहरूको यो परिवर्तनमा योगदान पनि निकै न्यून छ । यदि गरिब देशले पनि आर्थिक समृद्धि हासिल गर्नका लागि विकसित देशले झैं तीव्र औद्योगीकरणका लागि कोइलाको प्रयोग अत्यधिक गर्न थाले र धेरैभन्दा धेरै रूख काटे भने त्यसले जलवायु परिवर्तनको समस्यालाई बढावा मात्रै दिन्छ । तसर्थ जब धनी राष्ट्रले गरिब राष्ट्रलाई जलवायु परिवर्तनको गतिलाई केही कम गर्न विभिन्न उपायहरु अपनाउनका लागि आह्वान गर्छ तब गरिब राष्ट्रसँग तिनै धनी राष्ट्रसँग सहयोग माग्नुको विकल्प रहँदैन । यस अवस्थामा उनीहरूले कहिले पनि आफूलाई आवश्यक परेको अर्थ र प्रविधि हासिल गर्न सक्दैनन् ।

जलवायु परिवर्तनको नाममा भइरहेको अन्तर्राष्ट्रिय समन्वयले अस्थिरत बढाउने जोखिम उत्तिकै छ । किनभने केही राष्ट्रहरु निकै शक्तिशाली छन् भने अरु राष्ट्रहरूले वार्ताको टेबुलमा नैतिक मूल्य मान्यताका तर्कबाहेक केही अघि सार्न सक्ने अवस्था छैन । जब औद्योगिक विकास भइसकेको देशले जलवायु परिवर्तनविरूद्ध केही गर्न असक्षम हुन्छ तब त्यसको सबैभन्दा ठूलो जोखिम रहेको राष्ट्रले आफैंले हिजोका दिनमा गरेका वाचा पनि पुरा गर्न सक्दैन । जब धनी राष्ट्रले जलवायु परिर्वतनविरूद्ध लड्नका लागि आर्थिक सहयोग नभएर ऋण दिन्छ, त्यो भनेको गरिब मुलुकलाई आफ्नो समस्याको समाधान आफैं गर भने जस्तो हुन्छ । तर, वास्तविकतामा यो समस्या गरिब राष्ट्रले नभई धनी राष्ट्रले नै गरेको हो । देशभित्रै पनि जलवायु परिवर्तनको मारलाई लिएर असमानता छ । त्यहाँभित्र पनि सबैभन्दा धेरै जोखिममा रहेको भनेको गरिबीका कारण पिछडिएका समुदायहरु नै हुन् । फेरि पनि उनीहरूले यो बृहत् समस्या सिर्जना गर्न थोरै मात्र भूमिका खेलेका हुन्छन् ।

जलवायु परिवर्तनसम्बन्धी यो नैतिक र व्यावहारिक पक्षले 'जलवायु न्याय' को अवधारणालाई अगाडि ल्याएको छ । यसैका आधारमा नागरिक समाजजस्ता संस्थाहरूले सरकारलाई घचघच्याउन, अरूको अधिकारलाई प्रत्याभूत गर्न र जलवायुको मारमा परेका गरिबको आवश्यकता परिपूर्ति गर्न आवाज उठाउने गरेका छन् । जलवायु न्यायका अभियन्ताहरूले जलवायु परिवर्तनसँग लड्न

प्राकृतिक स्रोतको समतामूलक वितरण र आर्थिक स्रोतको परिचालनमा जलवायुको मारको जोखिममा रहेका मानिसहरूको निर्णयलाई प्राथमिकता दिन पनि आवाज उठाउँछन् । यसप्रकारका जटिल नैतिक पक्षलाई अगाडि राख्दै सबै मानिसका लागि समान अवसर तथा देश र त्यहाँका जनतालाई आफ्नो क्षमता र जिम्मेवारीका आधारमा कार्य गर्ने वातावरण निर्माण नै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरिने जलवायु परिवर्तनसम्बन्धी समाचारहरूका मूल विषय हुन् ।

## मिडिया कभरेज किन ?

जलवायु परिवर्तन यसै जानेवाला छैन । यसमा कुनै सुधार हुनु अगाडि धेरै विनाश हुने छ । एसिया प्यासिफिक क्षेत्रमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न र यहाँका मानिसले अवसरबाट फाइदा लिन सबैले यसबारे धेरैभन्दा धेरै जानकारी प्राप्त गर्नुपर्छ । मिडियाले यो विषयलाई जसरी उठाउँछ त्यसरी नै समाजले पनि यो समस्यासँग जुध्ने सोचको विकास गर्छ । जलवायु परिवर्तन बिस्तारै पत्रकारहरूले सम्बोधन गर्नुपर्ने निकै महत्वपूर्ण विषय हुँदै जाने छ । साथै स्थानीय समाजलाई सुसुचित हुन चाहिने सूचना र बहस गर्ने माध्यम बन्ने छ ।

जब जलवायु परिवर्तनले विश्वलाई जकड्दै लैजान्छ, मानिसहरूले कहाँ के भइरहेको छ, उनीहरूको सरकार र उनीहरूले के गर्न सक्छन् भन्नेबारे थप सूचनाहरूको माग गर्ने छन् । बुद्धिमानी र जवाफदेही सञ्चार माध्यमका व्यवस्थापकले जलवायु परिवर्तनलाई आफ्नो पाठकहरूलाई अझ बढी राम्रोसँग सूचना दिने र थप बृहत् हुँदै जाने अवसरका रूपमा हेर्छन् । परम्परागत रूपमा मिडियाका तीनवटा भूमिका हुन्छन्- पाठक वा दर्शकलाई सुसुचित गर्ने, निगरानी गर्ने र सामाजिक विषयका लागि आवाज उठाउने । मिडिया कभरेजले विज्ञान न सेवाग्राहीलाई जोड्ने महत्वपूर्ण कडी माध्यम बन्न सक्छ । जसमा धेरै कुरा निर्भर पनि रहन्छ । यो क्षेत्रमा रहेका पत्रकारहरूका लागि जलवायु परिवर्तनको विषयलाई कभर गर्नु भनेको धेरै कुरा हो । स्थानीय तहमा यसले जीवन बचाउन सक्छ, नीति निर्माण गर्न सक्छ, योजनाहरू परिवर्तन गर्न सक्छ र मानिसहरूलाई सही निर्णय लिनका लागि सशक्त बनाउन सक्छ । सही सूचनायुक्त रिपोर्टिङबाट पत्रकारले जलवायु परिवर्तनविरूद्ध लड्न मानिसहरूले अवलम्बन गरेका विभिन्न क्रियाकलापहरू उजागर गर्न मद्दत गर्छ । अन्तर्राष्ट्रिय तहमा यसले एसिया प्यासिफिक क्षेत्रका समाचारहरूलाई विश्व जनसमुदायको अगाडि राख्न सक्छ । यसले धनी र शक्तिशाली राष्ट्र र तिनका नागरिकका साथै कम्पनीहरूलाई जलवायु परिवर्तनका कारण जोखिममा रहेका समुदायका लागि काम गर्नका लागि प्रोत्साहित गर्छ ।

## कुरा के हो ?

जलवायु परिवर्तन केवल कथा मात्रै होइन, यो एउटा परिप्रेक्ष हो, जसको माध्यमबाट धेरै कथाहरू उजागर हुँदै जान्छन् । खासमा यो विज्ञान वा वातावरण पत्रकारले कभर गर्ने एकल विषय पनि होइन । त्यसैले पनि पत्रकार, सम्पादक, मिडिया मालिक र पत्रकारिताका शिक्षक सबैले जलवायु परिवर्तनका केही आधारभूत कुरा बुझ्दै यो कार्बन डाइअक्साइड र प्रकोपभन्दा

अझ पर छ भनेर जान्न जरूरी छ । प्रसिद्ध मान्यताका विपरीत यो विषयमा लेख्न सकिने धेरै कथाहरु छन्, जसका कारण पत्रिकाको बिक्री पनि बढ्छ र अनलाइनमा नयाँ पाठकहरु पनि आउँछन् । पत्रकारले लेख्न मिल्ने केही उदाहरण यहाँ उल्लेख गरिएका छन् । यी सबै पत्रकारहरूले एसिया र प्यासिफिक क्षेत्रमा रिपोर्ट गरेका थिए ।

- इन्डोनेसियाको सरकारले डढेलोका कारण उत्पन्न हुने धुवाँ कम गर्नका लागि नयाँ नियम ल्याएको छ ।
- बंगलादेश र नेपालमा बाढीका कारण झाडापखाला, मलेरिया र डेंगुको महामारी भइरहेको छ ।
- विश्वको तापक्रम वृद्धिसँगै प्यासिफिकमा समुद्री सतह नजिकै बस्ने टापुका बासिन्दाहरु कम जोखिमयुक्त क्षेत्रमा सर्न मानिरहेका छैनन् ।
- थाई सहरमा बाढीको पूर्वसूचना दिन सीसीटीभीको सञ्जाल नै बनाइएको छ ।
- भारतले हरित गृह बनाउने निर्णय लिएसँगै त्यहाँबाट हुने कार्बन उत्सर्जनमा कमी आउँछ र यसले जलवायुसम्बन्धी लक्ष्य हासिल गर्न मद्दत गर्छ ।
- साना टापु देशहरूले डिजेलको साटो स्वच्छ ऊर्जा प्रयोग गर्न थालेका छन् ।

## जलवायु परिवर्तन र दिगो विकासबारे पत्रकारले जान्नेपर्ने ११ कुरा

### १. जलवायु परिवर्तनबारे हामीलाई कति थाहा छ भनेर कसरी थाहा पाउने ?

वैज्ञानिकहरूले जलवायु केन्द्र, बेलुन, भू-उपग्रह र जलवायु मापन गर्ने अन्य उपकरणहरूको प्रयोग गरेर जलवायु र वायुमण्डलको तत्कालको अवस्थाको चित्र तयार पार्छन् । यसमा जमिनको र समुद्रको सतहको तापक्रम, वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा, हुरीहरूको तीव्रता, वनको घनत्व र हरितगृह ग्यास उत्पन्न गर्ने स्रोतको मापन गरिन्छ । पहिला हाम्रो जलवायुको अवस्था थाहा पाउनका लागि छुट्टै तरिकाको प्रयोग हुन्थ्यो । एउटा तरिका भनेको रूखको गिंडमा हुने गोलो घेराको अध्ययन हो । त्यो घेरा हरेक वर्ष बढ्दै जान्थ्यो । त्यसको आकार र अन्य गुणले केही जानकारी दिन्थ्यो तर सम्पूर्ण चित्र बनाउन भने असम्भव थियो । अर्को तरिका भनेको धेरै वर्षदेखि जमेर बसेको हिउँलाई ड्रिल गरेर निकाल्न र त्यसमा कैद भएको हावाको फोकाको अध्ययन गर्ने । हावाको फोकामा कैद भएको त्यतिबेलाको हावाको वैज्ञानिकले अध्ययन गर्छन् र उक्त समयको तापक्रम, सापेक्ष आद्रता र हरित गृह ग्यासको स्तरका साथै डढेलोबारे पनि जानकारी प्राप्त गर्छन् । वैज्ञानिकहरूले आइसमा जमेर बसेका ग्यासको अध्ययन गरेर कसरी सयौं-हजारौं वर्ष यता हाम्रो जलवायुमा परिवर्तन आयो भनेर विश्लेषण गरेका छन् । भविष्यको हाम्रो जलवायुको जानकारी प्राप्त गर्न उनीहरूले कम्प्युटर मोडलको सहयोग लिएका छन् । जसले अहिले र पहिलेको जलवायुको तुलना गरेर एउटा आकलन दिन्छ । त्यसमा अहिलेकै गतिमा हरितगृह ग्यास उत्सर्जन भए हुने समस्याबारे पनि बताइएको हुन्छ ।

## २. जलवायु र मौसमबीचको भिन्नता

हामीले दैनिक रूपमा अनुभव गर्ने प्रणाली मौसम हो । जलवायु भनेको केही वर्षको अवधिमा कुनै एक स्थानको औसत अवस्था हो । जलवायुमा हुने परिवर्तनशीलताले प्राकृतिक परिवर्तनलाई बभ्काउँछ, जुन लामो समयमा भएको परिवर्तनको औसत हो । यसमा समय–समयमा वर्षाको मात्रमा हुने परिवर्तनको मनसुनसँगको सम्बन्ध वा 'इल निनो' र 'ला निना' जस्ता प्राकृतिक घटना पनि समावेश हुन्छन् । तसर्थ जलवायु परिवर्तन भनेको दीर्घकालीन प्रक्रिया हो । जस्तो कि विगतको शताब्दीमा विश्वको औसत तापक्रममा देखिएको वृद्धि । यसमा लामो समयको दौरानमा देखिने खडेरीको समयमा वृद्धि, बाढी तथा अन्य आपत्हरु पनि जोडिन्छन्, जुन जलवायु परिवर्तनका कारण नै हुन्छन् । जब वैज्ञानिक वा नीति निर्माता जलवायु परिवर्तनबारे आज कुरा गर्छन् तब उनीहरूले मानव गतिविधिका कारण भइरहेको परिवर्तनलाई उल्लेख गरिरहेका हुन्छन् ।

जब वैज्ञानिक वा नीति निर्माताले 'जलवायू परिवर्तन' को कुरा गर्छन् उनीहरूको मानवीय क्रियाकलापबाट हुने जलवायू परिवर्तनको अंशबारे भनिरहेका हुन्छन्, वा, भनौं 'मानव सिर्जित' जलवायू परिवर्तन । पछिल्ला वर्षहरूमा, जलवायू परिवर्तनको प्रभाव न्यूनीकरण गर्न वा आवश्यक अनुकुलन हुने कामको लागि हतारो र बढेको परिवर्तनलाई संकेत गर्न 'जलवायू विपद्' वा 'जलवायू संकट' शब्द प्रयोग गर्न थालिएको छ ।

## ३. मानव गतिविधिले कसरी जलवायुलाई असर गर्छ

केही ग्यासजस्तै कार्बन डाइअक्साइड र मिथेनले पृथ्वीको वायुमण्डलमा तातोपना कैद गर्न सक्छन् । यस प्रक्रियालाई वैज्ञानिकहरु हरितगृह प्रभाव भन्छन् । धेरै मानवीय क्रियाकलापले हरितगृह ग्यास उत्सर्जन हुन्छ । जब हामी पेट्रोलियम पदार्थ, कोइलालाई ऊर्जा उत्पादन लागि, गाडी चलाउन खपत गर्छौं वा खेतीपाती गर्नका लागि जंगल विनाश गर्छौं । त्यसले वायुमण्डलमा हरितगृह ग्यास उत्सर्जन हुन्छ । १८ औं शताब्दीको मध्यतिर विश्वमा औद्योगिक क्रान्ति सुरू भएयता ग्यासको उत्सर्जन पनि बढेको छ । यसका साथै पृथ्वी पनि क्रमैसँग तातो हुँदै गएको छ । विश्वको तापक्रममा भइरहेको वृद्धि जलवायु परिवर्तनकै प्रभाव हो भन्ने वैज्ञानिकहरूको निष्कर्ष छ । यो किताबको दोस्रो भागमा हरितगृह प्रभावबारे विस्तृतमा उल्लेख गरिएको छ ।

## ४. जलवायु परिवर्तनको प्रभाव

यसको सबैभन्दा तुरून्तै देखिएको प्रभाव भनेको तापक्रममा वृद्धि नै हो । यसका कारण समुद्री सतह पनि बढिरहेको छ भने मौसमको पूर्वानुमान पनि कठिन हुँदै गएको छ । यसका साथै खडेरी, बाढी तथा आँधी–हुरी पनि पहिलाको तुलनामा बढेको छ । परिवर्तन भइरहेको तापक्रम र वर्षातका कारण खानेपानी, खाद्य सामग्री, जनावार र अन्य जीवमा देखिने रोगहरूमा पनि प्रभाव परेको छ । यसको भौतिक प्रभाव पूर्वाधारहरूमा पनि देखिन्छ र यो सबैलाई मिलाउने हो

भने समष्टीगत हिसाबमा सामाजिक, आर्थिक र राजनीतिक रूपमा पनि प्रभाव परेको छ । हरेक घटनालाई जलवायु परिवर्तनसँग जोडेर प्रमाणित गर्न त गाह्रो हुन्छ र धेरैजसो जलवायुको प्रवृत्तिको वैज्ञानिक आकलन गर्न भने सकिने भएको छ ।

## ५. न्यूनीकरण र अनुकुलता (मिटिगेसन र एडाप्टेसन)

जलवायु परिवर्तनको डरलाई कम गर्ने दुई मुख्य रणनीति भनेको असर कम गर्ने र अनुकुलता कायम गर्ने नै हो । असर कम गर्नका लागि वायुमण्डलमा हरितगृह ग्यास जम्मा हुने प्रक्रिया न्यूनीकरण हुने क्रियाकलाप अवलम्बन गर्नु हो । यसका लागि पेट्रोलियम पदार्थको प्रयोगलाई घटाउँदै लगेर नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिने । त्यसका लागि हावा वा सूर्यबाट ऊर्जा निकाल्ने प्रविधिलाई बढावा दिने र ती स्रोतबाट प्राप्त हुने ऊर्जालाई किफायती बनाउने । यसका साथै वृक्षरोपणको कार्यलाई पनि बढाउने र वनजंगल विनाश हुनबाट रोक्ने । यस्तै हरितगृह ग्यासको उत्सर्जन कम हुने तरिकाबाट खेती गर्ने । अनुकुलता भनेको मानिस, पर्यावरण र पूर्वाधारलाई मौसम परिवर्तनको असरबाट जोगाउने उपायहरु अपनाउने भन्ने हो । यसका लागि मानिस, प्रकृति र पूर्वाधारलाई मौसम परिवर्तनका कारण आउन सक्ने प्राकृतिक प्रकोपबाट क्षति हुनबाट जोगाउने संरचना बनाउनुपर्छ । तटीय क्षेत्रलाई बढ्दै गरेको समुद्री सतहबाट जोगाउन, खडेरी र बढीबाट खेतीपाती जोगाउन र महामारीबाट जोगाउन पहिले नै तयारी गर्नुपर्छ ।

## ६. मौसम परिवर्तको समाचारबाट आरईडीडी प्लसमा सहयोग

'आरईडीडी प्लस' भनेको 'रिड्युसिङ इमिसन फ्रम डिफरेस्टट्रेसन र डिग्रेडेसन' (वनजंगल विनाश र क्षयका कारण हुने हरितगृह ग्यासको उत्सर्जनमा कमी गर्ने) का लागि विकासोन्मुख देशलाई आर्थिक सहयोग दिएर प्रात्साहित गर्ने भन्ने हो । विश्वको ५५ प्रतिशत म्यानग्रुभ एसिया र प्रशान्त क्षेत्रमा छ । दुःखको कुरा २०००–२०१२ सम्ममा विश्वको ४८ प्रतिशत म्यानग्रुभ विनाश भयो । त्यसमा पनि सबैभन्दा धेरै इन्डोनेसियामा भयो र मलेसिया, पपुवा न्युगिनीका साथै म्यानमारमा पनि विनाश भएको थियो । तसर्थ आरईडीडी प्लस यस क्षेत्रका लागि महत्वपूर्ण छ । पत्रकारहरूले म्यानग्रुभको नजिकै बस्ने समुदायको समाचारहरु लेखेर आफ्नो देश र विश्वलाई नै यसबारे जानकारी दिन सक्छन् । यसकाकारण कार्बन डाइअक्साइड ग्यासको उत्सर्जनमा कमी आउन सक्छ ।

## ७. मौसम परिवर्तनका लागि अन्तरसरकारी समिति र यूएनएफसीसी

मौसम परिवर्तनका लागि मुख्य वैज्ञानिक अधिकार प्राप्त संस्था भनेको मौसम परिर्वतनका लागि अन्तरसरकारी समिति (आईपीसीसी) हो । यसको स्थापना संयुक्त राष्ट्रसंघले १९८८ मा गरेको हो । यस समितिले हजारौं वैज्ञानिक शोध तथा अनुसन्धान प्रतिवेदन एकत्र गरेर मौसम परिवर्तनसम्बन्धी विश्व प्रतिवेदनमा समावेश गर्छ । केही वर्षको अन्तरालमा आईपीसीसीले मूल्यांकन प्रतिवेदन निकाल्छ । आईपीसीसीले यसलाई प्रकाशन गर्नुपूर्व वैज्ञानिकहरूले त्यस्ता

संकलित प्रतिवेदनको समीक्षा गर्छन् र सरकारले पनि समीक्षा गरेर त्यसलाई पारित गर्छ । २०१४ मा प्रकाशित पाँचौं प्रतिवेदनले विश्वको तापक्रम बढ्नुमा मानिसकै प्रभाव बढिरहेको र त्यो निकै तीव्र गतिमा परिवर्तन भइरहेको उल्लेख गरेको छ ।

## ८. द यूएन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट

द यूएन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट (यूनएफसीसीसी) भनेको अन्तर्राष्ट्रिय सम्झौता हो, जसलाई विश्वका २०० भन्दा देशले १९९२ मा जलवायु परिवर्तनलाई नियन्त्रण गर्नका लागि अंगीकार गरिसकेका छन् । यसका हस्ताक्षरकर्ताहरु निरन्तर छलफल गर्छन् र यसमा भइरहेको प्रगतिको समीक्षा गर्छन् साथै कन्फ्रेन्स अफ पार्टिज (कोप) मा नयाँ नीतिहरूबारे पनि बहस गर्छन् । यसै सम्झौताको आधारमा कोप ३ ले क्योटो प्रोटोकलको निर्माण गरेको हो । यस सम्झौताअनुसार औद्योगीकरण भएका राष्ट्रले हरितगृह ग्यासको उत्सर्जन कम गर्ने उपाय अवलम्बन गर्नुपर्छ । २०१५ डिसेम्बरमा फ्रान्समा आयोजना गरिएको कोप २१ ले पेरिस सम्झौता ११ निर्माण गरेको छ । त्यसले विश्वका अधिकांश देशलाई हरितगृह ग्यास उत्सर्जन कम गर्नका लागि अनपेक्षित रूपमा सहयोगी भूमिका खेलेको छ ।

## ९. पेरिस सम्झौता

यूएनएफसीसीसीको आधारमा भएको पेरिस सम्झौताले पहिलोपटक १७८ राष्ट्रलाई साझा कारणका लागि एकै स्थानमा ल्याउन सफल भएको छ । यसको लक्ष्य नै जलवायु परिवर्तनविरूद्ध सँगै लड्नु र यसबाट पर्ने प्रभावलाई कम गर्ने उपायहरु अपनाउनु हो । जसका लागि गरिब राष्ट्रहरूलाई धनी राष्ट्रले सहयोग गर्ने प्रतिबद्धता पनि रहेको छ । यसले विश्वव्यापी रूपमै जलवायु परिवर्तनविरूद्ध लड्नका लागि नयाँ प्रारूप तयार पारेको छ । पेरिस सम्झौताको मुख्य उद्देश्य नै जलवायु परिवर्तनका कारण पैदा भएको त्रासलाई कम गर्नु र यो शताब्दीमा विश्वको तापक्रम वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा तलै राख्नु रहेको छ । यसका साथै सम्झौताको लक्ष्य जलवायु परिवर्तनको प्रभावविरूद्ध देशहरूलाई सशक्त रूपमा तयार पार्नु पनि रहेको छ । यो महत्वाकांक्षी लक्ष्य प्राप्त गर्नका लागि यथोचित अर्थ व्यवस्थापन, नयाँ प्रविधि निर्माण र सबैको क्षमता वृद्धि गर्ने प्रारूपलाई अघि सारिने छ । जसले गर्दा विकासोन्मुख र सबैभन्दा धेरै जोखिम भएका राष्ट्रलाई उनीहरूको आफ्नो राष्ट्रिय लक्ष्यका साथै अन्तर्राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि सहयोग पुग्ने छ ।

## १०. दिगो विकास लक्ष्य- कोही पछाडि नछुटुन्

राष्ट्र प्रमुख, सरकारका नेतृत्वकर्ता, यूएनका उच्च अधिकारी तथा नागरिक समाजले सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्रसंघको ७० औं महासभामा भेला भई दिगो विकास लक्ष्य (एसडीजी) लाई अंगीकार गरेका छन् । यसअन्तर्गत रहेको १७ वटा लक्ष्यले विश्वव्यापी, महत्वाकांक्षी, दिगो विकास एजेन्डा, जनताका लागि जनताले नै निर्माण गरेको एजेन्डा समाविष्ट छ । यसको भित्री आशय भनेको कसैलाई पनि लक्ष्यबाट पछाडि नछोडिने भन्ने रहेको छ । 'समावेशी र

सामाजिक न्यायलाई मध्यनजर गर्दै सामाजिक र आर्थिक समृद्धि भनेको सबैमा समातामूलक रूपमा बाँडिनुपर्छ भन्ने नयाँ मान्यता स्थापित भएको छ ।'

## ११. जोखिम र उत्थानशीलता

अहिले विश्वमा धेरै प्रकारका जोखिमहरू रहेका छन् । तल्लो तटीय क्षेत्रमा अवस्थित देश र सानो टापुहरूका लागि देखिएको जोखिम र भूपरिवेष्ठित र हिमाली देशहरूमा देखिने जोखिममा निकै भिन्नता रहेको छ । सानो देशका अर्थतन्त्र धेरै थोरै क्षेत्रमा मात्रै आश्रित हुन्छ र त्यो नै एउटा जोखिम हो, जुन गरिबहरूको धेरै जनसंख्या भएको ठूलो राष्ट्रका लागि केही होइन । यस्तो प्रकारको भिन्नतालाई मध्यनजर गर्ने संस्था भनेको 'दारा' र क्लाइमेट भल्नरेबल फोरम नामक गैरसरकारी संस्था हो । तिनले जलवायु जोखिम मोनिटर निर्माण गरेका छन्, जसले १८४ राष्ट्रमा जोखिम र त्यसमा आइरहेको परिवर्तनलाई नजिकबाट नियाल्छ । यो इक्डेक्सले हरेक देशले भोग्न सक्ने चरम मौसमी क्रियाकलाप र जोखिम र त्यसले वातावरणमा पार्ने प्रभाव, वातावरणीय सेवामा निर्भरता र त्यसले जलवायु परिवर्तनविरूद्ध अनुकूलनलाई लागि अंगीकार गर्नका लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक र राजनीतिक क्षमता छ या छैन भनेर पनि हेर्छ ।

देशभित्रैको चित्र पनि झनै जटिल छ । जसरी व्यक्ति र समुदायबीचको जोखिममा ठूलो भिन्नता देखिन्छ, त्यसरी नै भिन्न व्यापार, पर्यावरण र पूर्वाधारमा पर्ने जोखिम पनि फरकफरक नै हुन्छन् । हरेक तहमा जोखिम सम्पत्ति र शक्तिमै गएर ठोकिन्छ । प्रायः अवस्थामा गरिब नै सबैभन्दा धेरै जोखिममा हुन्छन् । यसो भन्दैमा फेरि धनी र शक्तिशाली व्यक्ति र राष्ट्रलाई कुनै जोखिम नै हुँदैन भन्ने होइन । हरेक तह र तप्का, बुढादेखि युवासम्म सबैलाई जोखिम हुन्छ । खासगरी जलवायु परिवर्तनका कारण हुने स्वास्थ्यसँग सम्बन्धित जोखिम । त्यसमा पनि पुरूषलाई भन्दा महिलालाई बढी जोखिम हुन्छ । किनभने पुरूषको तुलनामा जोखिम न्यूनीकरणको उपाय अवलम्बन गर्न महिलालाई निकै कठिन हुन्छ । यस्तै सबैभन्दा धरै जोखिममा रहेको समूहलाई नै त्यो कम गर्ने उपाय अवलम्बन गर्न लगभग असम्भव हुन्छ ।
जब हुरी वा बाढी सहरमा आउँछ, त्यसको सबैभन्दा ठूला मार सहरी क्षेत्रमा बसोबास गर्ने गरिबमै पर्छ । मृत्यु हुने वा घाइते हुनेको संख्या उनीहरूकै बढी हुन्छ । प्रायजसो अव्यवस्थित बसोवास क्षेत्रमा बनाइएका घरहरू कच्ची हुन्छन् र तिनीहरू नै सबैभन्दा पहिला भत्किन्छन् । धेरैजसो अवैध बस्ती बाढीग्रस्त क्षेत्रमै बनेका हुन्छन्, किनभने जोखिमयुक्त क्षेत्र अन्य क्षेत्रको तुलनामा कम मूल्यमा पाइन्छ । यसको कारणले पनि सहरी क्षेत्रमा बसोवास गर्ने ठूलो जनसंख्या हुरी, बाढी, पहिरो, लु, खडेरी, महामारी, खानेपानी र खाद्य समस्याको जोखिममा रहेको छ ।

धेरै कारकले दृढतालाई असर गर्छ, प्रकोप पछिको गडबडीलाई कसरी पन्छाएर कति छिटो समान्य अवस्थामा फर्किन्छ भन्ने क्षमता एक हो । यस्तै विविधता (कृषकले उब्जाउने विभिन्न



जलवायु परिवर्तनका कारण हुने विपद्का कारण नेपालका धेरै समुदाय जोखिममा छन् ।

*तस्विर : निर्जना शर्मा*

प्रकारका कृषि उपज, जसका कारण अर्थतन्त्र एउटै प्रकारको वस्तुमा मात्रै निर्भर हुँदैन), अनुकूलता (लचकदार व्यवस्थापन, परिवर्तनलाई छिटो आत्मसात गर्नसक्ने क्षमता), सशक्त भण्डारण (आर्थिक स्रोत, खाद्य सामग्री, ज्ञान र जैविक विविधता जस्तो कि बिज बैंक) र सशक्त सामाजिक व्यवस्था (जस्तो कि नेतृत्व र सामाजिक सञ्जाल) ।

## जलवायु परिवर्तनको लैंगिक आयाम

जलवायु परिवर्तन भएको विश्वव्यापी अवस्था हो । तसर्थ यसको प्रभावबाट कोही पनि अछुतो रहन सक्दैन । र, पनि जनसंख्याको एउटा ठूलो तप्कालाई बदलिँदो मौसमको मार अरूभन्दा धेरै नै पर्छ । ती भनेका महिला हुन् । विश्वको बढ्दो तापक्रमको मार पुरूषले भन्दा महिलाले ज्यादा भोग्नुपर्छ भन्ने तथ्य नै हो । यति हुँदा पनि पृथ्वीको बढ्दो तापक्रमसँग जुध्नका लागि बनाइने कुनै पनि राजनीतिक योजना र नीतिहरूमा उनीहरूको सहभागित न्यून रूपमा मात्रै हुने गरेको छ । धेरै समाचारहरूले जलवायु परिवर्तनका कारण मानव समाजमा परेका असरहरूलाई उजागर गरिरहेका छन् तर केहीले मात्रै त्यसमा लैंगिक सोचबाट पनि बहस गर्न जरूरी छ भनेर ध्यान दिने गरेका छन् ।

कठोरताका साथ भन्ने हो भने जलवायु परिवर्तनका कारण मृत्यु हुनेमा पुरूषको तुलनामा महिलाहरूको संख्या धेरै छ । २००६ मा लन्डन स्कुल अफ इकोनोमिक्सले १४१ राष्ट्रमा आएका ४६०५ वटा प्राकृतिक प्रकोपहरूको अध्ययन गरेका थिए । त्यसमा उनीहरूले लैंगिक असमानता धेरै भएका देशहरूमा पुरूषको साहयताबिना महिलाहरु खुला रूपमा हिँड्न पनि सक्दैनन् । त्यहाँ नै पुरूषको तुलनामा धेरै महिलाको मृत्यु भएको देखाएको छ । पछिल्लो दुई दशकमा मौसमसँग सम्बन्धित प्राकृतिक प्रकोपहरु चार गुणा बढेसँगै यो अवस्था आउने भविष्यमा झनै बढेर जाने अनुमान गरिएको छ । जलवायु परिवर्तनले समग्र रूपमा महिलाहरूका जीवनलाई नै संकटग्रस्त बनाएको छ ।

जलवायु परिवर्तनले महिलाका लागि निम्त्याएको जोखिम भनेको केवल प्राकृतिक प्रकोप मात्रै होइन । प्रायः अवस्थामा कानुन र सांस्कृतिक मूल्यमान्यताका कारण उनीहरूले प्राप्त गर्ने आर्थिक अवसरलाई पनि खुम्चाइदिएको छ । धेरैजसो विकासोन्मुख देशका महिलाहरु केवल कृषिमा निर्भर भएर बाँच्न बाध्य छन् । यद्यपि महिलाहरूले विश्वको खाद्य सामग्रीको ६० प्रतिशत उत्पादन गर्छन् । अझ एसियामा उनीहरूको कृषि र वस्तुभाउ हेरचाहमा धेरै नै समय र परिश्रम खर्च हुने गरेको देखिन्छ । कृषिको समस्या त आफ्नो ठाउँमा छँदै छ, यति धेरै मेहेनत गर्ने महिलाहरूको नाममा भूमि भने निकै न्यून छ (विश्वको एक प्रतिशत जमिन मात्रै महिलाको नाममा रहेको छ) । यसले गर्दा पनि महिलाहरूले कृषिमा मिहिनेत गरेअनुसार आफ्नो हक दाबी गर्न सक्ने अवस्था छैन ।

कृषिमा निर्भर महिलाहरूका लागि जलवायु परिवर्तन भनेको के हो ? सुक्खा क्षेत्रमा मरूभूमीकरणका कारणले महिला तथा युवतीहरूले पानी र दाउरा लिनका लागि घण्टौं हिँड्नुपर्ने बाध्यता रहेको छ । यसको मतलव उनीहरूले पढ्नका लागि कमै समय मात्रै पाउँछन् । जुन अन्तिममा गएर अम्दानीमा गएर ठोकिन्छ । खडेरीका कारण कम खाद्यान्न मात्रै उत्पादन हुन्छ, जसका कारण भरपेट खान पाउँदैनन्, बालबालिकाको खाने थाल पनि रित्तै हुन्छ । यसका साथै बढ्दो तापक्रमका कारण केही रोगहरूको महामारी हुने दर पनि बढ्छ । परिवारमा कोही बिरामी परे उनीहरूको हेरचाह गर्ने पहिलो जिम्मेवारी महिलाकै हुन्छ । यो सबै गर्न नपरे उनीहरूले त्यो समय अन्य काम वा पढाइमा लगाउन सक्थे ।

जलवायु परिवर्तनको मार विकासोन्मुख देशमा बढ्दै जाँदा यसले धेरै परिवारको रोजीरोटीलाई नै समस्यामा पारेको छ, विशेष गरेर कृषिमा आश्रित परिवारहरूको । यसको मतलव त्यस्ता देश र समाजमा रहेका महिलाहरूले भविष्यमा पनि पढ्न र लेख्न पाउने, आर्थिक अवसर प्राप्त गर्ने र लैंगिक समानताको हिसाबमा पछि पर्ने देखिन्छ ।

स्थानीय तहमा देखिएको यस प्रकारको लैंगिक असमानता विश्वभर नै समस्याका रूपमा देखापरेको छ । अन्तर्राष्ट्रियस्तरमा नै निर्णय गर्ने प्रक्रियामा पुरूषकै दबदबा बढी छ । जलवायु परिवर्तनकै छलफलका लागि आयोजना गरिने ठूला सम्मेलनहरूमा महिलाको उपस्थिति हेर्ने हो भने त्यो कुरा आफैं पुष्टि हुन्छ । यूएनफसीसीसीको त्यस्तो कुनै सम्मेलन हुनै बाँकी छ, जहाँका सहभागीमध्ये एक तिहाइ महिला हुन् वा सहभागी डेलिगेट्समध्ये पाँच भागको एक भाग (वान फिफ्थ) महिला हुन् ।

जलवायु परिवर्तन अनुसन्धानको नेतृत्वदायी निकाय-जलवायु परिवर्तनमा अन्तरसरकारी प्यानल (आईपीसीसी), जसको प्रतिवेदनले एनएफसीसीको सम्झौतालाई जानकारी दिन्छ, मा पनि महिला प्रतिनिधित्व कम छ । आईपीपीसीको उच्च व्यवस्थापन तह निर्माण गर्ने क्रममा लैंगिक सन्तुलनमा केही सुधार भएको छ, जसमा आईपीसीसी अध्यक्ष, तीन उपाध्यक्ष, आठवटा कार्य समूहको सहअध्यक्ष तथा उपाध्यक्ष । प्यानलको उच्च व्यवस्थापनमा अहिले ८ महिला कार्यरत छन्, जुन संख्या २००७ मा ५ मात्रै थियो ।

अनुसन्धानकर्ता र प्रतिक्रियाकर्ता यी दुई नेतृत्वयदायी निकायमा महिला प्रतिनिधित्वको कमीले निम्त्याएको जटिलता गहिरो छ । महिलाले विश्व जनसंख्याको आधा हिस्सा ओगटेका छन्, यसले हाम्रो सबैभन्दा प्रभावित समुदायको जीवन जलवायु परिवर्तनले प्रभावित पारेको छ भन्ने विषयमा जान्नबाट मात्रै वञ्चित गरेको छ, यसले महिलाहरू परिवर्तनको दूत होइन, पीडित मात्र हुन् भन्ने पुरानो चित्रणलाई निरन्तरता दिएको छ । केन्यामा सुक्खा खप्न सक्ने बाली उमार्ने देखि भारत मा मनसुनबाट खेतीयोग्य जमिनलाई बुझाउनेसम्म विश्वभरका महिलाले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनको सम्भव भएसम्मको प्रदर्शन गरेका छन् ।

संस्थागत बहिष्करण बिस्तारै घट्दो छ । सन् २०१२, संयुक्त राष्ट्रसंघ जलवायु परिवर्तन वार्तामा करिब २ सय देशले लैंगिक समानताको लागि सहमति गरेका थिए । यो सहमति बाध्यकारी भने होइन, बरू भविष्यका वार्तामा समान लैंगिक सहभागिताका लागि 'प्रोत्साहन' हो । यूएनएफसीसीसीले २०१४ मा पेरूको लिमामा भएको जलवायु सम्मेलनमा 'लिम वर्क प्रोग्राम अन जेन्डर' पनि सार्वजनिक गरेको छ, जसले लैंगिक समावेशितालाई प्रमुख एजेन्डाका रूपमा मानेको छ । १२ डिसेम्बर २०१५ मा यूएनएफसीसीमा सहभागी मुलुकले पेरिस सम्झौतामा सहमति गरे, जसले 'जलवायु परिवर्तन मानव जातिको साझा चासो हो' भन्ने औंल्याउँदै लैंगिक समानता र महिला सशक्तिकरणमा पनि सोच्नुपर्ने उल्लेख गरेको छ । यसका साथै २०१५ मा अंगीकार गरिएको र जनवरी २०१६ बाट कार्यान्वयनमा आएको दिगो विकास लक्ष्य (१३ नम्बर लक्ष्य) पनि महिला, युवा तथा सीमान्तकृत समुदायका लागि जलवायु परिवर्तनसम्बन्धी प्रभावकारी योजना तथा व्यवस्थापनमार्फत क्षमता अभिवृद्धि गर्ने विषयमा केन्द्रित छ ।

## जलवायु परवर्तन कथा : नेपालको घटना अध्ययन

वनविनाश र वन क्षयीकरणमा नेपालका गम्भीर चासो छ । यहाँको वन क्षेत्र सन् १९६० को दशकमा ६० प्रतिशतबाट घटेर १९९० को दशकमा २९ प्रतिशतमा झरेको थियो र अहिले पनि यो घट्दो क्रममा छ । प्रतिवर्ष औसत १.७ प्रतिशतको विन्दुमा वन क्षेत्र घटिरहेको छ । नेपालमा दुईवटा परियोजना जारी छन्, मुलुकको एफसीपीएफसँगको संलग्नता सन् २००८ बाट सुरू भएको भए पनि नेपाल आफ्नो आरईडीपी प्लस (रेड प्लस) प्याकेज कार्यान्वयन गर्ने क्रममै छ । मुलुकको रेड प्रगतिको बारेमा अपडेट वेबसाइटमार्फत उपलब्ध छ ।

रेड प्लस संयन्त्र विकास गर्ने अवसर प्राप्तिका लागि नेपाल सरकारसहित विभिन्न संघसंस्थाले वनविनाश र क्षयीकरणबाट हुने कार्बन उत्सर्जन कम गर्ने उद्देश्यसहित कार्यक्रमहरू सुरू गरेका छन् । दि हिमालयन कम्युनिटी कार्बन प्रोजेक्ट (एचसीसीपी) नेपालका ग्रामीण समुदायलाई पारिस्थितिकीय प्रणाली सेवाका लागि अन्तर्राष्ट्रिय स्वयंसेवा बजारबाट सहायता पुर्‍याउने उद्देश्यसहित सन् २०१० मा विकास भएको हो । यो कार्यक्रमले तल्लो तहका सरोकारवाला तथा समुदायको वन व्यवस्थापनमा सहभागिता बढाउँछ, जसले प्रभाव जलवायु परिवर्तन परिदृश्य र गरिबी न्यूनीकरणमा देखिन्छ । यसको अतिरिक्त, डब्ल्यूडब्ल्यूएफ नेपालले विनरक इन्टरनेसनलसँगको सहकार्यमा परियोजनाको विकास गरेको छ, जसको उद्देश्य जैविक विविधता, वन, माटो, तराई र चुरेमा रहेका पानीका मुहानको संरक्षण रहेको छ जसले पूर्व वन कार्बन परियोजनाको कार्यान्वयनमार्फत उक्त क्षेत्रको विश्वसनीयतालाई सुनिश्चित गर्छ ।

अध्याय ४

# “अहिले पनि मिडियासँग उनीहरुको आपत्कालीन योजना छैन”

सन् २०१५ मा आएको विनाशकारी भूकम्पले सबै क्षेत्रमा उत्तिकै प्रभाव पाऱ्यो, सञ्चार क्षेत्र पनि यसबाट अछुतो रहेन । पत्रकार, सञ्चार गृह र प्राज्ञिक संस्थाले क्रमशः रिपोर्टिङ गर्न, प्रकाशन वा प्रसारण गर्न र शिक्षा प्रदान गर्न अप्ठ्यारो परिस्थितिको सामना गरे । यो सन्दर्भमा, भूकम्पको चार वर्षपछि युनेस्कोले पत्रकार, विश्वविद्यालयका एकजना पत्रकारिताका प्राध्यापक र नेपाल पत्रकार महासंघका अध्यक्षलाई भेटेर देशमा हरेक वर्ष हुने विभिन्न विपद्को अवस्थामा भइरहेको अभ्यासबारे थाहा पाउने प्रयास गरेको छ । उनीहरूले सञ्चार क्षेत्रले भोग्ने अप्ठ्याराका निरन्तरताबारे बोलेका छन् ।
अन्तर्वार्ताको सम्पादित सारांश :



**प्रगति शाही**,
पत्रकार

**तपाईंले नेपालमा वातावरण र विपद् सम्बन्धी रिपोर्टिङ गर्नुभएको छ। तपाईंको अनुभवमा नेपाली पत्रकारले विपद् सम्बन्धी रिपोर्टिङ गर्दा भोग्नुपर्ने चुनौतीहरू केके हुन् ?**

बाढी र पहिरोजस्ता प्राकृतिक विपद्हरु नेपालमा बारम्बार भइरहन्छन् । मेरो अनुभवमा, मेरोसहित अन्य सञ्चार गृहमा पनि विपद् वा संकटको बेलामा रिपोर्टिङ गर्ने पत्रकारसँग छलफल वा परामर्श गर्ने योजना थिएन । पहिलो कुरा, सञ्चार गृहबाटै कुनै तालिम दिइन्न र विपद्को बेलामा कसरी रिपोर्टिङ गर्ने र विपद्को बेलामा सञ्चार किन महत्वपूर्ण हुन्छ भनेर पत्रकारले अन्य संघसंस्थाले बेलाबेलामा गर्ने तालिमबाट थाहा पाउँछन् । दोस्रो, हाम्रो रिपोर्टिङ ठ्याक्कै संकटमा मात्रै केन्द्रित छ, यसलाई अर्को तरिकाले भन्दा विपद् भएको बेलामा मात्रै रिपोर्टिङ गर्छौं, पूर्वतयारी, ऐतिहासिक पृष्ठभूमि र विश्लेषणजस्ता बृहत्तर परिदृश्यमा हामी चुकेका छौं ।

विपद्को ऐतिहासिक पृष्ठभूमि, विपद्को बेलामा बृहत् परिदृश्य र सही सूचना प्रवाहका लागि सरकारी तथ्यांक र अधिकारीहरूको पहुँच पाउन गाह्रो छ साथै स्रोतसाधनको पनि अभाव छ ।

अन्त्यमा, विपद् रिपोर्टिङका लागि सञ्चार गृह, सम्पादकीय समूहबाट सहयोगका साथै सुरक्षा र स्रोतसाधनको पर्याप्तता महत्वपूर्ण हो । अधिकांश अवस्थामा, बाढी र पहिरोजस्ता धेरैपटक हुने विपद् रिपोर्टिङ गर्दा स्थानीय पत्रकारका लागि अन्य घटनाहरु रिपोर्टिङ गर्दाको भन्दा फरक हुन्न । यसको अर्थ जनधनको ठूलो क्षति नहुञ्जेलसम्म स्थानीय पत्रकारले गर्ने विपद् रिपोर्टिङलाई अन्य दैनिक जिम्मेवारीजस्तै ठानिन्छ ।

**२०१५ को भूकम्पलगत्तै सही सूचना प्रवाहका लागि तपाईंको सञ्चार गृहले गरेको पहिलो प्रयास केके थियो ? विपद्पछि तपाईको सञ्चार गृहले सञ्चारकर्मीको सुरक्षालाई कसरी ध्यान दियो ?**

मेरो कार्यथलो भएको काठमाडौंसहित देशैभरि जब भूकम्प आयो, केही घण्टा तनावग्रस्त भयो । हाम्रो कार्यालय रहेको भवन भूकम्पमा भत्कियो, हामी नयाँ ठाउँमा सऱ्यौं, जहाँ काम गर्नका लागि साह्रै सीमित ठाउँ र स्रोत साधन थिएन । तर, सर्वसाधारणलाई अवस्थाको बारेमा जानकारी प्रवाह गर्नु पत्रकारको अत्यावश्यक भूमिका हो । त्यो अवस्थाको सबैभन्दा सही सूचना प्राप्त गर्नका लागि हामीलाई नीतिनिर्माता, सरकारी अधिकारी र विज्ञहरूसँग सम्पर्कमा रहनु भनिएको थियो । सुरूवाती केही दिन ब्रेकिङ न्युजको अवधि थियो, जुन देशभर भूकम्पका कारण भएको क्षति र मुख्य भूकम्पपछि आएको परकम्पको विषय र त्यसपछि बिस्तारै उद्धार र राहत कार्यको विषयमा केन्द्रित भयो । २०१५ को भूकम्प पछिल्लो शताब्दीकै विनाशकारी थियो र मानिसहरु पूर्णतः आघात र त्रासमा थिए । विपद् तनावपूर्ण अवस्था हो र मेरा लागि सबैभन्दा ठूलो चुनौती म काममा सुरक्षित छु भनेर परिवारलाई बुझाउनु थियो ।

भूकम्पको दिन हाम्रा समाचार संयोजकले हामीलाई कहाँ छौं भनेर फोन गरेको म सम्झन्छु । विपद्पछि सञ्चार गृहले सुरक्षाको विषयमा ध्यान दिएका थिएनन् । भूकम्पपछि पनि परकम्पहरु गइरहेकाले हामीलाई क्षतिग्रस्त क्षेत्र वा प्रभावित परिवारहरु भेट्न जाँदा पहिला आफ्नो सुरक्षा गर्न भनिएको थियो तर कुनै ठाउँमा जान यातायात वा सवारी उपलब्ध गराउने, सुरक्षाका औजार वा विपद्पछि मानसिक परामर्श दिने जस्ता सुरक्षाको प्रत्याभूति हुने काम भने गरिएन ।

**भूकम्पपछि वा अघि तपाईंको सञ्चार गृहले विपद् रिपोर्टिङ तालिम वा पत्रकारको सुरक्षासम्बन्धी तालिम आयोजना गरेको थियो ?**

थिएन । मेरो सञ्चार गृहले मात्रै होइन, मलाई लाग्छ नेपालका कुनै पनि सञ्चार गृहले गरेका छैनन् ।

**बाढी र पहिरोका कारण हुने जनधनको ठूलो क्षतिबाट नेपाल प्रताडित हुने क्रम निरन्तर छ । २०१५ देखि हालसम्म सञ्चार माध्यमको विपद् रिपोर्टिङ वा सामनाको पूर्वतयारीलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

माथि भनिएजस्तै विपद्को विषयमा हाम्रो रिपोर्टिङ र नीतिगत तहको हस्तक्षेप विपद्पछि मात्रै केन्द्रित हुन्छ र यो पूर्वतयारीमा आधारित भन्दा पनि तत्काल सामना गर्ने खालको छ । अधिकांश सञ्चार माध्यमले यो विपद् कसरी भयो र यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनी बृहत परिदृश्य उपलब्ध गराउनुको सट्टा कति मरे र कति क्षति भयो भन्ने जस्ता घटना प्रधान सामाचार दिए । २०१५ को भूकम्पको कुरा गर्दा राष्ट्रिय भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले ठूलो भूकम्प आयो भने कस्तो र कति क्षति हुन्छ भन्ने अध्ययन प्रतिवेदन पनि तयार पारेको थियो तर सम्भावित चुनौतीलाई हामीले कहिल्यै अनुभूत गरेनौं वा भनौं चेतावनीलाई हामीले वेवास्ता गऱ्यौं र हाम्रो पूर्वतयारी लगभग शून्य थियो । जब ठूलो भूकम्प आयो तब सबै अत्तालिए, सञ्चार क्षेत्र पनि यसबाट अछुतो थिएन । पूर्वतयारीको अवस्था लगभग शून्य थियो ।

२०१५ को भूकम्पपछि, सचेतना र मिडियाले विपद् तथा पूर्वतयारीलाई दिने चासो सुधारोन्मुख छ । मृत्यु र क्षतिको मात्रै नभएर विपद् पूर्वतयारीको विषयमा समाचारहरु बढ्दा छन् । भूकम्प गएको ५ वर्षपछि पनि भत्किएका संरचनाको पुनर्निर्माण र पुनःस्थापनाका नेपाली सञ्चार माध्यममा हेडलाइन बनिरहेका छन् ।

**मिडिया उत्थानशीलताका लागि पत्रकारका रूपमा तपाईं नेपाली सञ्चार माध्यम, नीति निर्माता र प्राज्ञिक क्षेत्रलाई के सुझाव दिन चाहनुहुन्छ ?**

धेरै सञ्चार संस्थासँग पत्रकारको सुरक्षा सम्बोधन गर्ने नीति वा प्रतिबद्धता छैन । आपतकालीन योजनाको तयारी, विपद्को अघि वा पछि सचेतना जगाउन परामर्श वा छलफल, आपत्कालीन सामग्रीहरु प्रदान गर्ने र सबैभन्दा महत्वपूर्ण विपद् रिपोर्टिङ गर्ने पत्रकारलाई मानसिक तथा भावनात्मक सहायतामा ध्यान दिइएको छैन । सञ्चार संस्थासहित सम्बन्धित सरोकारवालाहरूले विपद् उत्थानशील सञ्चार तथा सञ्जाललाई प्राथमिकता दिनुपर्छ ।
नीति निर्माताहरूले पनि नीति निर्माण तथा कार्यक्रम विकासको क्रममा विपद् उत्थानशीलतालाई अंगीकार गर्नु अत्यावश्यक छ, जसले सञ्चार क्षेत्रसहित विभिन्न क्षेत्रको उत्थानशीलता क्षमता निर्माणमा सघाउँछ । नीति निर्माताले विपद् उत्थानशीलताको महत्वको मनन गर्दै यसलाई सबै तहमा लागू गर्नुपर्छ ।

निजी तथा सरकारी संस्थासँगको सहकार्य वा साझेदारीमा प्राज्ञिक क्षेत्रले पनि जनचेतना जगाउने अभियानमा अर्थपूर्ण भूमिका खेल्न सक्छन् । उनीहरूले विपद् जोखिमसँग सम्बन्धित विषयमा ज्ञान उत्पादन, पूर्वतयारी तथा उत्थानशीलता विकास र सर्वसाधारणका लागि जानकारी पहुँचयोग्य बनाउँदै सामुदायिक उत्थानशीलतालाई बलियो बनाउन सघाउन सक्छन् ।



## प्राध्यापक चिरञ्जिवी खनाल

प्रमुख, पत्रकारिता केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

**मिडिया अध्ययनको प्राध्यापकको नाताले नेपालको समकालीन विपद् पत्रकारिताको अभ्यासप्रति तपाईंको भनाइ के छ ?**

विपद्को घटना भएपछि मात्रै लेख्ने नेपाली सञ्चार माध्यमको हालसम्मको सामान्य प्रचलन रहेको छ । पछिल्लो केही महिनामा देशका अधिकांश भागमा बाढी र पहिरोजस्ता विपद् आएको भन्ने विषयमा हामीले पढेका वा सुनेका छौं । हाम्रो सञ्चार माध्यमले विपद् रोकथाम र न्यूनीकरणको विषयमा आक्कलझुक्कल मात्रै कभर गर्छन् । पत्रपत्रिका, सामुदायिक रेडियोहरू, टेलिभिजनले प्रि–मनसुन सुरू हुनुअघि नै जिम्मेवार अधिकारीहरूलाई सरकारको पूर्वतयारीको विषयमा प्रश्न गर्नुपर्थ्यो, जसले सम्बन्धित अधिकारीलाई समयमै महत्वपूर्ण उपाय अवलम्बन गर्न सजग बनाउँथ्यो । मूलधारका सञ्चार माध्यममा विपद् पूर्व रिपोर्टिङ र विश्लेषण छैनन्, जसले समाचार कक्षसँग ठूलो संख्याका जनतालाई विपद्को प्रभावबारे बुझाउने योजना नरहेको देखाउँछ ।

**पत्रकारलाई प्रभावकारी विपद् रिपोर्टिङका लागि तयार पार्न पत्रकारिकता केन्द्रीय विभागको भूमिकालाई तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ ?**

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पत्रकारिता विभागले २०१५ को भूकम्पछि यो विषयलाई उठाइरहेको छ । पत्रकार तथा आमसञ्चार विषयको पाठ्यक्रममा विपद् पत्रकारितालाई समावेश गर्नुपर्छ भन्नेमा हामी प्रस्ट छौं । विश्वविद्यालयले अहिले चारवर्षे स्नातक तहको डिग्री लागू गर्न मानविकी र सामाजिक विज्ञानका पाठ्यक्रमहरू संशोधन गरिरहेको छ । हामीले यसलाई स्नातक तह कार्यक्रममा वातावरणीय रिपोर्टिङ, जलवायु परिवर्तन र विपद् रिपोर्टिङलाई समावेश गर्ने अवसर मानेका छौं ।

केन्द्रीय विभागले एउटा समिति गठन गर्छ, जहाँ हामीले वातावरण विज्ञानका प्राध्यापकलाई पनि राखेर मिडिया अध्ययनका लागि जलवायु परिवर्तन र विपद् सम्बन्धित शब्दावलीहरूलाई सरलीकरण गर्ने योजना बनाएका छौं । मिडिया बिट (क्षेत्रगत विषय) रिपोर्टिङमा केन्द्रित छ तर हामी भने विशेष तथा अनुसन्धानमूलक रिपोर्टिङमा जोड दिँदै छौं । नयाँ पाठ्यक्रममा नेपालले कस्तो खालका विपद् सामना गरिरहेको छ र सञ्चार माध्यमले कसरी समुदाय र जिम्मेवार व्यक्तिलाई पूर्वतयारी गर्न सघाउँछ भन्ने अध्यायन पनि समावेश हुन्छ । पर्यावरण, पारिस्थितिकीय प्रणाली, मानव समाज र जलवायु परिवर्तनजस्ता विषयमा सैद्धान्तिक दृष्टिकोणसहित विद्यार्थीलाई स्थगलत अध्ययनमा पनि समावेश गर्दा उनीहरू मिडियामा काम

गर्न जाँदा अनुभवसहित रिपोर्टिङ गर्न सक्छन् ।

**नेपालको विपद् जोखिम अनुसार विपद् पत्रकारितालाई सुदृढीकरण गर्न सरकार तथा विकास संस्थाहरूको भूमिका कस्तो छ ?**

विपद्को सबै तहमा प्रभावकारी रुपमा काम गर्न सक्ने गरी सञ्चार माध्यमलाई तयार पार्‍यौं भने हाम्रो समुदायहरुलाई पनि विपद्को प्रभावबाट जोगाउन सही तयारी गर्न सक्छौं भन्ने केही मनन् सरोकारवालाहरुबीच भएको छ । भूकम्पपछि यो विषय विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा उठेको छ ।

तर दुःखको कुरा, हामीले सञ्चार जगत वा प्राज्ञिक जगतमा देखिने हस्तक्षेप पाएका छैनौं, बरू अधिकांश ध्येय पुनर्निर्माणमा दिइएको छ, जुन अहिलेसम्म निकै सुस्त गतिमा छ ।

देशमा हरेक वर्ष एकपछि अर्को विपद् भइरहेकाले पत्रकारलाई उनीहरुको सुरक्षाको सुनिश्चितता हुने गरी तालिम दिन सञ्चार तथा प्राज्ञिक क्षेत्रलाई स्रोतसाधन तथा विज्ञहरुको अति ठूलोआवश्यकता छ ।

**त्रिविको केन्द्रीय पत्रकारिता विभागको प्रमुखका रूपमा तपाईंपछि पत्रकार बन्ने आफ्ना विद्यार्थीहरूलाई उनीहरूले पढाइ सकिउन्जेलसम्ममा विपद् रिपोर्टिङसम्बन्धी पर्याप्त ज्ञान पाउँछन् भनेर कसरी आश्वस्त पार्नुहुन्छ ?**

अप्रिलमा मैले युनेस्को, एसिया ब्रोडकास्टिङ युनियन र नेपाल सरकारले संयुक्त रुपमा आयोजना गरेको तीनदिने अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी भएको थिएँ, जुन विभिन्न हिसाबले निकै उपयोगी थियो । हामीले विभिन्न देशका मिडिया प्राध्यापक र विज्ञसँग विचार आदानप्रदान गर्‍यौं । मैले पनि मिडिया अध्ययनमा स्रोतसाधन तथा विज्ञताको विषयमा भएका चुनौतीबारे प्रस्तुति दिने अवसर पाएको थिएँ ।
चार वर्षे स्नातक तहको लागि नयाँ पत्रकारिता पाठ्यक्रमबारे माथि उल्लेख गरिएजस्तो, अन्तर्राष्ट्रिय समुदायसँगको अन्तर्क्रियाले पनि मलाई अघि बढ्नका लागि नयाँ विचार दिएको छ । अहिले पत्रकारिता स्नातकोत्तर तहमा २९० र एमफिलमा ३५ विद्यार्थी छन् । मिडियासम्बन्धी पीएचडीमा १५ विद्यार्थी छन् । त्रिविको सम्बन्धत प्राप्त ८४ कलेजहरुले पत्रकारिता पढाइरहेका कारणले स्नातक तहमा झन् बढी विद्यार्थी छन् । त्यसैले मैले पत्रकारिताका विभिन्न तहमा अहिले रहेका पाठ्यक्रम संशोधनको प्रक्रिया पनि सुरू गर्दै छु ।



**गोविन्द आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासंघ (एफएनजे)

**हरेक वर्ष देशमा हुने विपद्का कारण नेपाली पत्रकारहरू पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन्। विपद् पत्रकारिताको सुदृढीकरण र पत्रकारको सुरक्षाका लागि महासंघको भूमिका के छ ?**

सन् २०१५ यता विपद्बाट प्रभावित पत्रकार र तिनका परिवारको तथ्यांक महासंघले राखेको छ । क्षति पहिचान गरेर हामीले तत्कालै जीविकोपार्जन र औषधी उपचारका लागि सहायता प्रदान गर्दै आएका छौं । महासंघका शाखा करिब सबै सञ्चार गृहमा छन् । तिनले पनि विपद्बाट कुनै पत्रकार प्रभावित भए सम्बन्धित सञ्चार गृहसँग ती पत्रकारलाई आर्थिक सहायता प्रदान गर्न पहल गर्छ ।

तर, हामीलाई यो पर्याप्त नभएको महसुस भएको छ । हाम्रो सानो सहयोगले पीडितलाई केही भए पनि सहज हुन्छ । तर, हामीलाई अझैं राम्रो योजना चाहिन्छ । अहिले पनि सञ्चार गृहसँग आपत्कालीन योजना छैन । 'विपद्को सामना प्रणालीबद्ध शैलीमा होस्' यो उद्देश्यले हामीले यो विषय प्रकाशक र प्रसारकसँग उठाइरहेका छौं ।

विपद्को बेलामा पत्रकार र तिनका उपकरणको सुरक्षा हाम्रो मुख्य चासो हो किनकि ठूला विपद्मा पत्रकारहरू जहिल्यै पनि पहिलो प्रतिक्रियाकर्ता भएका छन् ।

**सरकारको विपद् जोखिम न्यूनीकरण (डीआरआर) प्रक्रियामा पत्रकारहरू कसरी सहभागी भएका छन् ? पछिल्लो चार वर्षमा भएको राम्रा अभ्यासका उदाहरण छन् ?**

डीआरआर नीतिमा सञ्चार माध्यमलाई महत्वपूर्ण सरोकारवाला मानिएको छ । राष्ट्रिय तहमा पत्रकार महासंघका केन्द्रीय अध्यक्ष डीआरआर समितिको सदस्य रहने प्रावधान छ र जिल्लागत तहमा पनि यही हुन्छ ।

हाम्रो चासो के हो भने यो समिति वर्षाको समयमा सबैतिर बाढी र पहिरो गएको घटनापछि मात्रै सक्रिय हुन्छ । डीआरआर संयन्त्र वर्षभरि नै सक्रिय हुनुपर्छ ।

पछिल्ला केही वर्षमा नदी तटबन्धनको नजिक बस्ने समुदायलाई सूचना प्रदान गर्ने पूर्वसूचना प्रणालीमा सुधार आएको छ । मौसम पूर्वानुमान विभाग पनि सामाजिक सञ्जालमा सक्रिय भएर

समयसमयमा अपडेट दिइरहेको हुन्छ । मानिसहरूलाई सचेत रहन आग्रह गर्दै गरिने म्यासेज पठाउन पनि नेपाल दूरसञ्चार प्राधिकरणले राम्रो समन्वय गरिरहेको छ र स्थानीय रेडियोहरूले सूचना प्रदान गरिरहेका छन् । तर यिनले क्षतिलाई अर्थपूर्ण रूपमा कम गरेका छन् भनिसक्ने बेला भएको छैन । यो वर्ष मात्रै अगस्टको अन्त्यसम्ममा बाढी र पहिरोका कारण १३३ जनाको ज्यान गएको छ ।

त्यसकारण हामीले सरकारसँग डीआरआर संयन्त्रलाई बढी सक्रिय बनाउन र सरकारको हरेक तहमा विपद् रोकथाम तथा न्यूनीकरणको हरेक चरणमा पत्रकारको सहभागिता सुनिश्चित गर्न माग गरिरहेका छौं ।

**सञ्चार उत्थानशीलता निर्माणका लागि महासंघको योजनामा के छ ?**

विशेषगरी द्वन्द्व, गैरद्वन्द्व र विपद्को अवस्थामा पत्रकारका लागि हामीले सुरक्षा नीतिको मस्यौदा तयार पारेका छौं । यो वर्ष हामीले युनेस्कोको सञ्चार विकासका लागि कार्यक्रम (आईपीडीसी) बाट पत्रकारको सुरक्षा निर्देशिका तयार पार्न परियोजना प्राप्त गरेका छौं ।

पत्रकारलाई रहेको सुरक्षा चुनौती पत्ता लगाउन देशभरका केही सञ्चार माध्यमको अध्ययन गर्नेछौं । अध्ययनले विपद् सम्बन्धित सुरक्षा चुनौतीलाई पनि समावेश गर्छ । प्राप्त सुझावका आधारमा सुरक्षा निर्देशिका लागू हुन्छ ।

अध्याय ५

# सुझाव र स्रोतहरु

यो पुस्तकको उद्देश्य नेपालमा विपद् सञ्चार परिदृश्यलाई सुदृढीकरण गर्ने प्रयासलाई सघाउनु हो । यसका लागि पुस्तकले पत्रकार, सञ्चार शिक्षक र सञ्चार गृहका लागि अनुसन्धानमा आधारित तथ्यसहित कार्यान्वयन गर्न सकिने खालको ज्ञान र व्यावहारिक समाधान प्रस्तुत गर्न खोजेको छ । यो अन्तिम खण्डमा हामीले नेपालसँग सान्दर्भिक हुने विपद् उत्थानशीलता सुधारका लागि थप सुझावको खाका प्रस्तुत गरेका छौं, जुन नेपालजस्तै विपद् संवेदनशील भएका मुलुकलाई पनि आवश्यक हुन्छ । पत्रकारको भौतिक सुरक्षा सुनिश्चितता बाहेक पनि सञ्चार गृहले विपद्पछिको प्रभावकारी समाचार रणनीति कार्यान्वयन गरिराख्नु जरूरी हुन्छ । यसका लागि यो खण्डले राष्ट्रिय र स्थानीय तहमा गर्नुपर्ने शृंखलाबद्ध कामका सुझावहरु प्रस्तुत गरेको छ । साथै विपद् पत्रकारलाई आवश्यक पर्ने प्रमुख स्रोतहरु पनि उपलब्ध गराइएको छ ।

जोखिम न्यूनीकरणसँग सम्बन्धित रहेर समाचार माध्यमले विपद् व्यवस्थापन र जनचेतना अभियानका लागि महत्वपूर्ण भूमिका खेल्छन् । त्यसकारण उत्थानशीलता विपद् परेको बेलामा भौतिक वा सम्पादकीय हिसाबले तयारी अवस्थामा रहनु मात्रै होइन बरू व्यावहारिक परिवर्तनका लागि जोखिम न्यूनीकरण तथा विपद् सम्बोधनको ज्ञान सुधारमा योगदान गर्नु पनि हो । पत्रकारले जलवायु परिवर्तन, बाढी, पहिरो, आगलागी, आँधी, भूकम्प र अन्य विपद्सम्बन्धी जनचेतनामूलक कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशन गर्नुपर्छ । यस्ता सामग्रीले त्यस्ता विपद्हरु कहिले र कसरी हुन्छन्, साथै त्यस्तो बेलामा जनधनको क्षति कम कसरी गर्न सकिन्छ भन्ने बुझाइ प्रवर्द्धन गर्नुपर्छ ।

## पत्रकारको उत्थानशीलता निर्माण

१. **व्यक्तिगत सुरक्षा र व्यावसायिक सञ्चालन आपत्कालीन योजना ।** सबै पत्रकारले व्यक्तिगत सुरक्षा र भूकम्प सर्भाइभल सामान, अतिरिक्त फोन/ल्यापटपका लागि अतिरिक्त ब्याट्री, विद्युत् आपूर्ति नहुञ्जेलका लागि विद्युत् जेनेरेटजस्ता व्यावसायिक आकस्मिकता दुवैबारे विचार गर्नुपर्छ ।

२. **विभिन्न विपद् परिदृश्यका लागि सम्बन्धित सम्पर्क कायम राख्ने र तयारी गर्ने ।** पत्रकारले कुनै विपद् हुनुअघि नै विपद् व्यवस्थापन विज्ञको सम्पर्क सूची तयार पार्नुपर्छ । यस्ता सूचीमा सहरी जोखिम, पूर्वसूचना प्रणाली, जलवायु परिवर्तन, वातावरण, स्वास्थ्य, विकास र लैंगिक समावेशिताका विज्ञका साथै विपद् जोखिम क्षेत्र सम्बन्धित सन्दर्भ सामग्रीहरु हुन सक्छन् ।

३. **सन्बन्धित निकायसँग सम्पर्क कामय** । मौसम पूर्वानुमान विभाग, पानीजन्य जोखिम न्यूनीकरण विभाग, विपद् रोकथाम डिभिजन (गृह मन्त्रालयअन्तर्गत), विपद् व्यवस्थापन निकाय, सुरक्षा निकाय र उद्धार, राहत तथा पुनःर्स्थापनाका लागि कार्यरत संघसंस्थाहरु जानकारीका महत्वपूर्ण स्रोतहरु हुन् । विपद्सम्बन्धी तथ्यहरु नियमित रुपमा अपडेट गर्ने र त्यस्ता अधिकारीसँग सम्पर्क कायम राख्नु महत्वपूर्ण छ ।

४. **विपद् संवेदनशील क्षेत्र पहिचान र आपत्कालीन परिदृश्यका लागि आवश्यक औजार तथा सामग्रीको स्टक कायम राख्नु** । पत्रकार र समाचार कक्षले पूर्वतयारीको अवस्थालाई निरन्तर कायम राख्नुपर्छ, जसमा विपद् प्रतिक्रिया कार्यतालिकाको नियमित समीक्षा र व्यवस्थापन योजना पर्छन् ।

५. **पत्रकारका लागि विपद्सँग सामनाबारे गर्ने नियमित तालिम** । आपत्कालीन अवस्थामा गर्नुपर्ने कामको अभिनय गराएर वा कृत्रिम रुपमा त्यस्तै परिस्थिति सिर्जना कम्तीमा वार्षिक रुपमा गर्न सकिन्छ । यसले जोखिम न्यूनीकरण औजारलाई काल्पनिक वा प्रयोग गर्नु नपर्ने खालको सामग्रीका रुपमा हेर्ने दृष्टिकोणलाई बदल्न सकिन्छ ।

६. **विपद् जोखिम न्यूनीकरण, योजना र रणनीतिमा सरकारको कदमबारे सञ्चार गृहभित्र नियमित छलफल** । उपयुक्त कदम चालिएको छ कि छैन भनेर मूल्यांकन गर्ने र जनतालाई त्यस्ता कदमबारे जानकारी दिने पत्रकारको जिम्मेवारी हुन्छ ।

७. **प्रभावित क्षेत्रमा सेना वा सहायता पुर्‍याउने निकायको साथ लागेर जाने (इम्बेडेड) पत्रकारको लागि निर्देशिकाको विकास** ।

८. **समाचार कक्षका लागि वैकल्पिक स्थान वा तालिका स्थापना** । सन् २०१५ को भूकम्पलगत्तै समाचार कक्षलाई निरन्तरता दिन विभिन्न नवीन शैली देखिए । यसलाई आपत्कालीन समाधानका रुपमा विकास गर्न सकिन्छ- जस्तै अस्थायी समाचार कक्ष वा स्रोतसाधनको बाँडफाँट ।

९. **जोखिम न्यूनीकरण साझेदारी** । एक वा एकभन्दा बढी विपद्का कारण प्रभावित भएमा समाचार गृहले एक अर्काको स्रोतसाधनहरु प्रयोग गर्नका लागि सहमति पनि गर्न सक्छन् ।

## समाचार अनुसन्धानका लागि क्षमता वृद्धि

**१. विपद् अवस्थाको सामना गर्न सम्पादकीय रणनीति निर्माणमा यी पक्षहरू समावेश हुनुपर्छ :**

④ विभिन्न जोखिम परिदृश्य (सानादेखि समाचार कक्ष वा उत्पादन सुविधा नै क्षति हुनेसम्मका प्रभाव) र ती प्रत्येक अवस्थाका लागि सञ्चालन उपाय ।

④ विपद् अवस्थामा विचार गर्नुपर्ने पूर्व सहमत क्षेत्र (सान्दर्भिक विषय, उठाउनुपर्ने प्रश्न इत्यादि) । कुनै पनि विपद् लगत्तै तनावग्रस्त अवस्था हुने हुँदा यो महत्वपूर्ण छ ।

**२. विपद्पछि प्रमुख प्रश्नहरू कसरी उठान गर्ने विषयमा केन्द्रित रही पत्रकारका लागि क्षमता अभिवृद्धि कार्यशाला** (भौतिक सुरक्षा र चुनौतीको सामना कसरी गर्ने भनेर मात्रै होइन) ।

यसलाई एकपटकका लागि मात्रै सोच्नेभन्दा पनि नियमित अपडेट गर्नुपर्ने र निरन्तर व्यावसायिक विकास आवश्यकता ठान्नुपर्छ । यसमा यी पक्षहरू समावेश गर्न सकिन्छ :

④ विपद् व्यवस्थापनमा सञ्चार माध्यमको भूमिका बुझ्ने

④ भूकम्पसम्बन्धी तथ्यांक जानकारी राख्ने, विपद्को चक्र बुझ्ने, कसलाई कुन प्रश्न सोध्ने भनेर तयारी अवस्थामा रहने र उनीहरूको नियमित रिपोर्टिङ क्षेत्रभन्दा बृहत् सन्दर्भमा संलग्न रहने ।

④ संवेदनशील विषयसँग साक्षात्कार र जोखिममा रहेका मानिस र पीडितहरूसँग कसरी अन्तर्वार्ता गर्ने साथै सहायता गर्ने निकायको उद्देश्य र आवश्यकता बुझ्ने अनि त्यस्तो अवस्थाका लागि निर्देशिका विकास गर्ने । यसमा विपद् रिपोर्टिङको पात्र भएकामा उनीहरूको अनुभव बुझ्ने गरी एनजीओ र पीडित सहायता समूहसँग संलग्नतालाई पनि समावेश गर्नुपर्छ ।

④ विपद् जोखिम न्यूनीकरणमा समुदायको ज्ञान र सीपको प्रवर्द्धन ।

④ विपद् रोकथाम मापनबारे कसरी सोधखोज गर्ने भनी सिक्ने र प्रभाव तथा पुनःस्थापनाको चरणबाट कसरी पाठ सिक्न सकिन्छ साथै पहिला भएका (आन्तरिक वा विदेशी) विपद् घटनाबाट कस्तो पाठ सिकिएको छ भन्ने जानकारी राख्ने ।

④ पीडितबारेको पत्रकारिता उत्पादनमूलक शैलीमा कसरी दीर्घकालीन रूपमा गर्न सकिन्छ भनेर उपाय खोज्ने (वार्षिकोत्सवको अवसरभन्दा फरक)

**३. विपद्पछिको विषयमा अनुसन्धान गर्न विशेष पत्रकारिता सीपका लागि तालिम** । यसमा समावेश गर्न सकिने पक्षहरू :

④ अनुसन्धानमूलक रिपोर्टिङ

④ ठूला तथ्यांक भण्डारको अनुसन्धान गर्ने तरिका- उदाहरणका लागि– सहायता वितरण वा वित्तीय तथ्यांक वा अपराध तथ्यांक ।

④ पाठक/दर्शकलाई त्यस्ता समाचारमा आकर्षित गर्ने नयाँ तरिका (चित्रांकन, अन्तर्क्रियात्मक वा नयाँ शैली निर्माण)

४. **विपद् सम्बन्धित जानकारीको नियमित तथ्यजाँच र प्रमाणीकरण तालिका स्थापना र जानकारी पुस्ट्याइँ गर्ने अन्य संघसंस्था** (स्थानीय वा अन्तर्राष्ट्रिय) सँग संलग्नता । यस्तो बेलामा आधिकारिक स्रोतसँग संलग्न हुनुपर्ने भए पनि राष्ट्रिय संस्था वा सरकारको कमजोर सञ्चालन वा जानकारी नभएको अवस्थाका लागि पत्रकारले स्वतन्त्र रणनीति विकास गर्नुपर्छ । बाँडिएको र संख्यात्मक जानकारीमा सीमित हुनुहुन्न र पीडितलाई कम प्रभाव होस् भन्नका हेतु पत्रकारले जानकारी बाँड्ने विषयमा पनि सोच्नुपर्छ ।

## भविष्यका लागि उत्थानशीलता निर्माण

१. **समाचार कक्ष र पत्रकार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण योजनाको अभिन्न हुनुपर्छ** । सञ्चार संस्था र सरकारी निकाय, आपत्कालीन सेवा, एनजीओ इत्यादिबीच जानकारी प्रवाहको हिसाबले जिम्मेवारीको क्षेत्र र सञ्चारमा सहमति आवश्यक छ । सञ्चार संस्था (प्रत्यक्ष वा छाता संगठनमार्फत) ले आपत्कालीन व्यवस्थापन निकायसँग साझेदारी स्थापना गर्नुपर्छ र जानकारी प्रवाहलाई केन्द्रीय भूमिकामा राख्दै विपद् व्यवस्थापन प्रक्रियामा सहभागी हुनुपर्छ ।

२. **विपद् उत्थानशीलता र प्रतिकार्यका लागि अनुभव र राम्रा अभ्यास आदानप्रदानका लागि साझेदारीमूलक मिडिया सञ्जालको स्थापना** । पत्रकारिता महासंघ वा एसोसिएसनले खेल्न सक्ने भूमिका यहाँ हुन्छ, साथै पत्रकार र समाचार कक्षहरूबीच प्रत्यक्ष अन्तर्क्रिया पनि महत्वपूर्ण हुन्छ । यस्तो सञ्जालमा विपद् व्यवस्थापनकर्मी र नेपालमा भएको भूकम्प मापन केन्द्रजस्ता विशेषज्ञ संघसंस्था पनि समावेश हुनुपर्छ । युनेस्को वा यस्तै खालका अन्तरसरकारी संस्थाहरूसँग अन्तर्राष्ट्रिय समन्वय पनि गरिनुपर्छ ।

३. **व्यक्तिगत आघात अनुभूति गरिरहेका पत्रकारका लागि साथी-सहायता सञ्जालको स्थापना** । अहिले भइरहेको उपयुक्त अभ्यासलाई भित्र्याउन राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँगको साझेदारीमा यस्तो सञ्जाल स्थापना गर्न सकिन्छ ।

४. **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा कार्यक्रमको नियमित रिपोर्टिङ र प्रवर्द्धनमा संलग्नता** । यसले रोकथाम मापन, उत्थानशीलता सहायताको काम गर्छ ।

५. **युनेस्कोजस्ता अन्तर्राष्ट्रिय सञ्जाल वा संस्थासँगको सहकार्यमा नेपाली पत्रकारको लागि विपद्पछिको पत्रकारिता क्षमता निर्माण तालिम** र निर्देशिका बृहत् र निरन्तर रूपमा प्रवाह गर्न एउटा प्रणालीका स्थापना ।

६. **शैक्षिक हस्तक्षेप विकास** (उदाहरणका लागि नमुना पाठ्यक्रम, सिकाइ सामग्री र रणनीति) । नेपालका सबै तहमा पत्रकारिता शिक्षा सुनिश्चित गर्न यसलाई प्रयोग गर्न सकिन्छ, जसमा विपद् प्रभाव र पुनःस्थापना समावेश हुन्छ र भविष्यमा पत्रकार बन्नेहरू विपद् परिदृश्यमा भौतिक र रिपोर्टिङ चुनौतीका लागि पोख्त हुन्छन् भन्ने सुनिश्चित गर्छ ।



भूकम्पको ४ वर्ष पछि पनि क्षतिग्रस्त अवस्थामा रहेको भक्तपुरस्थित एक भवन ।

*तस्विर : निर्जना शर्मा*

प्रमुख स्रोतहरू :

राष्ट्रिय पत्रकारिता संस्था तथा सञ्जाल
राष्ट्रिय भूकम्प मापन केन्द्र नेपाल
http://www.seismonepal.gov.np

प्रेस काउन्सिल नेपाल
http://www.presscouncilnepal.org/en/

नेपाल पत्रकार महासंघ
http://www.fnjnepal.org/en

नेपाल पत्रकार संघ
http://nja.org.np

नेपाल प्रेस इन्स्टिच्युट
http://www.nepalpressinstitute.org.np/

नेसनल युनियन अफ जर्नालिस्ट, नेपाल
nujnepal@gmail.com

नेपाल प्रेस युनियन
http://www.nepalpressunion.org.np/ne/

खोज पत्रकारिता केन्द्र नेपाल
https://cijnepal.org.np

फोटोपत्रकार क्लब, नेपाल
https://pjclub.com.np/

सञ्चारिका समूह-महिला पत्रकार तथा सञ्चारकको मञ्च
http://www.sancharika.org

सक्रिय महिला पत्रकार (डब्ल्यूडब्ल्यूजे)
http://wwj.org.np

## अन्तर्राष्ट्रिय संस्था तथा सञ्जाल

**अन्तर्राष्ट्रिय पत्रकार महासंघ** http://www.ifj.org/

**दक्षिण एसियाली सञ्चार सद्भाव सञ्जाल (एसएएमएसएन)**
https://samsn.ifj.org

**नेपाल पत्रकार महासंघ, बेलायत**
http://fnjuk.org

**रिपोर्टर्स विदाउट बोर्डर्स**
https://rsf.org/en

**डार्ट सेन्टर अफ जर्नालिज्म एन्ड ट्रमा**
https://dartcenter.org/

**युनेस्को कार्यालय काठमडौं**
http://www.unesco.org/new/en/kathmandu/

## पत्रकारको लागि निर्देशिका तथा व्यवहारिक स्रोतहरु

**विपद् प्रभावित समुदायमा द्वन्द्वको कभरेज :** पत्रकारको लागि एक मार्गदर्शन (सीडीएसी)
http://www.cdacnetwork.org/contentAsset/raw-data/f504295f-6287-4867-bbb8-fd060a4c8232/attachedFile

**कभरिङ रिकभरी :** प्रमुख विपद्को तयारीका चुनौतीहरु (डार्ट सेन्टर)
https://dartcenter.org/resources/covering-recovery-challenges-preparing-major-disasters

**जलवायु परिवर्तन र विपद् रिपोर्टिङ औजार (पब्लिक मिडिया एलायन्स)**
https://www.publicmediaalliance.org/tools/climate-change-tools/

**विपद् र संकट कभरेज :** पत्रकारको लागि मार्गदर्शन (इन्टरनेसनल सेन्टर फर जर्नालिस्ट)

https://www.rcmediafreedom.eu/Publications/Manuals/Disaster-and-Crisis-Coverage-a-manual-for-journalists

**नेपाल विपद् व्यवस्थापन सन्दर्भ पुस्तिका (रिलिफ वेब)**
https://reliefweb.int/sites/reliefweb.int/files/resources/disaster-mgmt-ref-hdbk-2012-nepal.pdf
**विपद् र विपद् पूर्वतयारी :** व्यावहारिक स्रोत पुस्तिका (स्टार्ट नेटवर्क)
https://start-network.app.box
com/s/ciydwvi0avcninmxjfda0d31oa18dha8

**विपद्मा रिपोर्टिङ :** एन्ड्र्यु हार्डिङ (बीबीसी)
http://www.bbc.co.uk/academy/journalism/skills/reporting/article/art20

विपद्को बेलामा रिपोर्टिङ (अर्थ जर्नालिज्म नेटवर्क, २०१६)
https://earthjournalism.net/resources/reporting-on-disasters

**आरटीडीएनए निर्देशिका :** हुरिकेन र अन्य प्राकृतिक विपद्
https://rtdna.org/content/guidelines_for_hurricanes_and_other_natural_disasters

**आघात र पत्रकारिता :** पत्रकार, सम्पादक र व्यवस्थापकको लागि मार्गनिर्देश (डार्ट सेन्टर)
https://dartcenter.org/sites/default/files/DCE_JournoTraumaHandbook.pdf

**'गेटिङ दी म्यासेज एक्रोस'** (Getting the Message Across)
एसिया र प्यासिफिकमा जलवायू परिवर्तन र दीगो विकासमा रिपोर्टिङ : पत्रकारको लागि हातेपुस्तिका https://en.unesco.org/getting-the-message-across

**विपद् रिपोर्टिङ**
https://unesdoc.unesco.org/ark:/48223/pf0000244830.locale=en



अस्थायी संरचनामा बसेर काम गर्दै नेपाल रिपब्लिक मिडियाका पत्रकारहरू ।

*तस्विर : कमल परियार*

# लेखकहरू

**चिन्दु श्रीधरण** बर्नमाउथ विश्वविद्यालयका पत्रकारिताका प्रिन्सिपल एकेडेमिक हुन् । मानव अवधिकार अवस्था र सीमान्तकृत समूहका सशक्तिकरण गर्न माध्यमको रूपमा कथावाचनमा रूचि भएका उनी पूर्वपत्रकार हुन् । उनको अनुसन्धान संकट र विपद्पछिको समाचार संकलनदेखि सामाजिक सञ्जालमा पत्रकारिता साथै गैरद्वन्द्वात्मक शैलीको उदाउँदो तरिकाजस्ता 'असामान्य पत्रकारिता' मा केन्द्रित छ । उनी बलात्कारविरूद्ध मिडिया एक्सन (एमएएआर) का सहप्रिन्सिपल अनुसन्धानकर्मी हुन् । उनी *@chindu* बाट ट्वीट गर्छन् र उनलाई *csreedharan@bournemouth.ac.uk* मा इमेल गर्न सकिन्छ ।

**इनर थोर्सन** बर्नमाउथ विश्वविद्यालयका मिडिया एन्ड कम्युनिकेसन संकायका अनुसन्धान तथा व्यावसायिक अभ्यासका सहायक डिनका साथै सहायक पत्रकारिता तथा सञ्चार विषयका सहायक प्राध्यापक हुन् । उनको अनुसन्धान अनलाइन पत्रकारिता, नागरिकको आवाज तथा संकट र नीति परिवर्तनसम्बन्धी समाचार संकलनको विषयमा–विशेष गरी पत्रकार, जाखिममा रहेका मानिसहरू, सीमान्तकृत समुदायको अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, मानव अधिकार र नागरिक अधिकार र यस्ता अधिकार कुण्ठित भएका छन् त्यस्ता सन्दर्भमा– केन्द्रित छन् । उनले *@einarthorsen* बाट ट्वीट गर्छन् र उनलाई *ethorsen@bournemouth.ac.uk* मा इमेल गर्न सकिन्छ ।

**निर्जना शर्मा** काठमाडौंस्थित युनेस्कोको कार्यालयमा सन् २०१६ यता सञ्चार इकाई प्रमुख छिन् । नेपाली सञ्चार माध्यमले सामना गरेको अप्ठेरो अवस्था र राजनीतिक संकटको बेलामा भएको अस्थिरताको समय साथै प्राकृतिक विपद्को बेलामा आफूले गरेको पत्रकारिताको अनुभव, नेपालमा मिडिया विकासको आवश्यकता सम्बोधन गर्ने गरी कार्यक्रम डिजाइन गर्नका लागि

उनी युनेस्को कार्यालयमा भित्रिएकी छन् । उनी सन् २०१० देखि २०१२ सम्म दि काठमाडौं पोस्टकी संवाददाता थिइन् भने २०१२ देखि २०१६ को सुरूवाती समयसम्म रिपब्लिकाकी संवाददाता थिइन् । उनी *@NirjanaSharma* बाट ट्वीट गर्छिन् र उनलाई *ni.sharma@unesco.org* मा इमेल गर्न सकिन्छ ।